CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्म - सन्देश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हार्दिक अभिवादन

—★—

नव वर्षको पुनीत उपलक्ष्यमा उत्थानोन्मुख नेपालका महान् कर्णधार राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव तथा श्रद्धेया साम्राज्ञी श्री ५ ऐश्वर्य राज्य लक्ष्मी देवी शाहका जुनाफमा सभक्ति हार्दिक अभिवादन चढाउँछौं।

साथै

अधिराज्य भित्रका र वाहिरका समेत समस्त नेपाली बन्धुहरूमा नव वर्षको यस सुखद उपलक्ष्यमा हाम्रो आन्तरिक मङ्गल कामना छ।

—धर्मसन्देश परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नं० १८५

श्री ५ को सरकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नं० ११५

धर्मो विश्वस्य जगतः प्रतिष्ठा

धर्म सन्देश

वर्ष १ ⊛ श्री राम नवमी र नव वर्ष २०२६ ⊛ अंक १

सम्पादक:–

प्रा. खेमराज 'केशवशरण'

सम्पादक मण्डल:–

प्रा. चेतोनाथ आचार्य
प्रा. ऋषिराम पोखरेल
श्री प्रदीपनाथ शर्मा

प्रकाशक:–
सनातनधर्म सेवासमिति
काठमाडौं, नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"मानव ! तिमीभित्र एउटा महत्तम स्वर्गीय सत्ता विराजमान छ, तर तिम्रो मन सधैं वाहिरका विषयहरूतिर दगुरेर अशान्त भइरहेछ। फर्क भित्रतिर अनि आफ्नो महान् आत्मसत्तलाई वुझ। जव तिमी त्यस मधुरतम र महत्तम आत्मसत्तालाई भेट्नेछौ, तिमीलाई संसारको मीठोभन्दा मीठो सङ्गीत पनि तिमीलाई प्रिय लाग्ने छैन।"

—स्वामी रामतीर्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नं० १०५

भगवान श्रीरामका केही सार्वभौम सन्देशहरू:-

निर्मर्यादस्तु पुरुषः पापाचारसमन्वितः
मानं न लभते सत्सु भिन्नचारित्रदर्शनः ॥

अर्थ:- लोककल्याणको निमित्त अनिवार्य रूपले पालन गर्नु पर्ने मर्यादाहरूलाई जसले तोडदछ, जो लोकहितका विरुध्द स्वार्थपूर्ण पापकृत्यमा लाग्दछ, जसले सच्चरित्रताको अपमान गर्दछ, त्यस्तो व्यक्तिले सज्जनहरूको बीचमा कहिल्यै पनि सम्मान पाउँदैन ।

कुलीनमकुलीनं वा वीरं पुरुषमानिनम्
चारित्रमेव व्याख्याति शुचिं वा यदि वाऽशुचिम् ॥

अर्थ:- मानिस आफूलाई जतिसुकै वीर पुरुषार्थी मानोस् ऊ कुलीन हो वा अकुलीन हो र पवित्र हो वा अपवित्र हो भन्ने कुरा उसको चरित्रले नै स्पष्ट रूपले बताउँछ ।

(वा० रा० अयो० १०९।३—४)

असत्यसन्धस्य सतश्चलस्यास्थिरचेतसः
नैव देवा न पितरः प्रतीच्छन्तीति नः श्रुतम् ।

अर्थ:- हामीहरूले सुनेका छौं कि आफ्नो प्रतिज्ञा पूरा नगर्ने, चञ्चल र अस्थिर मनोवृत्ति हुने पुरुषप्रति न देवताहरू न त पितृहरू नै आशावान् रहन सक्तछन् अर्थात् त्यस्ताबाट कुनै पनि गर्व गर्न लायक उत्तम कार्यको आशा रहँदैन ।

(वा० रा० अयो० २।२२ – २३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ध्येय-चिन्तन

नायमात्मा प्रवचनेन लभ्यो न मेधया न बहुना श्रुतेन
यमेवैष वृणुते तेन लभ्य स्तस्यैष आत्मा विवृणुते तनुं स्वाम् ॥

अर्थः- मानवभित्र समस्त चेतनताको आधार बनेर रहने आत्म-तत्त्वलाई न प्रवचनबाट प्राप्त गर्न सकिन्छ, न तीक्ष्ण बुद्धि वा अध्ययनबाट प्राप्त धेरै ज्ञानले नै पाउन सकिन्छ । आत्मसाधनाद्वारा नजिक आइपुगेको लक्ष्यनिष्ठ साधकलाई स्वयं आत्माले वरण गर्दछ, उसैलेमात्र त्यस चिन्मय आत्मतत्त्वलाई प्राप्त गर्न सक्तछ। त्यस्ताको सामु आत्माले आफुलाई स्वयं साक्षात्कार गराइदिन्छ ।

नाविरतो दुश्चरितान् नाशान्तो नासमाहितः
नाशान्तमानसो वापि प्रज्ञानेनैनमाप्नुयात् ॥

अर्थः- जो खराब आचरणबाट मुक्त छैन, जो धैर्यशाली र सुस्थिर निश्चयवाला छैन अथवा जसको मनमा अशान्तिले वास गरिरहन्छ, त्यस्ताले होइन किन्तु चारित्रिक पवित्रता र ध्येयनिष्ठापूर्ण आत्मसाधनाद्वारा पाइने उच्च कोटिको ज्ञानद्वारा नै कुनै साधकले त्यस महान् आत्मसत्तालाई भेट्न सक्तछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्म-सन्देश एषः

धर्म्मद्वेषं व्युदस्याखिलजनहृदयान्मानवोदारधर्म्मं
व्याख्याय ख्यातकीर्त्तेः प्रविततहिमवत्खण्डतोऽखण्डधर्म्मात् ।
अध्यात्मद्रु प्रशाखानिखिलफलनमद्धर्म्मसन्देश एष
देशे देशे विशेषाद् दिशतु सुविशदं धर्म्मसन्देशमुच्चैः ।१।

—योगी नरहरिनाथः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मत-सम्मत:-

श्री सम्पादक,

धर्म सन्देश,

भद्रकाली, काठमाडौं ।

महोदय,

सनातन धर्म सेवा समितिबाट प्रकाशित "धर्म-सन्देश" पत्रिका प्राप्त भयो । पत्रिकामा संकलित लेख-रचनाहरू विद्वत्तापूर्ण, सारगर्भित छन् । यस पत्रिकाबाट हिन्दू-धर्मको उच्च आदर्श र गौरवलाई अझ बढी व्यापकता र टेवा विभिन्न रूपबाट मिल्ने कुरामा विश्वस्त भएकोछु । पत्रिका पठाई दिनु भएकोमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

धन्यवाद !

माधव ओम् श्रेष्ठ,
प्रिन्सीपल,
लुम्बिनी कलेज,
बुटवल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस अंकको उपहार

नं.			पृष्ठ
१.	रामायण र पाश्चात्य-विचारक	—प्रा. विष्णुराज आत्रेय	१
२.	नामको महिमा	—प्रा. लोकनाथ ढकाल	४
३.	धर्मको मर्म	—श्री सिद्धिबाबू अर्याल	११
४.	प्रेममय जीवन	—खेमराज 'केशवशरण'	१३
५.	अस्पृश्यता, धर्म र प्राचीन शास्त्र	—प्रि. छविलाल पोखरेल	१८
६.	सनातनधर्म र सेवामय जीवन	—श्री होमनाथ उपाध्याय	२३
७.	धर्म र जीवन परस्परमूल्यको खोजमा	—प्रा. गोपीकृष्ण शर्मा	२७
८.	समाधि-निरूपण	—प्रा. शिवगोपाल रिसाल	३०
९.	आचारमूर्ति भगवान् श्रीराम	—प्रा. मधुसूदन रिसाल 'प्रदीप'	३४
१०.	सनातन धर्मतत्त्व	—श्री प्रसाद गौतम	३७
११.	धर्म र त्यसको फल	—श्री ज्ञानेश्वर शास्त्री, काव्यतीर्थ	३९
१२.	अध्यात्मभावना र मानवता	—श्री हरिप्रसाद अर्याल	४१
१३.	श्रीराम	—श्री हेमचन्द्र शर्मा पोखरेल	४४
१४.	२०२८ मा सम्पन्न परिचर्या कार्यक्रम	—प्रा. चेतोनाथ शर्मा आचार्य	४८
१५.	मानव जीवनको दुर्लभता	—श्री हरिप्रसाद पौडेल	५६
१६.	यस्तो किन ?	—प्रा. ऋषिराम पोखरेल	५८
१७.	सम्पादकीय	... ...	६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

— Contents —

No.		Pgs.
1.	A Day with Shree Shivapuri Baba —Prof. Renu Lal Singh	1
2.	I Saw My God on Father's Face —Bindu Nath Pyakuryal	2
3.	An old Tibetan version of the Ramayana —J. W. de Jong	6
4.	SELF-REALIZATION —Pradeep Nath Sharma	25

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रामायण र पाश्चत्य विचारक

प्रा. विष्णुराज आत्रेय

आधुनिक मानवीय प्रवृत्ति सदैव प्रीतिकर वस्तुको अन्वेषणमा लागेको छ। मनुष्य आज सधैं मीठोखाउँ, मसिनो लाउँ र मधुरो सुनु भन्दछ। वस्तुतः यी प्रीतिकर उपभोग द्वारा प्रारम्भमा सन्तुष्टिको आभास मात्र भए।नि यस बाट आत्यन्तिक सुख पाउन सकिँदैन। कारण प्रेयसुख परिणामतः दुःख, उद्विग्न तथा नैराश्य प्रद हुन्छ।

अतः हाम्रो सनातनधर्म र संस्कृति भौतिक विषय तिर मात्र नलागेर मानवमात्र लाई आध्या त्मिक विषय तिर पनि लाग्ने प्रेरणा दिन्छन्। यही मार्ग श्रेयस्कर मार्ग हो र यसैद्वारा मानवले आफ्नो चिरन्तन कल्याण गर्न सक्दछ।

आजको मानवीय प्रवृत्ति श्रेयोमार्गको अनुसरण गर्दैन, किनभने एक त उसलाई मोक्ष कैवल्य र ब्रह्मजस्ता अतीन्द्रिय विषयमा विश्वास छैन, दोस्रो यो आध्यात्मिकमार्ग यम, नियम, प्रणायाम जस्ता कष्टसाध्य उपाय द्वारा मात्र प्राप्त गर्न सकिने हुनाले आज यान्त्रिक पराधीनताग्रस्त मानवप्रवृति यस श्रेयोमार्ग पछिलाग्न नै सक्दैन। त्यसैले आज आवश्यकता छ त्यस्तो शास्त्रको, आज उपादेयता छ त्यस्ता साधनको जस द्वारा प्रेयोमार्गको अनुसरण गर्दा गर्दैं पनि श्रेयोमार्ग प्रशस्त होस्। अर्को शब्दमा आज त्यस्तो शास्त्रको उपादेयता छ जस द्वारा मानवले ऐहलौकिक र पारलौकिक दुबै थरीसुख प्रप्त गर्न सकोस्।

यसै उद्देश्यको पूर्तिका निम्ति भगवान आफ्नो "सम्भवामि युगे युगे" को प्रतिज्ञानुरूप स्वयं राम भएर अवतीर्ण हुनु भएको छ। आज त्यसै हुनाले रामायण नै मानवमात्रको ऐहलौकिक एवं पारलौकिक उभयहित साधक नानापुराण निगमागम सम्मत शास्त्रसिद्धभएको छ। के हिन्दु, के इसाई, के यहूदी विश्वका समस्त आबा-लवृद्धमा यो रामायण लोक-प्रिय हुन पुगेको छ।

रामायण द्वारा प्रतिपाद्यतत्त्व राम हो र नैयायिकका घट घटमा, वेदान्तीका ब्रह्म, साहित्यकका सुन्दरतामा र वैयाकरणका स्फोटमा समेत यही राम व्याप्त छ। सुध्युपास्यः को श्रेय अर्थात् निवृत्तिमार्ग र कुरुन् करणे को प्रेय अर्थात् प्रवृत्तिमार्ग पनि यहीहो। यही हो महाभाष्यकार पतञ्जलिको स्वर्ग मर्त्य दुबै-लोकमा काम दिने हुनाले राम्ररी जान्नु र बुझ्नु पर्ने "एकः शब्द" को संकेत।

रामको सर्वव्यापकतालाई सन्त तुलसीले यसरी व्यक्त गरेका छन:-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सीय राम-मय सब जग जानी
करउ प्रनाम जोरि जुग पानी

पौरस्त्य विद्वान्हरू कुनै पनि ग्रन्थ वा सिद्धान्त को निर्माता र रचनाकाल भन्दा बढ्ता त्यसको उपादेयतालाई महत्त्व दिन्छन्। यसको विपरीत पश्चिमी पण्डितहरु त्यसको उपादेयता भन्दा बढ्ता रचयिता र रचना कालको छानबीन गर्न पट्टि लागेका हुन्छन्, रामायणका सम्बन्धमा पनि पाश्चात्य विद्वान्को यस्तै प्रवृत्ति देखिन्छ।

रामायणका सम्बन्धमा डा. वेबरले राम कथाको आदिस्रोत बौद्ध दशरथजातकलाई मान्दछन्। एच. जेकोबी र ए.ए. म्याक-डानलले यसको स्रोत वेदलाई नै मानेका छन्, कारण रामायणका 'भरत' आदिको नाउँ वेदमा पाइन्छ। यसै गरी ई० हापकिन्स र डा० बान नेगे ब्यालले रामकथाको आदि स्रोत वैदिक आख्या-यिकालाई नै मानेका छन। डा. कमिल बुल्के ले रामकथाको उत्पत्ति र विकासमा रामकथाको आदिस्रोत वाल्मीकि रामायणलाई मान्दछन्। संसारमा सर्वप्रथम श्लोकबद्ध रचना पनि यसै बेला भएको हो भन्दछन्। यो मत बहुसंख्यक भारतवर्षीय विद्वान्द्वारा पनि अनुमत छ।

यसकोसाथै रामकथालाई अनादि र चिरन्तन मान्नेहरु पनि छन। सत्कार्य र पुनर्जन्मवादी हरू यस सिद्धान्तका नजीक आउँछन्। यिनका मतमा रामकथा कुनै कालविशेषको देन होइन सामान्यतया रामकथाको आदिस्रोत वाल्मीकि-रामायण मान्न सकिन्छ। रामायणका प्रवक्ता वाल्मीकि पनि आजभन्दा पहिले पनि असंख्य भए र पछि पनि असंख्य हुनेछन्। यसकुरालाई "यथापूर्वमकल्पयत्" आदि वेदको प्रमाण दिइन्छ यस सम्बन्धमा स्वयं रामायणकै एउटा प्रसङ्ग उपस्थित गर्नु उपयुक्त होला:—

राजा दशरथले आफ्नो सन्तानका सम्बन्ध-मा मुनिहरुसंग प्रश्नगर्दा त्रिकालदर्शी मुनिले भने राजन्! पूर्वकल्पमा पनि तिमी जस्तै दशरथ नाउँ भएका राजा थिए। उनलाई पनि सन्तान भएका थिएनन्। अतः पुत्रेष्टि यज्ञ गरेर सन्तान प्राप्त भएको हो। अतः तिमी पनि पुत्रेष्टियज्ञ गर अवश्य सन्तान होला। यसरी नै जनक र बुद्धहरु पनि विभिन्न थिए भन्नेकुरा ग्रन्थमा पाइन्छ। तर जेहोस प्रत्येक कल्पमा रामावतार र रामायण रचना भैरहे पनि यसका प्रथम प्रवक्ता आदि-कवि वाल्मीकिलाई नै मान्नु उचित होला।

यति मात्र होइन रामायणको काल सम्बन्धमा पनि ईसापूर्व द्वितीय, तृतीय, चतुर्थ र पञ्चम शताब्दीलाई मान्ने विभिन्न पाश्चात्य विद्वान्हरू छन्।

रामायणलाई कथास्रोत वा रचनाकालको सन्दर्भ विचारगर्ने विद्वान्हरूमा मतैक्य हुन नसके पनि रामायणको महत्त्व र उद्देश्यबारे समस्त पश्चिमी विद्वानको ऐकमत्य छ यसो भन्दा यहाँ अत्युक्त होओइन। तर फरक के छ भने यिनीहरू मध्ये कसैले वाल्मीकीय रामा-यणको अनुवाद गरेका छन व कसैले रामचरित मानसको। त्यसमा पनि बढता अनुवाद चाहिं भाषा रामायणको नै भएको छ। यसमध्ये डा. वेबर जी. जैकोबी, टी. एच. ग्रीफिथ, लुड-विक एवं वारान्निकोव आदि प्रमुख छन्।

यसका साथै अंग्रेजी अनुवाद मध्ये श्री गाउजको "रामायण आफ तुलसीदास" म्याक्सी को 'दि रामायण आफ तुलसीदास" डगलस हिलको "दि होली लेक आफ द एक्टस ऑफ राम" पाश्चात्य जगतमा लोक प्रिय छन्।

पश्चिमी जगत्मा रामायणको परिभाषा यसरी दिइएको छ—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रामचरित आफ्नो विशेषता र पवित्रताको आदर्श स्तर कायम राख्दै उत्तरी भारतका सयकडौं निवासीका लागि एक किसिमको बाइबिल नै भैदिएको छ ।

(ए. ए म्याकडानल]

रामचरितमानस कदाचित उत्तरी भारतका हिन्दुहरूको लागि अत्यन्त प्रचलित ग्रन्थ हो । यसको प्रचार त्यहाँ यति बढ्ता छ जो इङ्गलैण्डका ग्रामीणजनसमाजमा बाइबिलको पनि छैन ।

[ब्रिटानिका कोष]

"भारतमा" रामायणको प्रभाव यहाँको बाइविल भन्दा धेरै छ, भन्नेकुरामा कुनै अत्युक्ति हुने छैन ।"

[सर इलियट]

यसै गरी फ्रेजरले रामायणलाई अकबर उत्तरकालीन विश्वसाहित्यमा सर्व प्रथम स्थान प्राप्तगर्ने मध्येको भन्ने कुरा "एलिट्रेरी हिस्ट्री आफ इण्डिया" मा ब्यक्त गरेका छन् ।

आजको भौतिकवादको गहिरो सागरमा चुर्लुम्म डुबेका पश्चिमी देशका मानिसमा रामायण बारेको यो उत्कृष्ट धारणाले गर्दा हामी सनातन धर्मावलम्बी हिन्दुजनको शिर सहसा गौरवान्वित हुन्छ ।

यति मात्र होइन पश्चिमी मुलुक तिर इंग्लैण्ड र अमेरिकाका ठूल ठूला शहरमा हरिकीर्तन मण्डलीले नाम संकीर्तन गरेको प्रत्यक्ष र चलचित्रद्वारा हेर्न सुन्न पाइन्छ । त्यहाँका साना साना बालकहरू ऊर्ध्वपुण्ड्र, धौत वस्त्र, एवं पीताम्बरी कुर्त्ता लगाएका अयोध्या वा मथुराका बालक झैं भएर हिंड्छन् । आज पश्चिमी नाट्यशालामा बजाइने आरकेस्ट्रामा हरेराम हरे कृष्णको नै लय हुन्छ ।

नेपाल र भारतमा पनि कति विदेशी पर्यटकहरूको रामभक्ति कृष्णभक्ति देखिएको छ । नया सडकको भूगोल पार्कमा वसन्तपुरको तरकारी बजारतिर मौका मौकामा यस्ता भजन मंडलीहरू काठमाडौंमा पनि देखिने गर्दछन् ।

यहाँ विचारणीय कुरा के छ भने यस्ता भक्तहरूको उद्देश्य भजन मात्र नभएर राजनैतिक जासूसी, अफीम चरेसको तस्कर व्यापारी र खुलेआम गाँजा भाङ सेवन गर्ने सहूलियत प्राप्त गर्नु पनि भएको छ । प्रायः हिप्पीहरू आफ्नो अफिक्री र गजेंडीलतले गर्दा पनि कृत्रिम हरिभक्त हुन पुगेका हुन्छन् । तर सबै यस्ता छैनन् जो छन् तिनीहरूको पनि परिणाममा चित्त शुद्ध हुने नै छ भन्ने कुरामा हामीले आशा किन नगर्नु ? आखिर वाल्मीकि पनि त पहिले व्याधा नै थिए ।

पतितः स्खलित आर्तः क्षुत्त्वा वा विवशोऽब्रुवन् ।
हरयेनम इत्युच्चै र्मुच्यते सर्वपातकात् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नामको महिमा

प्रा० लोकनाथ ढकाल

हरे राम हरे राम राम राम हरे हरे
हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे ।
[कलि सन्तरणोपनिषद्]

मानवको अधिकार सचिव, मन्त्री, राष्ट्रपति, राजामहाराजा र सम्राट्को पदसम्म मात्र सीमित छैन किन्तु देवदेवेन्द्र, ब्रह्मादि देवता, ईस्वर र परब्रह्मको सर्वोच्चपद पनि मानवको अधिकार भित्र नै पर्दछ । शास्त्री आचार्य, बी० ए०, एम. ए., वा पी. एच० डी० इत्यादि उपाधि प्राप्त गरेर मात्र त्यो सर्वोच्चपद प्राप्त हुन सक्तै न। अतः त्यसका निमित्त बिभिन्न कर्त्तव्यहरू आवश्यकछन् । ती मध्ये मुख्य कर्त्तव्य तीन छन्- १. कर्म २. भक्ति र ३. ज्ञान (ज्ञानं कर्म च भक्तिश्च नोपायोऽन्योऽस्ति कुत्रचित, भा० पु. ११ कं.) वास्तवमा सर्वोच्च ब्रह्मपद प्राप्तिनै मानवको मुख्य अधिकार हो । किनभने विधाताले त्यसैका निमित्त मानव सृष्टि गर्नु भएको छ । सृष्ट्वा पुराणि विविधान्य जयात्मशक्त्या वृक्षान्सरीसृपपशून्खगदंश मत्स्यान् । तैस्तै रतुष्ट हृदयः पुरुषं विधाय ब्रह्मा बवोधधिषणं मुदमाप देवः ॥ (ब्रह्माजीले अनादि मायाशक्ति द्वारा वृक्ष आदि अनेक शरीरधारी जीवहरू सृष्टि गर्नु भयो, परन्तु उनीहरू कुनैमा पनि ब्रह्मपद प्राप्त गर्ने बुद्धि नदेखेर वहांको चित्त सन्तुष्ट भएन र अन्त्यमा मानवको सृष्टि गर्नु भयो । उसमा ब्रह्मपद प्राप्तिका लागि ब्रह्मज्ञान गर्न सक्ने बुद्धि देखि प्रसन्नताको अनुभव गर्नु भयो) भा. पु.

उक्त कर्त्तव्यहरू मध्ये आदि र अन्त्यका कर्म र ज्ञान जाति, वर्ण. वय, देश, काल, कर्म इत्यादि कुराहरू द्वारा सीमित भएकोले सर्व सुलभ र सुगम छैनन् ।

मझौला भक्तिरूप कर्त्तव्य भने उक्त जाति, वर्ण आदि सीमा, बहुव्यय तथा परिश्रम विना सरल र सर्वसाध्य भएकोले त्यसद्वारा यस कराल कलिकालमा पनि मानवको मुख्य अ/वक.र ब्रह्मपद प्राप्त गर्न सकिन्छ ।

भक्तिः– ईश्वरमा गरिने परम प्रेमलाई भन्दछन् (सा परानुरक्ति रीश्वरे, शा. सू.) (आजकल ईश्वर मान्ने व्यक्तिनै अति दुर्लभ भैसके । फेरि उसमा प्रेम गर्ने कुरा त कता कता। यस्तो तर्क पनि उठ्न सक्तछ, परन्तु बहुसंख्या भएको यस विशाल भूगोल भित्र कुनैकुरा पनि असंभव हुँदैन [विस्तीर्णा वसुधा जनाश्च बहवः किंकि न संभाव्यते, जगन्नाथ कवि]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्वकालमा पनिईश्वर नमान्नेको खाँचो थिएन । किन्तु आजभोलि पाश्चात्य सभ्यताको बाढीले निर्मलमन धमिलिएर उनीहरूको संख्या धेरै भएको मात्र हो ।

वास्तवमा आत्मा मान्नेलाई ईश्वर नमान्ने भन्न सकिन्न । किनभने आत्मा भनेको ईश्वर नै हो, जस्तै घटाकाश महाकाश देखि पृथक छैन, त्यस्तै सबै प्राणीहरूको जीवात्मा पनि ईश्वर देखि फरक छैन [क्षेत्रज्ञं चापि मां विद्धि सर्वक्षेत्रेषु भारत !, ममैवांशो जीवभूतो, (गीता,) तत्त्वमसि, अयमात्मा ब्रह्म' [उपनिषद्को महावाक्य] । पाश्चात्यदेशमा त आत्मवादी व्यक्ति धेरै पाइन्छन् भने वैधानिक हिन्दुधर्मको प्रतिष्ठापक हिन्दु महाराजाधिराज द्वारा प्रशासित यस पुण्यदेश नेपालमा आत्मा नमान्ने व्यक्ति दुर्लभै होलान । हिन्दुको त कुरै नगरौं, यहाँका बौध्दहरू पनि आत्मा तथा परात्मा ईश्वर मान्ने देखिन्छन् ।

हिन्दुहरू जस्तै नित्य आत्मा मान्ने बौध्द संप्रदाय पनि छ भनी म० म० गोपीनाथ कविराजजीले लेख्नु भएको छ [द्रष्टव्यः- वाराणसीमा मुद्रित 'आत्म तत्त्व विवेक' को भूमिका] ।

अनेक जन्मान्तर देखि निरवधिक, भविष्य पर्यन्त सन्तति रूपले अविच्छिन्न, प्रतिक्षण विनाशी, असंख्य विज्ञानव्यक्तिलाई आत्मा घोषित गर्नु भन्दा एक नित्यआत्मा मान्नु युक्ति सगत पनि देखिन्छ ।

वेद, शास्त्र, पुराणहरूमा भक्तिको ज्यादै ठूलो महिमा बताएको छ । भगवत्प्राप्ति भक्ति द्वारा नै हुन्छ [भक्त्यात्वनन्ययालभ्यः, भक्तिले मात्र भगवान् पाइनु हुन्छ—गीता] । भक्ति भएमा कर्म, ज्ञान पनि चाँडै सुसफल हुन्छन् ।

भगवान्‌को भक्ति पारलौकिक सुखको साधन मात्र होइन किन्तु ऐहिक विविध विघ्न बाधा निवृत्ति र सुख संपत्तिको पनि साधन हो । यसैकारणले भगवान्‌ले भक्तको ४ श्रेणीमा विभाजन गर्नु भएको छ—१. आर्त (दुःख दुखित) २. जिज्ञासुः— (ज्ञानाभिलाषी) र ३. अर्थार्थी— धनाभिलाषीः—गीता] ।

भक्तिका उपायहरू पनि श्रवण, कीर्तन, स्मरण आदि पुराणहरूमा वर्णन गरिएका छन् [श्रवणं कीर्तनं विष्णोः स्मरणं पादसेवनम् — भा. पु.] । परन्तु उक्त सबै उपाय भन्दा अति सजिलो र सर्वसुलभ उपाय हो भगवन्नाम जप ।

भगवान्‌को नाम जपमा स्त्री, बाल, वृध्द सबैको अधिकार छ ।

अन्य मन्त्रमा झैं नाममन्त्रमा जाति, वर्ण, वय, देश, काल, कर्म इत्यादि कुराको नियन्त्रण र गुरुदीक्षा, शौच, स्नान, आचमन इत्यादिको आवश्यकता पनि छैन । अपवित्र वा पवित्र होस् , खाँदा, हिंड्दा, बस्दा हरेक हालतमा भगवान्‌को नाम लिन हुन्छ [आत्मैव ह्यात्मनो बन्धुः—गीता] । आफ्नो गुरू आफैं बनेर सजिलो र मनपरेको नाम मन्त्र आफैंले चुने हुन्छ (भगवान्‌को साक्षात्कार गरिसकेका गुरू भाग्यवशात् प्राप्त हुन सकेमा त्यस्ता गुरूबाट पाएको मन्त्र शीघ्र सिध्दिप्रद हुन्छ ।)

नाम जपको इतिकर्त्तव्यता

नाम जप गर्दा बाह्यशुध्दिको अपेक्षा आन्तरिक शुध्दि आवश्यक छ र यथाशक्ति क्रमशः हिंसा, असत्य, जुवा, चोरी, व्यभिचारहरूलाई त्याग्नु पर्दछ । जसको नाम जपेको छ त्यसैलाई आफ्नो सर्व हितकारी सम्झी उसैको शरणागत बन्नु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खानेकुराहरू सबै नामवाला देवतालाई समर्पण गरेर मात्र प्रसाद रूपमा खानु पर्दछ। अतएव देवतालाई नचढ्ने चीजहरू नाम जापकले खान हुंदैन। नामजपीले देव, ब्राम्हण, गाई इत्यादि कसैको पनि निन्दा गर्नु हुन्न।

सर्वदा प्रसाद मात्र खाने नियम अपनाएमा खाना नमीठो र नरूच्ने प्रायशः हुंदैन। खाद्यको खराबी द्वारा मनमा खराब असर पर्दैन र सहसा अपचका रोगले आक्रमण गर्दैन।

नाम जापकले जीविकाका निमित्त जुनसुकै पेशा अपनाए पनि त्यसको लक्ष्य भगवंतप्रीति हुनुपर्दछ र अन्याय गर्नु हुँदैन। देश, नरेश र स्वकीय परिजनहरूको सेवामा परिआउने कामकाज गर्दापनि भय संकोचहरू त्यागेर यथासंभव नामजप चलाइरहने कोशिस गर्नु पर्दछ।

शासले नामजपने अभ्यास गर्न सकेमा विना प्रयत्न सधैं अविच्छिन्न रूपले नामजप चलिरहन्छ र अरूलाई थाहा पनि हुँदैन।

सके मध्यरातमा र नसके सुत्ने बेला अनि उठ्ने बित्तिकै नियमसंग माला लिएर सय वा हजार जति सकिन्छ नाम जप अवश्य गर्नै पर्दछ।

नाम जपका तीन भेद

(१) भगवन्नामको स्मरणात्मक मानस जप अर्थस्मरण पूर्वक श्रध्दा संग गरेमा भगवद्-दर्शन आदि अभीष्ट कलसिद्धि शीघ्र हुन्छ तर यस जपबाट जपकर्ता बाहेक अरूले फाइदा उठाउ नसक्तैन।

(२) आफैंले मात्र सुनिने "उपांशु" जपबाट पनि अरूलाई तात्कालिक फाइदा केही हुंदैन। परन्तु अर्थस्मरण पूर्वक गरिएका उक्त प्रत्येक जपबाट एकै समयमा श्रवण, कीर्तन, स्मरण भक्तिका तीन उपायहरू सहजै संग हुन्छन्।

(३) सबैले सुन्नेगरी उच्च स्वरले उच्चारण गरिएको वाचनिक नामजप (कीर्तन) बाट आफ्नो अभीष्टसिध्दिका साथै सुन्ने अरू व्यक्तिहरूलाई पनि कल्याण हुन्छ र दर्शन आदि अभीष्टफलसिद्धि शीघ्र हुन्छ।

यसरी कीर्तनबाट नाम सुन्ने व्यक्तिहरूलाई मात्र कल्याण हुने होइन किन्तु 'देहगेहात्मविस्मृतिः' गृह, देह र आफूलाई समेत बिर्सिएर एकचित्त र स्वरले निरन्तर उच्चारण गरी गरिएको भागवती पतित पावनी नामगङ्गाको पावनतम पवनको स्पर्शद्वारा स्थानीय विशालभूभाग समेत अति पवित्र तीर्थको रूपमा परिणत हुन्छ।

अरू सबै कुरा बिर्सिएर चित्त एकाग्र गराउन उपयोगी भएकोले कीर्तनमा वाद्य वादनको पनि समावेश गर्दछन्। वाजागाजाको साथ कीर्तन गरेका कुराको उल्लेख पद्मपुराणमा पाइन्छः—

प्रह्लादस्तालधारी तरलगतितया चोध्दवः कांस्यधारी।
वीणाधारी सुरर्षिः स्वरकुशलतया रागकर्ताऽर्जुनोऽभूत्॥
इन्द्रोऽवादीन्मृदङ्गं जयजयसुकराः कीर्तने ते कुमाराः
यत्राग्रे भाववक्ता सरसरचनया व्यासपुत्रो बभूव॥

(कीर्तनमा प्रह्लादले ताल, उध्दवले झ्याली, नारदले वीणा, इन्द्रले मादल बजाउनु भयो। स्वरमा कुशल भएकोले अर्जुनले राग अलाप्नु भयो, कुमारहरूले जयजयकार मनाए, रसिलो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बोलीले भावबताउने काम शुकदेवले गर्नु- भयो ।) (प. पु. उत्तर खण्ड)

यसबाट कीर्तन कसरी गर्नु पर्दछ त्यसको दिग्दर्शन पनि भयो । कथा प्रवचन आदि पनि वाचनिक नामजप भित्रै पर्दछन् ।

वरको सूक्ष्मवीजभित्र विशालवृक्ष आश्रित भएझैं 'कृष्ण' नामभित्र श्रीकृष्णको मोहनमूर्ति तथा चरित्र आदिको समावेश भएको हुन्छ । एवं 'राम' नामभित्र रामको, 'शिव' नाम भित्र शिवको, दुर्गा' नाम भित्र दुर्गाको रूप र चरित्र आदि अन्तर्गत हुन्छन् । यथा शक्ति रूप तथा चरित्रहरूको स्मरण गर्दै नाम जप गर्नु नै अर्थ स्मरण पूर्वक नामजप गर्नु हो ।

नाम जपबाट हुने फाइदाहरू

सबै पापहरू नष्ट नभएसम्म मानव भगवत्कृपापात्र बन्दैन । अतः सबै पापनाश गर्नको निमित्त भगवन्नामजप आवश्यक छ । न्यायोपार्जित द्रव्यद्वारा विधिपूर्वक तीर्थ, व्रत, दान, यज्ञ इत्यादि कर्महरूबाट पनि नाश हुन नसकेका मानवका बाह्य, आभ्यन्तर सबै पापहरू नामजप बाट विनष्ट हुन्छन् ।

विवश भएर भगवान्को नाम लिंदा ता सिंह देखि तसिएर ब्वाँसाहरू भागे झैं नाम लिने व्यक्तिलाई छोडेर सारा पापहरू तुरुन्तै भाग्दछन् भने श्रद्धा र विश्वास संग भगवानको, नाम लिंदा पापनाश नहोला कि भन्ने शंङ्का गर्नु पर्दैन । "अवशेनापि यन्नाम्नि कीर्तिते सर्व पातकैः । पुमान्विमुच्यते सद्यः सिंहत्रस्तै- र्मृगैरिव ।" 'विष्णु पुराण'

प्रसङ्गवश 'शिव' भन्ने दुइ अक्षरको एक पटक मात्र उच्चारण गरियो भने त्यसले मनुष्यको पाप तुरुन्तै नाश गर्दछ । "यद्द्वयक्षरं नाम गिरेरितं नृणां सकृत्प्रसङ्गादघ माशु हन्यात् (भा पु.) 'वैकुण्ठ नाम ग्रहणम शेषाघ हरं परम्' (भगवानको नाम लिनाले सारा पाप नाश हुन्छन । (भा. पु.)

वसिष्ठ उवाच

कृष्णेति मङ्गल नाम यस्य वाचि प्रवर्तते ।
भस्मी भवन्ति तस्याशु महापातक कोटयः ।

'वसिष्ठ भन्नु हुन्छ जसका मुखबाट 'कृष्ण' भन्ने मङ्गल दायक वाणी निस्कन्छ त्यसका करोडौं महापातकहरू तुरुन्तै भष्म हुन्छन् ।'
(पाण्डव गीता)

मुक्ति

दुःखमय जन्ममरण प्रवन्धबाट छुट्- कारा पाउनाको निमित्त पनि लज्जात्याग गरी हरिनामको उच्चारण आवश्यक छ । लज्जा त्यागेर कलिकल्मषहारी भगवानको नाम निरन्तर जपनाले मुक्ति पाइन्छ भनी शिवले पार्वतीलाई बताउनु भएको छ । "हित्वा लज्जां कलिमल कुलच्छेद नानीरयेद्वै । निष्णोर्ना- मान्यनिश मथवा मुक्तिरेषा चतुर्धा (पुरानो छापा विष्णु सहस्त्र नामको शाङ्कर भाष्यबाट उद्धृत)

भृगुरुवाच ।

नामैव तव गोविन्द नामत्वत्तः शताधिकम् ।
ददात्युच्चारणान्मुक्ति विनाप्यष्टाङ्गयोगतः ।

(भृगु भन्नुहुन्छ- हे गोविन्द ! तपाईं भन्दा पनि तपाईंको नाम शय गुना बढीछ, तपाईंको नाम उच्चारण गर्नाले यम नियम आदि आठअङ्ग वाला योग बिना पनि मुक्ति मिल्दछ । (पाण्डव गीता)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवानको नाम भगवान् भन्दा पनि अधिक गौरव शाली छ भन्ने कुरामा कल्याणमा उद्धृत एक कथा पनि मैले सुनेको छु। सो कथा यस प्रकार छः—

प्राण प्रिय पति भगवान् श्रीकृष्णको जन्म दिवसमा वहालाई तुलारुढ गराउने निजी सत्य संकल्प अनुसार सत्यभामाले तुलादानको सबै सामग्री जुटाई भगवान्लाई तुलारूढ गराउनु भयो। परन्तु घरमा भएको सबै सुवर्ण तुलामा राखि सक्नुभयो तैपनि सुवर्ण राखेको तुला भगवान चढेको तुला भन्दा धेरै नै हलुका भयो। सत्यभामाले आफूले लगाएका आभूषणहरू सबै फुकालेर एक एक गरी तुलामा राखिसक्नु भयो तैपनि पुगेन र किं कर्तव्य विमूढ भएर वहांले कातर दृष्टिले कृपालु भगवान्को मुखतिर पुलुक्क हेर्नु भयो। कृपामयको कृपाभयो, तुरुन्तै वीणा बजाउँदै नारदजी उपस्थित हुनु भयो।

वहांले सत्यभामाको त्यो दयनीय दशा देखेर भन्नु भयो- देवी जी!; यो समस्त ब्रम्हाण्ड उठाएर तुलामा राख्नुभए पनि त्यो हलुका हुन्छ। अतः भगवान्को नाम लेखेको तुलसी पत्र राखिदिनुहोस्, किनभने भगवान् भन्दा वहाँको नाम अधिक वजनदार हुन्छ। आफ्नो संकल्प पूरागर्ने अर्को उपाय केही नदेखि सत्यभामाजीले त्यसै गर्नु भयो। भगवान् चढेको तुला आकाशमा नै हल्लिइ रह्यो, नामवाला तुलाले जमीन छोयो। सत्यभामा प्रसन्न हुनु भयो। सबैले भगवन्नामको जय मनाए।

छोराको उद्देश्यले 'नारायण' भन्दा ता पाप नाश हुन्छ भने नारायणकै उद्देश्यले वहाँको नाम लिंदा पाप नाश किन नहुनु? अवश्यै हुन्छ। यसबारे मर्ने वेलामा अगाडि उपस्थित भयंकर यमदूत देखेर भयभीत भएका अजामिल नामका ब्राम्हणले अतिआर्त भएर 'नारायण' भनि छोरालाई बोलाउँदा आफ्नो ब्रम्हकर्म र विवाहिता पत्नी समेत त्यागेर जीवन भर दासी संगमद्वारा उपार्जित निजका सबै पापहरू नष्ट भए अनि विष्णुका दूतहरू उपस्थित भए। यमदूतहरू खाली हात फर्किए इत्यादि (भा. पु. ६ स्कन्धको कथा प्रसिध्दै छ।

भगवन्ननामजप माथि बताए अनुसार पाप नाशद्वारा वैकुण्ठ वास तथा मुक्तिको साधन मात्र होइन किन्तु अन्य व्यावहारिक कार्यसाधक पनि छ।

भगवान् धन्वन्तरिको भनाइ अनुसार भगवानकोनाम उच्चारण गर्दा रोगहरू नष्ट हुन्छन्। 'अच्युतानन्द गोविन्द नामोच्चारण भेषजात्। नश्यन्ति सकला रोगाः सत्यं सत्यं वदाम्यहम्' कर्मविपाकमा वातरोग आदि दुश्चिकित्स्य व्याधिनाशको निमित्त नाम जपको विधान बताएको छ।

अशुचि तथा अमङ्गल कुराको श्रवण, दर्शन, स्पर्शन इत्यादिमा र छिक्का, पतन आदि कुरामा पनि हरिनामको स्मरण वा कीर्तन पवित्र र मङ्गल कारक हुन्छ।

महाभय, विघ्न वाधाहरूको निवृत्ति र अन्यउपाय बाट साध्य नहुने साराकार्य भगवन्नामको जपबाट साध्य हुन्छन्। गत्यन्तर कोही नभएकाको गति भगवन्नामले नै अनन्यसहाय द्रौपदीलाई दुःशासन द्वारा वीचसभामा जबर्जस्ती साडीखिचेर गर्न लागिएको बेइज्जतीबाट बचायो। वास्तवमा भगवन्नामबाट साध्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पहुने कुरा केही छैन । भगवानबाट सिध्द नभएको कुरा पनि वहांको नामजप बाट सिध्द हुन्छ ।

वेद पारायण आदि शुभ कर्ममा र वैदिक, तान्त्रिक सबै कर्ममा पढिने संकल्पमा पनि विघ्न बाधाहरूको निवृत्ति र वाक्यशुद्धिका निमित्त आरम्भमा "हरि: ॐ" भनेर नामको उच्चारण गर्ने चलन चलिरहेकै छ ।

कर्मसमाप्तिमा पनि न्यूनता पूर्तिका लागि भगवन्नामो उच्चारणको विधान छ "यस्यस्मृत्या च नामोक्त्या तपोयज्ञ क्रियादिपु । न्यूनं सम्पूर्णतां यान्ति सद्यो वन्दे तमच्युतम् ॥

श्रद्धापूर्वक गरिने वैधानिक कर्महरूमा प्रमादवशात् भएका वैंगुण्य, अपूर्णता र अशुद्धिहरूको परिहार पूर्वक पूर्णसफलताका लागि परमात्माको 'ॐ तत्सत' भन्ने नामको उच्चारण गर्नु भनी स्वयं भगवान्ले नै भन्नु भएको छ [ॐतत्सदिति निर्देशो ब्रह्मणस्त्रिविधः स्मृतः । तस्मादोमित्युदाहृत्य यज्ञदान तपः क्रियाः । प्रवर्तन्ते विधानोक्ता सततं ब्रह्मवादि नाम ॥…… इत्यादि गीता १७।२३।२४–२७]

भगवान्को नाम लिनाले जनताको दुःख नाश हुन्छ, नितान्त सुख हुन्छ, परस्परमा रिस राग नष्ट भएर प्रेम पैदा हुन्छ, मानवताका विनाशकारी राक्षसहरू भयभीत भएर दशदिशातिर भाग्दछन् [स्थाने हृषीकेश तव प्रकीर्त्या जगत्प्रहृष्यत्यनुरज्यते च । रक्षांसि भीतानि दिशो द्रवन्ति सर्वे नमस्यन्ति च सिद्ध सङ्घाः । (गीता) निर्धन र निष्किंचनहरूलाई भोक, तिर्खा, गर्मी आदि प्राकृतिक कष्ट र रोग, शोक आदि आकस्मिक सन्तापहरु सहन सक्ने सामर्थ्य ईश्वर नामले नै दिन्छ । एवं दुर्भर भारी बोकेका भरियाहरूलाई भरोसा दिने काम पनि राम नामले नै दिन्छ ।

नोलको दुवै पट्टि झुण्डिएका कुस्त भारीका बोझले दुवै काँध खुंच्याई तिघ्रा कँपाउँदै ठण्डीका याममा पनि पसिनाको धारा वगाई आर्तश्वरले हरिनाम जिंदै हिंडेका विश्वबन्धु नेपाल माताका प्रियतमपुत्रहरूको पछि लागेर चुपचाप-संग केही बेर हिंडेमा त्यस कुराको राम्रो अनुभव हुन्छ ।

विश्वशान्तिको सर्वोच्च शिखरमा पुग्ने सरल र सजिलो माग परमेश्वरको नामजप नै हो ।

जपसिद्धिको लक्षण

साधक नामजपको मार्गद्वारा जपसिद्धि भूमिको समीपमा पुग्दछ, त्यसबेला उसको कर्णपुटमा भगवन्नामको मधुरगाना गुञ्जायमान हुन्छ । आगाका झिल्का जस्ता तेजोमय नामाक्षरहरू सल्किन थाल्दछन् । सारा संसार नाममय रहेछ भन्ने कुरा प्रमाणित हुन्छ ।

क्रमशः सिद्धिभूमिमा पदार्पण गर्नासाथ साधकको जन्म सफल भइहाल्यो, उसलाई भावना अनुसार मनोहर मूर्ति देवदर्शन आदि कुराहरू तुरुन्तै हुन्छ र नित्य विज्ञानानन्दमय परब्रह्मपद (मानवको मुख्य अधिकार) करामलक तुल्य हुन्छ ।

नामजपबाट सिद्धभएका महात्माहरू

नाम जपकै सहाराले अज्ञानी बालक दासीपुत्रलाई ब्रह्माजीको मानसपुत्र श्रीनारद मुनि बन्ने सौभाग्य प्राप्त भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विष्णुसहस्रनाम आदि अनेकौं सहस्रनाम-हरूको निर्देश गर्ने भगवान् वेदव्यास पनि नाम जप द्वारा नै सिद्ध हुनु भएको हो ।

ब्राह्मण भएर व्याधाको कर्म गर्ने व्यक्ति पनि उल्टो रामनाम 'मरा' जपेर महर्षि बाल्मीकि बन्न पुगे ।

भगवानको नाम जपेर नै ध्रुव, प्रल्हाद, हनुमान, उद्धव, शबरी, गोपिनी आदि भक्तहरू सिद्धभए ।

चैतन्य महाप्रभु, भक्त सूरदास, एकनाथ कबीर, रामानन्द इत्यादि महात्माहरूले नाम जप द्वारानै सिद्धि लाभ गरे ।

नामजपबाट भगवत्कृपापात्र बनेका सत्पात्रहरु नेपालमा पनि पाइन्छन् ।

प्रायशः सबै महात्माहरुको साधनाको प्रथमसोपान भगवन्नामजप नै हो ।

ॐ तत सत्

आचिनोति हि शास्त्रार्थं माचारे स्थायपत्युत ।
स्वय माचरते यस्तु तमाचार्यं प्रचक्षते ॥

(जो व्यक्ति शास्त्रको यथार्थ तत्त्व बुझेर समाजलाई सदाचारमा हिंडाउन प्रयत्न गर्छ र आफू पनि त्यो आचारमा रहन्छ त्यही नै वास्तवमा आचार्य कहलाउन लायक हुन्छ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मको मर्म

श्री सिद्धिवाबु अर्ज्याल

शक्ति छ भन्दैमा कसैमाथि आक्रमण नगर्नू, सबैलाई यथाशक्य सहयोग गर्नू, कसैको निन्दा, द्वेष, डाह नगर्नू, धैर्य लिनू, दिनू; यसरी बाँच्नु, बचाउनू, ! यही हो विश्वमान्य धर्मको मर्म ।

सुखी, समृध्द जीवनको मार्गदर्शक नीतिलाई 'धर्म' भन्दछन् । धर्मविना जीवन असह्य हुन जान्छ । त्यसैले पशु, पक्षी, कीट, पतङ्ग सम्मको जीवनमुखी धर्म हुन्छन । धर्मकै कारण संसार स्वचालित यन्त्र जस्तै नियमित रूपले चलिरहेछ । जब धर्मको मर्मबारे गलत धारणा लिइन्छ तब व्यक्तिगत वा सामाजिक जीवनमा गडबडी नभई छाड्दैन । संसारका भूत, वर्तमान र भविष्यत्का सबै गडबडी धर्मको गलत अर्थ लगाइएबाटै भएका, भैरहेका र हुने हुंन् । धर्म दुई प्रकारका हुन्छन्–प्राकृतिक र बनावटी । पशु, पक्षी आदिमा आत्मविकासको ज्ञान हुँदैन । त्यसैले तिनीहरू प्राकृतिक नियमबध्द हुन्छन् । उनीहरुको जीवन सदा सर्वदा एकनास हुन्छ । तर मानिस विवेक-विचार संपन्न सामाजिक प्राणी हो । ऊ ज्ञान र विज्ञानको उचित मिलानद्वारा भौतिक वा आध्यात्मिक उन्नतिको उत्कर्षमा पुग्न सक्तछ । त्यस्तै, ईश्वरप्रदत्त आफ्नो विवेक-बुध्दिको दुरुपयोग गरे दुर्गतिको खाडलमा गाडिन समेत पुग्दछ । त्यसैले मानिस आफैं उसको उन्नति वा अवनतिको उत्तरदायी हुन्छ । गीता यसै भन्दछः—

"आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः"

आफ्नो बन्धु आफैं बन्न अरुलाई आफ्नो बन्धु देख्नु पर्दछ । यसको लागि सहिष्णुता र सहयोग अनिवार्य छन् । यी दुई तत्त्व नभएको धर्म अधर्म नै हो । अरुको भन्नासाथ गुण पनि अवगुण संझनु भयङ्कर दोष हो । झन् आज त अन्तरराष्ट्रिय बन्धुत्वको युग छ । सबैले परस्परको गुणको सिको गर्नु आवश्यक छ । यसो भएमा नै परस्पर मैत्री कायम रहन्छ र जीवन–यात्रा सरल बन्दछ । धर्म संकीर्ण हठयोगमा होइन, उदार कर्मयोगमा छ । कर्मयोगले एकलौटी जीवन तोक्दैन । यसले त सहअस्तित्वको समर्थन गर्दछ । सामाजिक प्राणी मानिस, समाजबाट अलग्गिने धर्म लिएर कसरी उँभो लाग्न सक्छ र ? सबैलाई सहयोग लिंदै सरल, सुखी जीवन बिताउने लक्ष्य लिनु नै शुध्द कर्मयोगको परिपालन हो र यही नै हो सबा धर्मको अनुसरण ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राष्ट्रियताको अर्को नाम हो संस्कृति । त्यसैले प्रत्येक राष्ट्रको आफ्नै संस्कृति हुन्छ । त्यो त छँदै छ । तर संसार भरिका धर्मको मर्म चाहिं एउटै हुन्छ, हुनुपर्छ पनि । यदि कुनै धर्मले "परहिंसा महाधर्म" भन्छ भने त्यो धर्म होइन, अधर्म नै हो । मानिसले मानिसको अर्थात् एकै बाबुका सन्तानमा एक भाइले अर्को भाइको हत्या गर्नु कसरी धर्म होला ? धर्मले त मार्ने होइन, बचाउँछ । यसरी राष्ट्र पिच्छे फरक हुने जुन पाठ छन् ती धर्म होइनन् । ती त तत् तत् वातावरणानुकूल रहनसहनका नियममात्र हुन् । त्यसैले यी व्यापक हुँदैनन् । धर्म त सत्य हो यो विश्व-व्यापक हुन्छ । संसार भरिका अध्यात्मवादी-हरुले एउटै ईश्वरको खोजी गर्दछन् ! संसार भरिका भाषाको एउटै अर्थ हुन्छ । संसार भरी घुम्ने चन्द्र, सूर्य एउटै छन् । संसारको काल एउटै छ । त्यसैले संसारको धर्म पनि एउटै छ । देश काल वातावरणको कारण हुन गएको क्रियाकलापको विभिन्नतालाई धर्म मान्नु भूल हुनेछ ।

उपर्युक्त तथ्यहरुलाई ध्यान राखी विचार गर्दा हाम्रो सनातनधर्म पवित्र र निष्कलङ्क देखिन्छ । यो ठूलो आवाज, प्रचार, धम्की, करकाप आदिबाट अरूको धर्म-संस्कृतिलाई खान खोज्दैन । यसले त शान्त, धीर, गम्भीर प्रकृतिमा रही सबैको परममित्र हुने विशुद्ध ध्येय राख्दछ । सबैको सुख-समृद्धिको कामना गर्दछ—

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद्दुःखभाग्जनः"

जुनसुकै पनि युगमा धर्मको मर्म यही नै हुन्छ । त्यसमा पनि आजको संघर्षमय युगमा विश्वशान्ति जागृत गर्ने यस्तै उदारवादी धर्म हो । संपूर्ण कलह, वैमनस्यको स्रोत धार्मिक असहिष्णुतामा रहेको हुन्छ । नाना थरीका मानसिक विकार यसैबाट उत्पन्न हुन्छन् । मानसिक विकार नै अशान्तिको स्रष्टा हो । आध्यात्मिक विशुद्धताविना भौतिक विशुद्धता असंभव छ । आध्यात्मिक दोष रोग हो । रोग शरीरमा रहेसम्म जतिसुकै स्नान गरे पनि, लेपन, अलङ्कारादिले सिंगारे पनि शरीर सुन्दर, आकर्षक बन्दैन । त्यसैले विश्वभ्रातृत्वविना विश्वशान्तिको सृजना गर्ने संपूर्ण प्रयास निष्फल बन्दछ । विश्वभ्रातृत्वको सृजनामा धर्मको महत्वपूर्ण भूमिका छ । धर्म धर्ममा विवाद रहेसम्म राजनैतिक 'वाद' को आधारमा विश्वशान्तिको लक्ष्य प्राप्त गर्नु बेकार सिद्ध हुन्छ ।

विश्वमा एउटै 'वाद' को आधिपत्य हुन-आए पनि चिरस्थायी हुन सक्तैन । किनभने धार्मिक कलहले यसलाई अड्नै दिंदैन । त्यसैले राजनैतिक 'वाद' द्वारा विश्वशान्ति खोज्नुभन्दा संसारलाई धर्मको मर्म बुझाउने प्रयासतिर लाग्नु उचित देखिन्छ । जब विश्वले धर्मको वास्तविक मर्मको झल्को पाउँछ तब विश्वभ्रा-तृत्व स्वयं जागृत हुन्छ । यसैमा विश्वशान्ति छ ।

धर्म ईश्वर नै हो यो न नाशिन्छ न नाशतदछ
धर्मलाई चिनेमात्रै शान्तिले विश्व हाँस्दछ !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रभु प्राप्तिको उपाय

प्रेममय जीवन

—खेमराज 'केशवशरण'

भगवान्को नाममा विभिन्न ग्रन्थहरू बनेका छन्, विभिन्न तीर्थस्थानहरू स्थापित भएका छन्, विभिन्न मन्दिर र देवालयहरू निर्मित भएका छन्, विभिन्न उपासनापद्धतिहरू खडा भएका छन्, जता हेरौं तीर्थयात्रीहरू, उपासकहरू दृष्टिगोचर हुन्छन् । तर मानवले प्रभुप्राप्तिको निर्विकल्प बाटोलाई कति संझेको छ ? कणकणमा व्याप्त र हृदयदिलका निवासी प्राणीमात्रका जीवनाधार प्रभुलाई रिझाउने अमोघ उपायलाई के कति बुझ्न सकेको छ ! प्रभुको निमित्त सर्वाधिक प्रिय उपासना र आराधना बन्न सक्ने प्रेमलाई कति महत्व दिएको छ ? प्रत्येक उपासकले सोच्ने कुरा छ ।

हामी प्रभुको पूजा गर्दछौं । प्रभुको आरती उतार्छौं । उनको खोजीमा विभिन्न तीर्थस्थानहरुको यात्रा गर्दछौं अनि कहिले कहीं आफैंमा प्रश्न पनि गरिरहेका हुन्छौं । यतिका प्रयासहरू चलिरहेछन् परन्तु प्रभुदर्शन हुंदै हुंदैन किन होला ? वर हामीले यो प्रश्न गर्न बिर्सिदिन्छौं कि के हामीले जगदीश्वरको उपासनामा कदम कदममा, श्वास श्वासमा भक्त र भगवान्को अभिन्न अस्तित्व बोध गराउने प्रेमतत्त्वलाई आफ्ना प्रयासहरूको आधार बनाएकाछौं ! प्रभुको लागि नपूजाको भोक छ, न आरतीको । जो सर्वमय छ, उसलाई एउटा सीमित स्थानमा गरेको पूजाले सच्चा अर्चना हुन सक्ला ? जो स्वयं प्रकाशरूप छ, जसको अस्तित्वले विश्व प्रकाशमानछ, उसलाई हाम्रो आरतीले प्रकाश दिन सक्ला ? जसको पेटमा अनन्तकोटि ब्रह्माण्ड विलीन छन् उसको लागि हाम्रो नैवैद्य पर्याप्त होला ! जो निरञ्जन छ उसलाई हामीले केको अञ्जन लगाउने ? जो आप्तकाम छ, उसलाई हामीले के समर्पण गरेर तृप्त पार्ने ? जो मुक्तबन्धन छ उसलाई हामीले वस्त्र पहिराउन सकौंला ? जो विश्वव्यापी छ उसलाई हामीले परिक्रमा दिन सकौंला ! तब के यी सबै उपासनाका अङ्गहरुको महत्व नै छैन ? छ, तर माध्यमको रूपमा, लक्ष्यको रूपमा होइन । यी प्रत्येक उपासनाहरुले सारसत्यको रूपमा एउटै वस्तुलाई आफू अगि राखेका हुन्छन् र त्यो हो 'प्रेम' आत्माको विशालता त्यसलाई संझनु छ ।

प्रेम ! कस्तो प्रेम ! कहिले कहीं प्रेम शब्दलाई लिएर मतिभ्रम भइरहेको पनि अनुभव हुन्छ । त्यो प्रेम, जसमा स्रष्टाप्रति असीम आस्था छ, जगदीश्वरको यो सुन्दर सृष्टिप्रति अदम्य अनु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राग छ, उनका प्रत्येक सन्ततिप्रति प्रगाढ आत्मीयता छ। जहाँ साधकले यो संम्झिरहेको हुन्छ कि— "यो सृष्टि मेरै प्रियतम प्रभुको लीला-भूमि हो, यी प्राणीहरू मेरा परमाराध्य प्रभुका नै स्नेहभाजन सन्तान हुन् ।" यो भावना उपासनाको प्राण हो। जहाँ दृष्टिबिन्दुमा नै सद्भावनाको जलप लागेको हुन्छ, जहाँ चिन्तनको केन्द्रबिन्दुमा नै सौमनस्यको प्रकाश झलमलाइरहेको हुन्छ, प्रभुप्रेमको त्यो स्थितिलाई पाएर मानवले समस्त पुरुषार्थलाई हस्तगत गरिरहेको हुन्छ। भक्तिपथका मूर्धन्य आचार्य श्रीचैतन्य देव भन्नुहुन्छ – "प्रेमा पुमर्थो महान् !" प्रेम पुरुषार्थ हो, पुरुषार्थ मात्र होइन महान् पुरुषार्थ हो।

प्रेमको उदय माने समस्त वासनाजगत्बाट उन्मुक्त मनःस्थिति। प्रेम महाभाव हो। शारीरिक सुखसंग सम्बन्धित तृप्तिकामनाको व्यामोहभित्र प्रेम थुनिन सक्दैन। जगदीश्वरप्रति भक्ति, गुरुजनप्रति श्रद्धा, समवयस्कहरू प्रति सख्य, दीन दुःखीहरूप्रति करुणा, आफूभन्दा सानाहरू प्रति स्नेह, सन्तान, शिष्य, वा आश्रितप्रति वात्सल्य यी सबै एउटै प्रेमका अङ्ग हुन्। जसले प्रेमरूप अङ्गीलाई प्राप्त गऱ्यो यी सबैलाई उसले स्वतः अङ्गीकार गर्दछ। जहाँ प्रेमछ त्यहाँ भक्ति, श्रद्धा सख्य करुणा यी सबै, अनिवार्य रूपले रहन्छन्। प्रेमद्वारा जीवन सबैको हुन्छ। कुनै पनि पक्षमा निर्विशेष रूपमा सेवा पुऱ्याउने सामर्थ्य नै प्रेमको फल हो।

सर्वे रसाश्च भावाश्च तरङ्गा इव वारिधौ
उन्मज्जन्ति निमज्जन्ति यत्र स प्रेमसंज्ञकः,

कुनै पनि रस यस्तो छैन, कुनै पनि भाव यस्तो छैन जो प्रेममा विलीन नहोस्। यो हो प्रेमको विशालता, यो हो प्रेमको स्वरूप। यस प्रेमतत्त्वलाई जीवनसर्वस्व न तुल्याइकन प्रभुप्राप्तिको आशा राख्नु स्वयंमा एउटा भूल हो।

प्रभु प्रेममय छन्। प्रेममय प्रभुको प्राप्तिमा प्रेममय जीवन नै सर्वोत्कृष्ट सम्बल छ। चढाउने नै कुरा गरौं त संसारको अक्षय भण्डार नै चढाए पनि प्रभुको अपेक्षा पूरा हुन सक्तैन। उनले त चाहन्छन्, आत्मसमर्पण। सम्पत्तिको समर्पण होइन, भोज्य वस्तुको समर्पण होइन। आखिर विश्वंभरलाई हामीले के समर्पण गर्न सक्तछौं ? विश्व उनैको, सारा वस्तु उनैका, हामी स्वयं उनका। "सर्वं त्वदीयं न ममास्ति किञ्चित्, अहं त्वदीयो न तु मामकीनः" यो हुन्छ सच्चा उपासकको भावना। अरू सबै कुरा प्रभुलाई पुराना छन्। केवल भक्तको प्रेममा उनले नित्यनूतनता पाउँछन्। जगदीश्वरको अनुरागद्वारा जगत्का प्रत्येक प्राणीमा आत्मीयताको दर्शन गर्ने उत्तम प्रेमसाधकहरूको पछि पछि हिड्ने प्रभुलाई ठूलो रहर हुन्छ। प्रेमपथिक पछि पछि स्वयं जगन्नियन्ता हिडिरहेका हुन्छन्। प्रेम त्यो शक्ति हो जसभित्र जगत् र जगदीश्वर दुवैलाई वशीकृत गर्ने सामर्थ्य हुन्छ।

प्रेम विश्वात्माको परिचायक हुन्छ। प्रेमले महतो महीयान्लाई चिन्हाउँछ र जसले महतो महीयान्लाई चिन्दछ, उसले अणोरणीयान भित्र पनि महतो महीयान्को नै दर्शन पाउँछ। संसारको कुन प्राणीछ, जो विश्वात्मासंग असम्बद्धछ ? विश्वको कुन अङ्ग छ जसले विश्वंभरको नै महिमालाई बुझाउँदैन ? जता दृष्टि दौडाऔं उनै दिलदारको फूलबारी छ. कहीं सस्यहरूको हरियाली छ त कहीं फूलहरूको चित्रकारी छ। सर्वत्र एउटै सत्ता जगमगाइरहेछ। एउटै जीवन शक्ति लहलहाइरहेछ। प्रेमले सुन्दर सृष्टिभित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुन्दर बनेर बाँच्ने शक्ति दिन्छ। जसले सृष्टिको हर भागमा सुन्दरताको दर्शन पाउंछ सुन्दर भगवान् त्यसको लागि प्रत्येक चेहराबाट च्याइ-रहेका हुन्छन्। ऊ कसप्रति घृणा गरोस्? कसप्रति द्वेष राखोस्? सबै त प्रभुमय छन्। प्रभुकै ज्योति सर्वत्र जगमगाइरहेछ। जीवनले जबसम्म प्रेमको यो आभा पाउंदैन, जीवन अधूरै रहन्छ। पूर्णलाई चिन्न पूर्ण नै बन्नु आवश्यक हुन्छ, अपूर्णले अपूर्णलाई कसरी पाओस्? अपूर्णको सामर्थ्यले पूर्णको केवल अन्दाज लगाउनु बाहेक के संभव छ?

प्रभु प्राप्तिको अमोघ उपाय हो प्रेममय जीवन। प्रेम विनाको उपासना केवल औपचारिकता बन्दछ, पाठ केवल शब्दहरूको पुनरावृत्ति रहन्छ, पूजा केवल विधिप्राप्त कुरा रहन्छ। उपासनाबाट प्रेम निकालिदिऔं त त्यो सौरभ-विनाको फूल हुन्छ, पूजाबाट यदि प्रेम झिकिदिऔं त त्यो प्रकाश विनाको बत्ती रहन्छ, पाठबाट प्रेम झिकिदिऔं त त्यो चामल निकाले-पछिको धानको बोक्रो रहन्छ। फूल जतिसुकै सुन्दर होस् यदि त्यसमा सौरभ नै छैनभने त्यसको शोभा कति अपूर्ण हुन्छ? यदि प्रकाश नै नरहोस् त बत्तीको महत्त्व कति हीन हुन्छ? यदि चामल झिकिदिऔं त धानको बोक्राको मूल्य कति घट्न जान्छ त्यतिनै महत्त्व उपासना पाठ, पूजा आदिको घट्तछ, जब तिनी-हरूबाट प्रेम निक्लिन्छ।

एकजना साधकको सामु आएर एउटा जिज्ञासुले भन्यो—"महात्माजी! मलाई प्रभु प्राप्तिको उपाय बताउनुहोस्" साधकले भने—"तिम्रो जिज्ञासाको जवाफ पछि दिउँला। पहिले यो भन कि, तिमीले कसैलाई प्रेम दिएका छौ? प्रेमको वर्ताव गरेका छौ?" जिज्ञासुले शिर हल्लाएर जवाफ दियो—"अहँ: कसैप्रति पनि प्रेमको दान मैले गरेको छैन। मलाई मेरो जिज्ञासाको उत्तर त दिनुहोस्—"प्रभुप्राप्तिको उपाय के छ?"

महात्मा जोरसित हाँसे। जिज्ञासुले कुरा बुझेन। ऊ खिन्न पर्‍यो। महात्माले भने—"तिमी जुन मञ्जिलमा पुग्न चाहन्छौ त्यसैको बाटो तिमीले छोडेका छौ। प्रभुप्राप्ति त्यो मंजिल हो जहाँ केवल प्रेमको सोपानबाट पुग्न सकिन्छ। तिमीले कसैलाई पनि प्रेम दिएनौं? किन दिएनौ? तिमीले बाटो बिरायौ। कसैप्रति पनि तिमी प्रेमको वर्ताव गर्दा हौ त त्यो प्रेम नै एक दिन अगि बढेर जगदीश्वरको प्रेम हुन सक्तथ्यो। अनि जगदीश्वरको प्रेम प्राप्त भए पछि त जगत्का हर कणले तिमीलाई जगदीश्वरको दर्शन गराउने थिए। जाऊ। जगदीश्वरको दर्शन पाउने मन भए प्रेमको साधना आरंभ गरिहाल। जगदीश्वरको यो सुन्दर सृष्टिमा उनका स्नेहभाजन सन्तानहरूप्रति प्रेममय बन्ने अभ्यास आरंभ गरिहाल"

हामी कुनै परिवारमा जाऔं। त्यस परिवारका बाबु आमाको मनमा प्रसन्नता ल्याउनु छ भने उनीहरूका वात्सल्यभाजन सन्तानहरूको सराहना गरौं, तिनीहरूलाई प्यार गरौं, दुलार गरौं। केही प्रेमोपहार दिऔं, भनौं—"अहा! कति सुन्दर नानीहरू, हेर्दै रहर लाग्ने। यी त धेरै सुलक्षण रहेछन।" 'यदि यस प्यार दुलारमा कृत्रिमता नै रहेछ भने पनि बाबु आमाको मनमा आल्हादको सृजना गरिहाल्छ। यदि स्वाभाविक छ भने त हामी त्यो सम्पूर्ण परिवारमा एकात्मता स्थापित गर्न सक्तछौं। आफ्ना सन्तानहरुको प्यार, प्रशंसाले बाबु आमाको मनमयूर आनन्दले नाच्न लाग्दछ। यसको विपरीत यदि हामीले कसैका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्तानको शिकायत गर्‍यौंभने हाम्रो रहि-आएको सुसम्बन्ध पनि खल्बलिन्छ । विद्वेषको नयाँ अंकुर उत्पन्न हुन थाल्दछ । हामी स्वयं अप्रिय र दुःखी बन्न पुग्दछौं । त्यस्तै जगदीश्वर-लाई प्रसन्न तुल्याउन उनका सन्तानहरुलाई प्यार गर्न सिक्नु पर्दछ । उनको सुन्दर दृष्टिको सम्मान गर्न जान्नु पर्दछ । जगतका जीवात्मा-हरुको हृदय रसाउने प्रेमपूर्ण सेवाबाटै जगदी-श्वर प्रसन्न हुन्छन् ।

प्रेम संयोजक हो । यसले जोड्न मात्र जान्दछ । प्रेमले एकात्मता ल्याउंछ, एकात्मता नै प्रभुप्राप्तिको सर्वोत्तम उपाय हो । प्रेम रसायन हो, जसले हरआत्मालाई हरदिललाई संयुक्त तुल्याउंछ । जुन साधनाले सबैको दिल-लाई जोड्नमा सफलता पाउंछ, सबैमा आत्मी यताको दर्शन गर्न सिकाउंछ, त्यसैले जगदीश्वरको दर्शन गराउन सक्छ । सबैमा प्रभुभावना र प्रेम राख्ने भक्तप्रति स्वयं भगवान् के भन्नु हुन्छ त्यो सदा मननीय छ । यति मननीय छ कि सच्चा साधकको लागि सदा कण्ठहार बन्न लायक छ—यसैको कार्यान्वयनमा उसले जीवन समर्पित गरिदिएहुन्छ । प्रभु के भन्नु हुन्छ?—

यो मां पश्यति सर्वत्र सर्वं च मयि पश्यति
तस्याहं न प्रणश्यामि स च मे न प्रणश्यति ।

जसले मलाई सर्वत्र देख्तछ र सबैलाई मभित्रै देख्तछ, त्यसको लागि म सदा प्राप्त छु, र त्यो मेरा लागि सदा संगैछ । यो साधनाको चरम स्थिति हो ।

उपासकका प्रत्येक प्रयासहरू फलीभूत हुन्छन प्रेमको यस उच्च आदर्शमा पुगेर । आफूभित्रका संकीर्णताहरुमाथि विजय पाएको दिन नै मानवसाधना फलवान् हुन्छ । त्यो अरु उपायबाट संभव छैन प्रेमलाई छोडेर ।

त्यो प्रेम नै हो जसले पतितलाई पावन तुल्याउंछ । त्यो प्रेम नै हो जसले टुक्रिएका दिल-हरुलाई जोड्दछ । त्यो प्रेम नै हो जसले द्वेषको ज्वालामा पिल्सिएको आत्मा—आत्माको बीचमा सन्जीवनी छर्केर नव जीवनको सञ्चार गर्दछ । प्रेम पारसमणि हो जसले फलामलाई सुन बनाउन सक्तछ । मावन हृदयमा परमात्माले सुम्पेको सर्वोच्च वरदान हो प्रेम । परन्तु हामी त्यसलाई पल्लवित, विस्तृत तुल्याउन जान्दैनौं । प्रेमको सदुपयोग गरेर यसलाई विस्तीर्ण तुल्याएरहामी विश्वलाई नै आफ्नो सेवा समर्पित गर्न सक्तछौं । चाहे जहाँ रहौं प्रेमद्वारा हामी विश्वात्माकै सेवा गरिरहेका हुन्छौं । के हामी सर्वथा प्रेमरहित छौं ? हैन हामीमा प्रेम पनि छ । तर हाम्रो प्रेम-"मेरी पत्नी, मेरा छोराछोरी, मेरो घर, बस, यिनैमा समाप्त हुन्छ । प्रेमलाई हामीले कैदी बनाएका छौं । उपासनाले हामीलाई भन्छ—फैल, बढ, विश्व—जीवनसितको एकात्मता देख । यति फैल कि सबै आफैंमा देखियोस् र सबैमा आफै देखियोस् । तर हामी त्यो बुझ्दैनौं । हामी त अलग्ग रहन रुचाउछौं । जसरी पनि हामीले पृथक् रहनु छ आफूलाई अलग्ग राख्नमा, अरुबाट छुट्याउनमा हामीलाई असीम आनन्द लाग्दछ । हामी सबैमा पुगेर झन् झन् विशाल बन्दछौं यो अनुभव हामीलाई हुन सक्तैन । पानीको थोपा गएर समुद्रमा विलीन हुन्छ, हामी संझिन्छौं थोपा नष्ट भयो । परन्तु यति पनि हामी सोच्न सक्तैनौं थोपा नष्ट भएको छैन, समुद्रमा मिलेर समुद्र भएको छ । उसको बिन्दुत्व गयो, सीमित सत्ता गयो, सिन्धुत्व मिल्यो असीम सत्ता प्राप्त भयो । मतलब ऊ अणु थियो महान् भयो । त्यस्तै सच्चा प्रेमको उदय हुँदा मानवले समष्टि जीवनमा आफैंलाई पाउँछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र समष्टिआत्माको रूपमा विराजमान जगदीश्वरमा विलीन बनेर उनैमा परिणत हुन्छ। "ब्रह्मविद् ब्रह्मैव भवति।" यसको लागि आवश्यक छ प्रेम साधनाको। हामी प्रेमको लागि बांचौं, प्रेमको लागि काम गरौं, प्रेमको लागि बसौं, प्रेमकै लागि उठौं, प्रेमकै लागि जीवनको हर क्षण जाओस्, अनि हाम्रो ज्ञानले संबल पाउने छ उपासनाले फल पाउनेछ र कर्मले प्राणतत्त्व फेला पार्ने छ। महात्माहरू भनिरहेका छन— "पढ्दा पढ्दै दुनियाँको जीवन बित्तछ तर ज्ञानी कोहीहुंदैन। जसले प्रेमका अढाई अक्षरलाई राम्ररी पढ्दछ संसारमा त्यही ज्ञानी हुन्छ।"

—※—

"स्तुत्य चरित्र भएका बुद्धिमान्हरू पुरुषार्थलाई महत्व दिन्छन् भने पुरुषार्थ गर्न नसक्ने नपुंसकहरू चाहिं दैवको भरमा रहन्छन्" (शुक्रनीति १।४८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अस्पृश्यता, धर्म र प्राचीन शास्त्र

—छविलाल पोखरेल
प्रधानाचार्य
श्रीपिण्डेश्वर सं. महाविद्यालय, धरान

नेपालमा र भारतमा हाम्रो जीवनमा नै अस्पृश्यताको संस्कार कडा भएर जमेको पायेथ्यौं । अहिले पनि ठाउं ठाउंमा त्यो संस्कार छंदैछ । त्यस अस्पृश्यताको संस्कारले धार्मिकरूप लिएको थियो छंदै पनि छ । त्यसैले अस्पृश्य-जातका मनुष्यहरूले मन्दिरहरूमा देवदर्शन गर्न पाउंदैनथे र तिनीहरुले छोयेको खादा धर्म नष्ट हुन्छ, जात जान्छ, भन्दथ्यौं, अझ पनि त्यो संस्कार वसेकै छ । ०७ साल अघि नेपालमा हाम्रो त्यसवेलाको समाज अनुसार होला विधानवाट नै अस्पृश्यतालाई मान्यता मिलेको थियो । तापनि भताहाको निर्णय नै सर्वोपरि रहन्थ्यो । भारतमा सर्कारी विधानवाट अस्पृश्यता वर्जित थियो । तर धार्मिक र सामाजिक नियम वाट कडाईका साथ मानियेको थियो, अझै पनि कहीं कहीं छदैछ । अस्पृश्यतामा धार्मिक रङ्ग गाढा भयेर वसेको देखिन्छ । तापनि अचेल जस्तै पहिले पनि अस्पृश्यता धर्मको अभिन्न अङ्ग मानियेको थियो कि ? अथवा राजनीतिता अरु नै व्यवस्थावाट उत्पन्न भयेर पछि पछि धर्मको रङ्ग चढदै वढदै गयेको हो कि ? धेरै पुरानु समयमा अस्पृश्यता थियो कि थियेन ? भन्ने वारेमा संक्षेपले केहि वताइन्छ । वेद, रामायण, महाभारत, पुराण र मनुस्मृति हेर्दा अस्पृश्यता धर्मको अङ्ग नभयेको सिद्ध हुन्छ । धर्मको लक्षण तर्फ विचार गर्दा पनि धर्मको अस्पृश्यताका साथ कुनै सम्बन्ध नभएको देखिन्छ । जस्तै—
"ईशावास्यमिदं सर्वं यत्किञ्च जगत्यां जगत्"
"पृथिवीभरमा जति प्राणीहरु छन् ती सवमा ईश्वर व्याप्त, हुनुहुन्छ "(यजुर्वेद अ. ४० मं १)
"समानमस्तु वो मनो यथा वः सुसहासति"
(हेमनुष्य हो, तिमीहरुको सह-अस्तित्व जसरी कायम रहन सक्तछ, त्यसरी समानताको व्यवहार गर" [ऋग्वेदको अन्तिम मन्त्र] यस्तो उपदेश गर्ने वेदमा कुनै मनुष्यजातको अस्पृश्यता किन वताइन्थ्यो ? रामायणमा रामचन्द्रले निषादका मालिक गुहका साथ, वानर जातका मालिक सुग्रीवका साथ र राक्षस विभीषणका साथ पनि मित्रता गरेको देखिन्छ । रामचन्द्रको राज्याभिषेकका निम्ति तीर्थको जल चाहिंदा चोखोपानी ल्याउन वाहुन क्षत्रियहरुलाई पठाउनु पर्नेमा राक्षस र वानरलाई पठाएर पछि त्यसैबाट अभिषेक गरियो । रामचन्द्रले शवरीका कुटीमा भोजन गर्नु भयो । महाभारतमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माञ्छेको मासु खाने अस्पृश्यजात हिडिम्बा राक्षसीसंग भीमसेनले विहा गरे । कामनाका वशमा परी भीमले विहा गरे पनि दाजु युधिष्ठिरले र आमा कुन्तीले समेत भातपानी काढनु पर्दथ्यो । तर भीमले विवाह गर्न न मान्दा पनि दाजु र आमाले नै करै लगाई विवाह गराए । इत्यादि असंख्य घटनाबाट जाति पाति त भएको, तर अस्पृश्यताको व्यवहार नभएको पुष्टि मिल्दछ पुराणहरूले पनि अस्पृश्यतालाई पुष्टि दिदैनन् ।

जस्तै– "मनसैतानि भूतानि प्रणमेद्बहु मानयन् । ईश्वरोजीवकलया प्रविष्टो भगवानिति॥ अथ मां सर्वभतेपु भूतात्मानं कृतालयम् । अर्हये द्दानमानाभ्यां मैत्र्याऽभिन्नेन चक्षुपा" [भागवत स्क ३ अ २९] नमते यजते चैवाप्याचाण्डालान्तसीश्वरम् । न कुत्रापि भेदबुद्धिं कुरुते भेदवर्जनात् ॥ शिवपु. वा.सं.उ.ख. अ ३ श्र १२]

ईश्वर जीवकलाले सबैजीवमा बसेको हुदा चाण्डालपर्यन्तका जीवलाई नमस्कार गरोस् . केहि दिने, सम्मान गर्ने, मित्रतापूर्वक व्यवहार गर्ने, अभेददृष्टि राख्ने, इत्यादि प्रकारले सत्कार गरोस् । ई यस्ता उपदेश भागवतमा सर्वत्र र विष्णु पुराण, देवीभागवत, योगवासिष्ठ आदिमा पनि छन् । हुनता रामायणमा शम्बूक नामक शूद्रले तप गरेको हुँदा राज्यमा अनेक उपद्रव भएको हो भन्ने कुरा विद्वान्हरूले गरेको हुँदा अपशोच मान्दै राम चन्द्रले त्यस शूद्रलाई स्वर्ग पठाइदिनु भयेको कथा छ । तापनि कुनै सत्य कुरा संझाउन कल्पित कथा पनि बताउने गरेको छ, अथवा प्रक्षिप्त पनि हुंन सक्तछ । हुनता कुन प्रक्षिप्त हो वा सत्य कुरा संझाउने कल्पितकथा हो भनी छुट्याउन कठिनै पर्ने हुदा यसबाट ऐतिहासिक सत्य घटनामा मै झन् अनावश्यक सन्देह बढन संभव छ । तापनि ग्रन्थको पूर्वापर विषयमा नै विरोध देखियो भने त्यस्ता कथाहरूलाई प्रक्षिप्त वा सत्य कुरा संझाउने कल्पित कथा भन्न सकिन्छ ।

धर्मको लक्षणतर्फ विचार गर्दा पनि पहिले धर्मका साथ अस्पृश्यताको संबन्ध न भयेको देखिन्छ । धृञ् धातुबाट धर्मशब्द बनेको हुँदा गांस, वास र जीवनरक्षा आदिबाट प्राणीहरूको धारण गर्नु नै धर्म हो ।

जस्तै–"धारणाद्धर्ममित्याहुर्धर्मेण विधृताः प्रजाः । यः स्याद्धारणसंयुक्तः स धर्मः" यः स्यात्प्रभवसंयुक्तः" यः स्यादहिंसासंयुक्तः स धर्म इति निश्चयः "[महाभारत शान्तिप. अ. ११०। १३] कर्ण प. अ. ६९।५८] धारण गर्ने हुनाले धर्म नाम रहेको हो जसबाट धारण हुन्छ, जसबाट उन्नति हुंन्छ, जसबाट अहिंसा हुन्छ, त्यही धर्म हो ।" हुनता चोदनालक्षणोऽर्थो धर्मः (पूर्वमीमांसाको दोस्रोसूत्र) ले "वेदले गर्न भनी विधान गरेको कुरा धर्म हो" भनी बतायेको छ, तापनि वेदले गर्नु भनी बतायेको कुराबाट पनि धारण उन्नति अहिंसा नै हुने हुँदा र धारण नहुने र हिंसा हुने कुराको वेदले विधान नगर्ने हुँदा विरोध छैन, उक्त श्लोकबाट नै गतार्थ हुन्छ । त्यसैले उक्त ती श्लोकका साथैमा "श्रुति धर्म इति ह्यके नेत्याहुरपरे जनाः । नच तत्प्रत्यसूयामो नहि सर्वं विधीयते" "श्रुतिधर्म [चोदनालक्षणोऽर्थो धर्मः] नै कुनै विद्वान्हरू धर्मको लक्षण मान्दछन्, कुनै विद्वान् मान्दैनन्, "न च तत्प्रत्यसूयामो" "त्यस लक्षणलाई दोष पनि दिइंदैन" "नहि सर्वं विधीयते" 'श्रुतिमा यो गर्नू भनी यज्ञ आचार विचार आदि असंख्य कुराको विधान छ तापनि अनेक परिस्थितिमा अनेक काम गर्नु पर्ने हुनाले ती सबै बताएर साध्य नहुने हुँदा उपर्युक्त तीन श्लोकमा बताएकै गतार्थ हुने हुनाले उपर्युक्त धर्मलक्षण नै ठीक छ भन्ने आशय हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो । राहुल सांकृत्यायनजीले "मानवसमाज" भन्ने हिन्दीको चखिलो पुस्तकमा "धारणा-द्धर्मम्" भन्ने दिएर "धारण गर्नु, रोक्नु प्रगतिशील मानवसमाजलाई प्रगति हुन नदिनु नै धर्म हो" भन्ने आशय प्रकट गर्नु भएको छ । तर त्यो धर्मविरोधी अधर्मको अर्थ जानी जानीगर्नु भएको स्पष्ट देखिन्छ । किनभने "धारणा द्धर्मम्" भन्ने श्लोकैका साथमा रहेका ३ श्लोक छन् जसको अर्थ हुन्छ धारण, उन्नति (प्रगति) समेत जसबाट हुन्छ त्यही धर्म हो, यो कुरा माथि बताइयो मनुस्मृतिमा "धृतिः क्षमा" भन्ने श्लोकले दशप्रकारको धर्मलक्षण बताएको छ । तर ती दशै वटा लक्षण उक्ततीन श्लोकमा गतार्थ हुने हुँदा लेखिएन । ईश्वरभजन-गर्नु, पाठपूजा, जपयज्ञ आदि गर्नु पनि धर्मको अनिवार्य अङ्ग बताइएको छ उक्त लक्षणबाट अस्पृश्यतालाई धर्मको अङ्ग मान्न सकिदैन, वरू अहिंसात्मक प्रकारबाट गरिएको अस्पृश्यतानिवारणलाई नै धार्मिक काम मान्न सकिन्छ । किनभने भारतमा उसवेला ६ करोड मानिस नेपालमा पनि अलिकति मानिस हरूको उन्नतिको ढोका खुल्दछ । अहिंसात्मक प्रकारबाट धारण उन्नति गर्नु नै धर्म हो भन्ने बताइयो ।

हुनता मनुस्मृतिमा सामाजिक धार्मिक नियमको उल्लङ्घन गर्ने मानिसहरूलाई वहिष्कार गरिएको छ । सर्कारी दण्ड सजाय पनि घटिवढि बताएको छ, तापनि त्यो वहिष्कार सदाका लागि होइन भन्ने कुरा महाभारतमा र वहीं मनुस्मृतिमापनि प्रायश्चित्त आदि सुधार समेतको व्यवस्थाबाट स्पष्ट भएकोहुँदा कुनै वर्गको कुनै व्यक्तिले वा समूहले कुनै अपराध गरेमा केहिवर्षको लागि बहिष्कार गरेजस्तो मात्रहो जस्तै-"न विशेषोऽस्ति वर्णानां सर्वं ब्राह्ममिदं जगत् । ब्रह्मणासृष्टपूर्वं तु कर्मभिर्वर्णतां गतम् ।। धर्मो यज्ञक्रिया तेषां नित्यं न प्रतिषिध्यते ॥ [महाभारत शा. मो. प. अ. १८६ श्लो. १०.] "सर्वभक्ष्यरतिर्नित्यं सर्वकर्मकरोऽशुचिः । त्यक्तवेदोदिताचारः स वै शूद्र इतिस्मृतः [म० शा० मो० अ० ८०] "ब्रह्माजीले सृष्टि गरेको हुदा जगतै ब्राह्मण थियो । पछिपछि अनेककाम गर्दै जांदा अनेक वर्ण भए । तिनीहरूको धर्म र यज्ञक्रियाका लागि निषेध गरिएको छैन । खाने, जीविका आदिका निम्ति जुन काम पनि गर्ने अशुद्ध भै रहने वेदाध्ययनलाई त्यागने, सदाचार नभएको मानिस शूद्र हो ।"

मनुस्मृतिमा पनि वहिष्कृत शूद्र र अवहिष्कृतशूद्र समेत दुई थरी बताएको छ । चाण्डाल, श्वपच आदि वहिष्कृत शूद्रलाई "गाउँ शहरदेखि वाहिर वसून्, गाउँ वा शहरभित्र दिनमा मात्रपसुन् रातमा न पसुन् । फलामका गहना नलगाउन्" इत्यादि अनेक नियमहरू "चाण्डालश्वपचानां वहिर्ग्रामात्प्रतिश्रयः ।" [मनु०] तापनिले वताएको छ ती शूद्रहरूलाई वलिया वलिया पेसा वताएको छ । ती पेसाबाट जीविका नभएमा अनेक शिल्पमा लागोस् भनेको छ । सेवा गर्ने शुद्धभै मीठो वोली र शुद्ध आचरण गर्दै आधियाँ खेत जोत्ने, गोठालो वस्ने अनेक काम गर्ने शूद्रहरूको पानीमात्र होइन, भोजन समेत गर्नुहनेर श्रेष्ठ जात प्राप्त गर्ने समेत कुरा 'शुचिरुत्कृष्टशुश्रुषु मृदुवागनहङ्कृतः । ब्राह्मणाद्याश्रयो नित्यमुत्कृष्टां जातिमश्नुते [मनु०] "आर्द्धिकः कुलमित्रं च गोपालो दासनापितौ । एते शूद्रेषु भोज्यान्ना यश्चात्मानं निवेदयेत् [मनु०] ले वताएकोछ ।

प्राचीन समयमा ब्राह्मणादि जातको भोजन पकाउने काम पनि शूद्रहरूले गर्दथे;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पछि निषेध गरिएछ भन्नेकुरा निर्णयसिन्धु र शूद्र कमलाकर आदिवाट स्पष्ट वुझिन्छ किन कि ती दुई ग्रन्थको कलिवर्ज्यप्रकरणमा रहेको ब्राह्मणादिषु शूद्रस्य पचनादिक्रियाऽपिच भन्ने" श्लोकले वताएकोछ । २२ सहे वर्ष अघिका विन्दुसार राजाले, जसले बौद्ध धर्म लिएका पनि थिएनन्, शकजातकी छोरीकासाथ विहा गरेर वीतशोक पुत्र भए जसले शकजातलाई नै क्षत्रिय गराए । ती वीत शोकलाई नै युवराज गराउन सवै राजाहरूलाई वोलाउदा तक्षक जातका राजाले "जसरी शक र हूण राजाहरूलाई आर्य बनाइएको छ, त्यसरी नै तक्षक जातलाई पनि आर्यजातिमा मिलाएमा वीतशोक लाई युवराज मानेर समारोहमा सम्मिलित हुँन तयार छु।" [सम्राट् अशोक नाटक अङ्क ३ दृश्य ३] भनी तक्षक जातका राजाले भनेपछि तिनैं राजाको समेत सहयोगवाट अशोकले राज्य पाए; यसरी तक्षक जातलाई नै क्षत्रिय गराएको वुझिन्छ। महाभारतको तक्षक नाग पनि इनै तक्षक जातको मनुष्य थियो कि ?। पछी अशोकराजा बौद्ध भए। मनुले व्यभिचार गर्ने स्त्रीलाई र अरू अनेक अपराध गर्ने पुरुषहरूलाई पनि वहिष्कार गर्नू, भन्ने कडा उपदेश गरेको छ तापनि त्यहीं उनै मनुले "प्रायश्चित्त गर्दछन् भने वहिष्कार हटाई आफ्ना समाजमा लिनु सिनु जैंने यस्तो अपराध गरिथिस ; भन्ने प्रकारले अपमान जनक शब्दप्रयोग कहिल्यै पनि नगरी संमान पूर्वक व्यवहार गरी समाजमा लिनू भन्ने कुरा" एनस्विनिरनिर्णिक्त निर्थ किञ्चिभसमा चरेत्। कृतनिर्णेजनांश्चैव न जुगुप्सेत कहिचित्। [मनु० ११।१८६] लेवताएको छ । अरू कुनै डाकार काशूद्रह पनि शुद्ध व्यवहार गर्दै गएमा उत्कृष्ट जाति प्राप्त गर्दछन् । अधियां खेत जोत्ने, गोठालो वस्ने आदि काम गर्दै रहेका शूद्रहरूका साथ भोजनगर्नु हुन्छ भन्ने मनुको उपदेश माथि वताइयो । तर पछि बनेका निर्णयसिन्धु; धर्मसिन्धु, शुद्र कमलाकर आदि धर्मग्रन्थहरुमा "त्यसरी अपराध गर्ने स्त्रीपुरुषलाई र आफ्ना साथ राम्रो व्यवहार गर्ने अधियां खेतजोत्ने, गोठालो वस्ने आदि प्रकारका शुद्ध शुद्रहरूका साथ भोजन गर्ने कुरा समेत पुरानुयुगमा हो; कलियुगमा गर्नु हुदैन" भन्ने कुरा व्यभिचारादिदुष्टस्त्रीसंग्रहो विधिचोदितः । "द्विजानां गोपशूद्रादो भोज्यान्नत्वं कलौ नहि" ब्राह्मणादिषु शूद्रस्य पचनादिक्रियाऽपिच ।।" [निर्णयसिन्धु, धर्मसिन्धु शूद्रकमलाकर कलिवर्ज्यप्रकरण]

वास्तवमा संभव छ, १३।१४ सय वर्ष यता अर्थात् मुसल्मानहरूले भारतमा जितेर अनेक अन्याय अत्याचार गर्दै गएपछि मात्र उनीहरुले तेजीका साथ धर्मपरिवर्तन गरी मुसल्मान गराउन लाग्दा उनीहरू शासक, वलिया, धनी भै ठूला देखिने हुनाले आफुमा हीन भावना जागेर झन तेजीले धर्म परिवर्तन हुन जालाकि ? भनी लडाई आदिवाट ठूला हुन नसक्ने हुदा उनीहरूलाई म्लेच्छ (नीच) भनी दुरदुर गर्ने गरे। त्योभन्दा पहिले संस्कृत भाषा वाहेक अरु भाषा वोल्नेलाई म्लेच्छ भनिन्थ्यो। नीच अर्थ थिएन। 'म्लेच्छ अपशब्दे' धातुवाट म्लेच्छ शब्द वनेको हो। साथैमा यहांका पहिले देखि वहिष्कृत केही शूद्रहरू र अरु वहुसंख्यक समूह हरूपनि वहिष्कृतमा गनिएर पानी खान मात्र न हुने होइन वोल्न पनि नहुने, हेर्न पनि नहुने, वोलेछ भने नुहाउनु नै पर्ने, हेरेछ भने सूर्यलाई हेरेर शुद्ध हुने कुरा "एषां संभाषणात्स्नानं दर्शनादर्कवीक्षणम्" (व्यासस्मृति अ० १ श्लो. ११।१२) ले बताएको छ, र धार्मिक रूप लिंदै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कडा हुँदै गएको छ। यी अहिलेका अछूतहरू बहिष्कृत शूद्रका सन्तान हुन्, भन्न मिल्दैन। किन भने महात्मा गान्धीजीले भारतमा अछूतोद्धारको आरम्भ गर्दा ६ करोड अछूत थिए। बहिष्कृतशूद्रका सन्तान मात्र भए सारै कम संख्यामा हुनु पर्दथ्यो।

त्यसो हुनाले इतिहासका अनेक प्रकारका घटनाहरू र राजनीति, अनेक परिस्थितिबाट बीचमा मनुष्यजातको अस्पृश्यता बढेर चरमसीमामा पुगी धर्मको रङ चढेर धर्मको अविभाज्य अङ्ग बनीसकेको देखिन्छ।

अस्पृश्यताको धर्मका साथ कुनै संबन्ध रहेन छ, भन्ने कुरा उपर्युक्त धार्मिक ग्रन्थबाट र धर्मलक्षणबाट समेत स्पष्ट भएको छ। (अति संक्षेपले स्वरचित अप्रकाशित "अस्पृश्यजात र धर्म" बाट उद्धृत)।

—★—

"ती दिनहरू मेरो जीवनका मधुरतम दिनहरू थिए जसमा मैले वेदान्तसम्बन्धी ग्रन्थहरूको अध्ययन गरें। मेरो निमित्त ती वेदान्त ग्रन्थहरू प्रभातका आलोककिरणसमान छन् र सुन्दर पर्वतीयप्रदेशहरूमा बहने पवित्र हावा जस्तै स्फूर्ति र आनन्द म तिनीहरूबाट पाउंछु।"

—म्याक्समूलर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री रामनवमीसम्बन्धी प्रवचन समारोहमा सामूहिक मातृन्दना भइरहेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुराण
सनात
रहिश्र
धर्मको
प्राची
धर्मम
थिए।
छन्।
संसा
ज्ञमा
प्राची
नैं थि
र प्रेम
त्यो श

हो।
भयप
तर त
त्यस्तै
रहेता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनातन-धर्म र सेवामयजीवन

श्री होमनाथ उपाध्याय
(सोठिया, आसाम)

प्राचीन महर्षिहरू तथा, वेद उपनिषद् र पुराणहरूले बताएका मार्गको अवलम्बन गर्नु नै सनातन-धर्म हो। यसको अस्तित्व चिरकालदेखि रहिआएको छ। बौद्ध-धर्मोदयपूर्व सनातन--धर्मको मर्यादा सर्वोच्च-शिखरमा पुगेको थियो। प्राचीनकालका सबै राजा-महाराजाहरू यस उत्कृष्ट धर्ममा आश्रित र साथै यसका आश्रयदाता पनि थिए। यसका अनुशासन र उच्चादर्श दीर्घजीवी छन्। सनातनधर्म नै एउटा धर्म हो जस्ले यस संसारमा रही दया, सेवा, आर्जव, समता तथा क्षमा इत्यादिको शिक्षा दिन्छ। यसका अतिरिक्त प्राचीन महर्षिहरूको त यो मुक्तिमार्गको 'दीयो' नै थियो। साकार--ब्रम्हको उपासना जति विशुद्ध र प्रेमभक्ति-युक्त रीतिले यस धर्ममा हुनसक्दछ, त्यो शायद नै कुनै धर्ममा हुनसक्ला।

उन्नति र अवनति प्रकृतिको शाश्वत नियम हो। कुनै पनि विषय होस् त्यसका चरमोन्नति भएपछि कुनै कारणवश अधःपतन पनि हुन्छ, तर त्यो विषय, जसमा अस्तित्व छ, लुप्त हुँदैन। त्यस्तै प्रकारले अनेकौं धर्महरूको आघात भइ रहेतापनि आज सनातन--धर्म नेपाल र भारतमा जीवित छ। नेपालीको अहोभाग्य यो छ कि यो संसारको एक--मात्र पवित्र हिन्दूराज्य हो र सनातन धर्म यहाँका प्रजाको मूल आधार हो।

सनातनधर्म र यसका आधार स्तम्भः—

सनातन धर्मको मूलधर्म-ग्रथ वेद हो, जस्मा प्राचीन ज्ञान--विज्ञान निहित छन्। जर्मनीका विद्वान्हरू वेदको तत्त्व धेरै दिनदेखि खोजिरहेका छन् तर अझै उनीहरूको तीखो मस्तिष्क यसको वास्तविकतानिर पुग्न प्रयागशील छ। यसमा अपार--ज्ञान निहित हुनाले हामीले अन्यत्र-(अरू धर्महरू) बाट ज्ञानको खोजी गर्नु नै कस्तूरीमृग झैं अन्यत्र सुँघ्दै हिंड्नु हो। समस्त उपनिषद्हरू, वेद तथा पुराणको अध्ययन र साकार ब्रम्हको उपासनामा अपार बल निहित छ।

रामको उच्चादर्श र उनको जीवनचरित्रले मानवलाई जुन शिक्षा दिन सक्दछ र कृष्णको गीता उपदेशमा कर्तव्य-पथबाट च्युत नहुनु भन्ने जुन मंत्र सुनिन्छ— शायद संसारका अरू धर्मोपदेशहरूमा यस्तो प्रभावशाली ढंगले चित्त बुझाउने प्रयत्न भएको कमै पाइन्छ। अर्जुनका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जटिल प्रश्नहरू र कृष्णका मनोहारी उत्तरहरुले कसको चित्त बुझाउँदैन ! भारतका नेता महात्मा-गांधीलाई उनले वेद र गीताको अध्ययन न गरेको हुनाले एउटा क्रिश्चियनले यूरोपमा भनेको थियो—"तिमीले यदि गीता जस्तो उत्कृष्ट—पुस्तिका र वेद जस्तो गंभीर ग्रन्थ पढेका छैनौ भने तिमीलाई हिन्दू कहलाउने के अधिकार !" कुनै पनि विषय होस्, त्यसको गंभीर अध्ययनले मात्र त्यसको रहस्य बुझिन्छ ।

सनातनधर्मका नेपाल र भारत दुवैराष्ट्र केन्द्र हुनाले, यसको इतिहास पनि दुवै राष्ट्रको सम्मिलित रूपमा वर्णन गर्नु आवश्यक छ। प्रथमतः नेपालमा सनातनधर्मको इतिहास अत्यन्त प्राचीन र बलियो छ। जगन्नियन्ता श्रीपशुपतिनाथको चिरकालीन निवासस्थान नेपालका प्रजाहरू ईश्वरभक्त र कर्मठ छन्। बुध्दको जन्मस्थान हुनाले बौध्दधर्मका अतिरिक्त अरू कुनैपनि धर्मको उति प्रभाव यहाँ परेको छैन। भगवान्बुध्दले आफ्नो प्रचारकार्य भारतवाट प्रारंभ गरेकोले यो स्पष्ट बुझिन्छ कि नेपालमा सनातन धर्मप्रति त्यस्तो आघात परेन। काष्ठमण्डपनगरी स्थित श्रीपशुपतिनाथको दर्शन गर्न नेपालका साथै भारतका भक्तहरू पनि टाढा—टाढाबाट आउँदछन्। शिवरात्रिको दिन पशुपतिनाथ—मन्दिरको रमाइलो दृश्य हृदयस्पर्शी हुन्छ। हिमालयको काखमा बसेको देश हुनाले यहाँ अनेकौं तपस्वीऋषिमुनिहरूका आश्रमहरू पनि छन्। प्राचीनकाल देखिनै हिमालयको काख तपस्याका लागि सर्वोत्कृष्ट स्थान गनिएको छ। देवताहरू पनि यस पवित्रस्थानमा आएर तपश्चर्या गर्दथे। अर्जुनले पाशुपतास्त्रको प्राप्ति यही स्थानबाट स्वयंपशुपतिनाथ भगवान् शंकरका करकमलबाट गरेका हुन्। भगवान् शंकरले पनि जंगली शिकारीको रूप धारणगरी यसै नेपालका वनमा विचरण गर्नु भएको प्रमाण शिवपुराणमा पाइन्छ। अन्तमा यो कुरा भन्न अत्यन्त आवश्यक र उचित छ कि नेपालका जनता सनातनधर्ममा अगाध श्रध्दा र आस्था राख्दछन् तथा यसको सुन्दर सेवामय जीवनको बाटो प्रति आस्था राख्तछन् ।

भारतः—

यस धर्म माथि भारतवर्षमा कैयौं आघात परे। विशेषतः प्रथम बौद्ध धर्मको, द्वितीय मुस्लिम धर्मको र तृतीय क्रिश्चियन धर्मको, तर यस धर्मले सबैको स्वागत गरी आफ्नो अस्तित्वलाई जीवित राख्यो । यो यसको प्रमुख विशेषता हो। सुनलाई पनि धेरै दिनसम्म नमाझी राख्यो भने बाहिर—बाहिर कालो भएर जान्छ तर भित्र आफ्नो स्वरूप चाँहि जाँदैन, त्यस्तै प्रकारले सनातनधर्मको अस्तित्व पनि गएन । समय—समयमा दुश्चरित्रता, अहंकार र सानो—ठूलो (ऊँचनीच) को भावनाको आधिक्य यस धर्ममा आयो र सनातन रूपी सुनलाई कतिपयले मैलो देखे अनि धर्मान्तरको प्रचार गरेर आफ्नो नाउँ चलाए । तर पछि तिनीहरूको तपस्या र अहिंसा मूलक धर्ममा पनि व्यभिचार र हिंसा रूपी कालो लाग्यो। त्यसै मौकामा जगद्गुरू शंकराचार्यले उनीहरूको सिध्दान्तलाई तर्कले खण्डन गरी आफ्नो सनातनधर्मको पुनरुद्धार गर्नु भयो। यस्ता प्रकारले कालो लागेको ठानिएको सुन फेरि माँझियो, चम्कियो।

मुस्लिमकालमा शान्त रहेर यसधर्मले आफ्नो जीवन बितायो । त्यस बखत अनेकौं आघात यस माथि परे । उपासना गर्नका साला खोसिए, उपासकहरू माथि कैयौं अत्याचार भए। कतिपय त बलात्कारमा पर्नाले धर्मपरिवर्तन समेत गर्न बाध्य भए। अनेकौंले आफूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तटस्थ राखे । सनातनधर्मीहरूको पवित्र तीर्थ वाराणसीको एक कथा अत्यन्त रुचिकर छ । एक पटक औरंगजेबका सैनिकहरूले 'गौरी गभस्तेश्वर' नामक महादेवको लिंग माथि प्रहार गरे । शिवलिंगमा भालाले प्रहार गर्नासाथ चोट लागेको ठाउँबाट मौरीका गोलो निस्केर सैनिकहरूमाथि खनियो । फलस्वरूप सबै आक्रामकहरू त्यो मंदिर छोड़ी भागे । यस कथाको प्रमाण—स्वरूप — मुस्लिम — मस्जिदको धेरै नजीकमा आजपनि त्यो शिवमन्दिर छ जसको शिवलिंगमा भाला—प्रहारको चिनु छ ।

अंग्रेजहरुका पालामा (नेपालमा उनीहरुले कब्जा गर्न सकेनन्) भारतमा मिशनहरु खोली दलितवर्गलाई धन र इज्जतको प्रलोभन दिई उनीहरुले आफ्ना धर्ममा मिलाउन लागे । त्यसबेला सनातनहिन्दूधर्मलाई ठूलो डर थियो, तर महर्षि दयानन्दले वेदको प्रचार र दलितवर्गलाई आफ्नो 'आर्यसमाज' नामक सम्प्रदायमा स्थान दिए । महर्षि सनातनधर्मको समष्टि अनुसरणमा विरोधी थिए तर उनले आंशिकरूपमा धर्म रक्षाको जुन पथ पैल्याए त्यो प्रशंसनीय छ । त्यसबेला सनातनधर्मको शुध्द सात्विक-मूर्तिपूजापध्दति सम्हाल्न नसकेकोले त्यसको खण्डन गरेर नै उनले आफ्नो पथभ्रष्ट हुन आँटेका हिंदूसमाजको रक्षा गरे । त्यसपछि गांधीले नीचवर्गलाई आफ्नो धर्ममा सम्मिलित गरी यस्को क्षेत्र विस्तार गरे ।

विशेषताः—

सनातनधर्मका प्रमुख विशेषताहरूमा वर्णाश्रम व्यवस्थाको ठूलो महत्त्व छ । यसले ससारका समस्त प्राणीहरूलाई अनुशासन र आफ्ना आफ्ना कर्त्तव्यको बाटो देखाउँछ । यो धर्म २५ वर्ष सम्म ब्रह्मचर्यव्रत धारणगरी सांसारिक बन्धनहरूबाट मुक्त भएर विद्याध्ययन गर्न र सेवामय बन्न सिकाउँछ । २६ वर्ष देखि ५० वर्षको उमेर सम्म गृहस्थ भएर सन्तानोत्पत्ति, अतिथिसत्कार र परिवारको पालन—रूपी उत्कृष्ट सेवा—कर्म गर्न सिकाउँछ, ५१ वर्ष देखि ७५ वर्ष उमेर सम्म उपदेश र शिक्षा दिई सांसारिक जीव—हरुलाई ज्ञान र कर्त्तव्यपथको प्रदर्शन गर्न सिकाउँछ. जसलाई वानप्रस्थाश्रम भनिन्छ । अन्तिम अवस्थामा संन्यास ग्रहण गरी मुक्तिमार्गको अवलम्बन गर्न सिकाउँछ । यस आश्रमव्यवस्थालाई आजपनि ग्रहणगर्न सक्यो भने मानवको जीवन सुखमय र नियमित हुनजान्छ यसमा सन्देह छैन ।

वर्णव्यवस्था पनि प्राचीन काल देखि चलि आएको उत्कृष्ट व्यवस्था हो । यदि ब्राम्हण, क्षत्रिय, वैश्य र शूद्र चारै वर्णले आफ्नो कर्त्तव्य निर्विरोध रूपले गर्ने हो भने देशले चरमोन्नति प्राप्त गर्ने थियो । सबैले आफ्नो अधिकार कर्त्तव्यको समुचितरूपले पालन गर्ने हो भने अहितहुने कुनै कारण हुँदैन । अनधिकारचेष्टा नै मनुष्यको पतनको कारण हो ।

सनातन धर्म र सेवाभाव

सनातनधर्मको प्रमुख उद्देश्य हो सेवा । यसका कतिपय प्रकार छन् । त्यसमापनि भगवत्सेवा हो सर्वोत्तम । ईश्वरउपासनाका नवधाभक्ति नामक नौवटा पथ छन् । मनुष्य आफ्नो इच्छानुसार ईश्वरलाई सखा मालिक या पति आदि रूपमा मान्दछन् र भजन कीर्तन, सेवा र हरिकथा-श्रवण आदि प्रकारले उनको उपासना गर्छन् । सनातन धर्ममा कर्मकाण्डको अत्यन्त महत्त्व छ जसको मूलमन्त्र दान हो । दानवीर कर्ण, राजा हरिश्चंन्द्र तथा दधीचिको पुराण - वृत्तान्त प्रशंसनीय छ । लोककल्याणको महत्त्व दर्शाउने धर्म नै सनातन धर्म हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मातृवत् परदारेषु परद्रव्येषु लोष्ठवत्
आत्मवत् सर्वभूतेषु यः पश्यति स पण्डितः ॥

निर्लोभता, सच्चरित्रता र लोककल्याण, यो नै यसको मूलमंत्र हो जसको अवलम्बन संसारका लागि ठूलो आदर्श हो ।

उपर्युक्त सबैकुराको सार हो सेवामय जीवनको महत्त्व, दान, दया र परोपकार पनि सेवा नै हुन—तसर्थ आफ्नो सम्पूर्ण जीवन नै यसमा लगाई शरीरान्त गर्नेले उच्चस्थान प्राप्त गर्छ यस्तो अटल विश्वास सनातनधर्मले दिन्छ । भरतको मर्यादापुरुषोत्तम रामप्रति अटल सेवाभाव देखिन्छ भने रामको पितृ आज्ञा–पालन रूपी सेवाभाव देखिन्छ । जगज्जननी जानकीजीको अटल पतिसेवा—भाव प्रसिद्ध छ भने लक्ष्मणको भ्रातृसेवाभाव स्पष्टै छ । दधीचिले आफ्नो हाड समेत अर्पण गरेर देखाएको परोपकार रूपी सेवा भावले अर्कोतिर अत्युत्कृष्ट आदर्श व्यक्त गरेको छ भने योगेश्वर श्रीकृष्णले भक्तसखा अर्जुन प्रति व्यक्त गरेको सेवाभाव पनि अविस्मरणीय नैछ । दिलीपको प्रबल गोसेवाभावले प्राचीन राजवृत्तको चित्रस्पष्ट गरेको छ यसरी हामीलाई उक्त उदाहरणहरूले सतत रूपमा सेवामय जीवन बिताउन प्रेरणा दिन्छन् ।

"वर्तमान हाम्रो वैज्ञानिक विश्वमा दुष्टले यति नराम्रो गर्न सक्छ र सज्जनले यति राम्रो गर्न सक्तछ कि त्यसको बारेमा हाम्रा पुर्खाहरूले सायद सपनामा पनि सोच्न सकेका थिएनन् ।"

—बर्ट्रेण्ड रसेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्म र जीवन; परस्पर-मूल्यको खोजमा

प्रा. गोपीकृष्ण शर्मा
त्रिभुवन कलेज, पाल्पा

धर्म तथा जीवनको शाश्वत सम्वन्धछ। जीवनको आधारभूमि धर्म हो। धर्म विना जीवन संचालित हुन सक्दैन। जीवन—रक्षाको मूलभूत — साधन धर्म हो। 'धर्मो रक्षति रक्षितः' सँग स्वर मिलाएर भन्न शकिन्छ कि सद्व्यवहार र कर्तव्यका आधारमा रक्षा गरिएको धर्मले स्वतः नै अप्रत्यक्ष रूपबाट जीवनलाई सुरक्षाको छहारी प्रदान गरेको हुन्छ। हुनसक्छ धर्मको व्याख्या विभिन्न कोणवाट गरियोस् अथवा विभिन्न मतावलम्वीहरू आ-आफ्ना आधार-ग्रन्थ र परम्परागत मान्यताहरूलाई प्रमाणमा उभ्याउँदै आ-आफ्ना डम्फू बजाउन् तर मूलभूत उद्देश्य एउटै रहेको हुन्छ। "अष्टादश पुराणेषु व्यासस्य वचनद्वयम्। परोपकारः पुण्याय पापाय परपीडनम् ॥" भनिए जस्तै परोपकार, न्याय, सत्य, दया र अध्यात्मोन्नति आदि धर्मका गन्तव्य शिखर हुन् उक्त अभिप्रेत स्थलमा पुग्न कल्पना गरिएका वाटा हुन् धर्मसम्वन्धी विभिन्न मत र मान्यताहरू। चाहे शिवधर्म होस् अथवा बुध्दधर्म दुवैको अभीष्ट लक्ष्य हो चिरन्तन शाश्वत सुख। सबै दर्शनहरू 'पुनरपि जननं पुनरपि मरणं पुनरपि जननीजठरे शयनम्' को चक्रवाट आत्मालाई मुक्ति दिलाउन आफ्नै किसिमका तर्क र वाटाहरूको प्रदर्शन गर्दछन्। वेदान्त, सांख्य, न्याय, मीमांसा आदि दर्शनको अभिप्रेत लक्ष्य पनि यही हो। 'संगच्छध्वं संवदध्वं संवो मनांसि जानताम्'—मा पुगेर नै धर्मको लक्ष्य टुङ्गो लाग्दछ र जीवनको अभिप्रेत लक्ष्य पनि यसैलाई सङ्केत गर्न सकिन्छ। निर्गुण, निराकार, सच्चिदानन्दघन ब्रम्ह-प्राप्तिका निमित्त सगुण र साकार ईश्वर-भेदको कल्पना गरिए जस्तै हुन् स्मृति र नीतिद्वारा निर्देशित वर्ण र आश्रमका भिन्न भिन्न धर्मसम्वन्धी मतहरू। 'तेरो र मेरो' को संकुचित सीमामा अभ्यस्त भएको जीवनलाई त्यस्तै अभ्यस्त सीमावाट उक्त अभीष्ट अध्यात्मोन्नति सम्बन्धी शिखरमा पुऱ्याउन कल्पना गरिएका 'स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः' जस्ता नाराहरू केवल लक्ष्यप्राप्तिलाई सजिल्याउने पथप्रदर्शन मात्र हुन्, परस्पर-विरोध सिर्जना गर्ने अथवा अलमल्याउने साधन होइनन्।

धर्म सत्वगुणप्रेरित चरित्र-विशेष हो। मानवचरित्रको उदात्त-पक्षलाई धर्मले निर्देशित गरेको हुन्छ 'धारणाद् धर्म इत्याहुः' सँग सहमत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएर भन्न सकिन्छ — धर्म धारणा गरिने सत्त्व-गुणप्रधान चरित्र-विशेष हो । यही उदात्त चरित्रमा नै मानवमात्र होइन पशु-पक्षी र नदी, वृक्ष तथा पर्वत समेत टिकेका हुन्छन् । यहाँ सम्म कि 'परोपकाराय वहन्ति नद्यः परोपकाराय फलन्ति वृक्षाः भने जस्तै नदी वृक्षहरू पनि त्यागमय उदात्त चरित्रको धारण गरेर कर्तव्य कर्मको आदर्शशिक्षा दिइरहेका छन् । वेद, उपनिषद्, धर्मशास्त्र र पुराणहरू, बाइबील र कुरानहरू यस्तै चरित्र-निर्माण तर्फ संकेत गर्दछन र सत्सङ्गति गर्ने सल्लाह दिन्छन् । यही साझा मानव-धर्मलाई विश्वमा पूर्वीय र पाश्चात्य प्राचीन धर्मग्रन्थहरूले औंल्याइरहेका छन् ।

प्रायः सुनिन्छ-धर्म प्रगतिको बाधक हो र विज्ञानको शत्रु, पनि धर्मको अन्धानुसरण गरेर नै आर्यहरूले वैज्ञानिक प्रगति गर्न पछि परेका हुन्. आदि आदि । वास्तवमा धर्मको मर्म नबुझेर, धर्मको मुटुलाई फेला न पारेर बाहिर-बाट नै लगाइएका यी आरोपहरू हुन् । धर्म कहिल्यै पनि जीवनको प्रगतिकोबाधक हुन सक्दैन । यतोऽभ्युदयनि : श्रेयससिद्धिः स धर्मः'-को 'अभ्युदय' शब्दले जीवनको प्रगति तर्फ सङ्केत गर्दै यही कुरा भनिरहेको छ । मानव जीवनको अभ्युदय यदि वैज्ञानिक अभ्युन्नतिबाट हुन्छ भन्ने त्यो धर्मका लागि स्वागत-योग्य छ । तर त्यस अभ्युन्नतिमा सत्को गन्ध र अध्यात्म-भावको जलप लगाइएको हुनु पर्दछ । 'निः-श्रेयस' शब्दले भन्न चाहेको पनि यही हो । यदि विज्ञानको लक्ष्य संहारकारी अस्त्र-निर्माण गर्नु हो, मानव-जाति माथि नै भय र त्रास पैदा गर्नु हो भने त्यस्तो विज्ञानलाई धर्ममा स्थान छैन । विश्वप्रगति र विश्वशान्तिमा शरीक हुने विज्ञानलाई धर्मले दिल खोलेर स्वागत गर्दछ । 'असतो मा सद्गमय' र 'तमसो मा ज्योतिर्गमय'-देखि लिएर 'विश्वानि देव सवि-तर्दुरितानि परासुव यद् भद्रं तन्न आसुव' सम्मका आर्षवाक्यले यस्तै विश्वशान्तिको मार्ग-प्रदर्शन गरेका हुन् । अर्को कोणबाट हेर्ने हो भने विज्ञान आफै धर्म — विरोधी होइन, बरू यसको आविष्कारबाट पैदा हुन सक्ने लोभ, घमण्ड. ईर्ष्या, स्वार्थरतप्रवृत्ति आदि दुर्गुणहरू धर्म-विरोधी हुन् । हतियार आफैं खराब होइन प्रयोग गर्नेको अविवेक खराब हो, यस्तै गरी विज्ञान आफैं खराब होइन यसको अन्धपक्ष नै खराब हो । त्यसो हुँनाले विज्ञानको प्रकाश-पक्ष संग धर्मको नाता जोडिएको छ । यसकारण अध्यात्मभावको जलप लगाइएको विज्ञान धर्मको परिपोषक हो भन्नुमा दुइमत हुन सक्दैन ।

अनादि कालदेखि धर्मले जीवनलाई पथ-प्रदर्शन गरिरहेको छ । आदिम युगमा धर्मको महत्त्व जस्तो थियो आज पनि उस्तै छ र चिर भविष्यमा पनि उस्तै मूल्य रहनेछ । यसैले जीव-नमा धर्मको मूल्य चिरन्तन छ । धर्मका प्रक्रि-यामा परिवर्तन आउन सक्छन्, नयाँ नयाँ बाटो सिर्जिन सक्छन्, मान्यता र धारणा परिवर्तित हुन सक्छन्, युग अनुसार परिवर्तित धर्मका साधनमा पूर्वापर विरोध देखिन सक्छ; तर मानवको मूल्य र संसारमा मानवमात्रको लक्ष्य बारे गहिरिएर घोरिने हो भने धर्मको मूलभूत उद्देश्य उस्तै अविचलित छ । मानववाद र मान-वतावादको आधारमा आज पनि पश्चिमी देश-हरूमा धर्मको मूल्यप्रति सक्रिय जोर दिइँदै छ । मानवतावादी दृष्टिकोणका विभिन्न वाद र मत-हरू धर्मकै आधारमा निर्मित साधनहरू हुन् र मानवजातिलाई उच्च तुल्याउने सुनौला सोपान हुन् । संयुक्त राष्ट्रसंघको वडापत्रमा पनि यस्तै मानवीय मूल्यको चर्चा छ । त्यसो हुनाले धर्म कुसुम कहिल्यै वैलाउन्न र आफ्ना सुगन्धले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनन्त कालसम्म विश्वलाई जीवित राखेको हुँन्छ । धर्मको प्रकाशमय किरणमा विश्व–मानव नै आलोकित हुन्छ ।

धर्म अविनाशी र ध्रुव सत्य हो । 'धर्मो धारयति प्रजाः' वाक्यको यहाँनेर सम्झना आउँछ । विश्व–मानव समुदायको भरण र पोषण धर्मबाट नै सम्भव छ धर्मले सूर्य र चन्द्र आ-आफ्ना कार्यमा लागेका छन् । श्रीमद्‌भागवत अनुसार कीटपतङ्गदेखि हात्तीसम्म र मानवदेखि ईश्वर सम्मको अस्तित्व धर्मकै आडमा रहेको छ । त्यसो हुंनाले धर्म जीवनको अपरिहार्य अङ्ग हो । धर्म विना जीवन खल्लो हुन्छ, नीरस हुन्छ । धर्म नै जीवनको सर्वस्व हो, अभिप्रेत उपलब्धि हो । यसकारण धर्मशास्त्र र नीतिहरूले स्वरमिलाएर निष्कर्षमा पुग्दै भन्दछन्—

"यतो धर्मस्ततो जयः ।"

"प्रेमपूर्वक संगठित होऔं । अनि अगि बढौं । अरूथोक होइन मात्र यी कुरा आवश्यक छन्—प्रेम, इमान्दारी र सहिष्णुता । विकास, विस्तार—प्रेम—यी तत्त्वबाहेक जीवनको के मूल्य छ ? त्यसैले पूर्णरूपमा प्रेम नै जीवन हो, यही एकमात्र जीवनको नियम हो । स्वार्थजति सारा मृत्यु हो । हामी अरूप्रति भलाई गरेर बाचौं यही जीवन हो । यसको विपरीत अरूप्रति हितकर नभै बाँच्नु मृत्यु हो ।"

—स्वामी विवेकानन्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मानुसन्धानको सन्दर्भमा—

समाधि-निरूपण

—प्रा. शिवगोपाल रिसाल

मानव जीवनको परमपुरुषार्थ हो आफ्नो वास्तव स्वरूपको सम्यक् बोधपूर्वक अखण्ड, परिपूर्ण, अविनाशी, शाश्वत शान्ति र आनन्द प्राप्त गर्नु । यथार्थमा आफू सदाकाल आनन्द-स्वरूपै हो तथापि मिथ्या ज्ञान किंवा भ्रमज्ञानले गर्दा आफूलाई सानो जीव, कर्ताभोक्ता, सुखी दुःखी मानेर तथाकथित पठितहरू समेत रात-दिन छट्पटाइरहेका छन् । अतः त्यही सदाप्राप्त सदाज्ञान आफ्नो ब्रम्हस्वरूपलाई सदा प्राप्त हो भनी बुझाउनको लागि नै वेदान्त आदि मोक्ष-परक शास्त्रहरू लागिरहेका छन् ।

दुःखको सर्वथा अभावपूर्वक अक्षय आत्म-सुखको प्राप्ति कसरी हुन्छ त भन्ने सन्दर्भमा विश्वका सम्पूर्ण मानवहरू अनुसन्धानरत भइरहेका छन् तापनि आत्मानुसन्धान किंवा वेदान्तविद्याको अनुशीलनबाट मात्र यो सम्भव भएको हुनाले बर्हिमुखी वृत्ति भएका मानिसहरू जतिसुकै शास्त्रको ज्ञान भए पनि, जतिसुकै धनी, मानी, शक्तिशाली भए पनि अशान्ति र असन्तोषले ग्रस्त देखिन्छन् ।

आध्यात्मिक उन्नति बिनाको भौतिक उन्नति निरर्थक; अकल्याणकारी र दुःखप्रद मात्र भए-कोले आजको युगमा आध्यात्मिक पुनर्जागरणको आवश्यकताको महशूस सम्पूर्ण विश्वले नै गरिसकेको छ ।

आध्यात्मिक समुन्नतिको उत्कर्ष हो आत्मानुभव । यही अनुभवको क्रममा शास्त्रले बताइएका साधनहरूमा अत्यन्त विवेचनीय हो समाधि । अधिष्ठानस्वरूप ब्रम्हवस्तु (आफ्नो पारमार्थिक स्वरूप) को अत्यन्त नजिकमा सम्यक् रुपबाट स्थित हुनु नै 'समाधि' हो। समाधिकोअभ्यासद्वारा नै स्वरूपसाक्षात्कार गर्न सकिन्छ । समाधि नै लक्ष्य होइन यो त एक साधन मात्र हो। वास्तवमा आफू (ब्रम्ह) साधन निरपेक्ष भएको हुनाले आफूले आफूलाई पाउनकै निमित्त कुनै पनि साधनको अवलम्बन गर्नु मूर्खता एवं उपाहासको विषय हो। त्यसैले ज्ञानवान् अष्टावक्र मुनि आफ्ना परमप्रिय शिष्य जनक महाराजलाई आज्ञा गर्नु हुन्छ –

निःसंगो निष्क्रियोऽसि त्वं
स्वप्रकाशो निरञ्जनः ।
अयमेव हि ते बन्धः
समाधिमनुतिष्ठसि ।।
(अस्टावक्र-गीता पहिला प्रकरण, श्लो. १५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हेजनक ! तिमी सदाकाल असंग छौ अर्थात् तिमी कुनै प्रकारका पनि कुराहरूसँग टाँसिएका छैनौ। त्यस्तै तिमी क्रियारहितहौ—तिमी गर्ने वा गरिने होइनौ। तिमी स्वप्रकाश एवं कुनै प्रकारको कालिमा, जस्ता दोषले रहित छौ। यस्ता तिमीले आत्मप्राप्तिको लागि समाधिमा वस्नखोज्नु या वस्तु न वन्धन हो।)

यसरी अष्टावक्र जस्ता महामुनिले उत्तम अधिकारीको लागि केवल ज्ञानलाई मात्र आत्म-साक्षात्कारको उपाय वताउनु भए तापनि वेदान्त शास्त्रमा मध्यमादि अधिकारीहरूको निमित्त समाधि आदि साधनहरूको विधान पनि पाइन्छ ।

पद्मासन कसेर, हात जोडेर बस्नुलाई मात्र समाधि भनेको छैन । चुपचाप बस्नुको नाम समाधि होइन। सबै नै प्रकारका कामना रूपी झारहरूलाई जलाउनको निमित्त आगोरूप तत्त्वज्ञानको साधनस्वरुप चित्तको अखण्डाकार स्थितिको नाम हो समाधि । स्थिर प्रज्ञाको स्थिति, नित्यतृप्त भावना, यथार्थ ज्ञानदायक चित्तको अवस्था हो समाधि । सुमेरु पर्वत मैं अचञ्चल मनस्थिति, अहंकार रहित, मूढातारहित विक्षेप विवर्जित, द्वैतभावना विनिर्मुक्त आत्मा-नुभवको वेलालाई शास्त्रकारहरूले समाधिको संज्ञा दिएका छन् । यो पनि एक मानसिक अवस्था हो—जहाँ पूर्णता छ कामना इच्छा छैन; जहाँ एकरस, एकनास, एकताको अनुभव मात्र छ हेय र उपादेयताको दृष्टि नै छैन। अनात्म विषयादिमा दृढ वैराग्य हुनु, ध्यान हो ध्यानको परिपाक समाधि हो अनि समाधिको पनि परिपाकवाट तत्त्वज्ञानको उदय हुन्छ। तत्त्वज्ञानवाट जीवितमुक्ति स्वतः प्राप्त भइहाल्छ।

समाधि हो पुरुषतन्त्र । यसैलाई पुरुषकार वा पुरुषार्थ पनि भनेको छ । आत्मज्ञान हो वस्तुतन्त्र । चित्तको समाहित स्थितिलाई समाधि भनिन्छ भने चित्त सदासर्वदा चैतन्य नै भएर अवस्थित हुनुको नाम हो आत्मबोध, ब्रम्हज्ञान, तत्त्वसाक्षात्कार, सत्त्ववृत्ति वा ज्ञानप्राप्ति । ज्ञानीको चित्तमा सदाकाल अकर्तृत्वभाव रहन्छ । यही नै उत्तम समाधि हो । यसैलाई ज्ञानसमाधि पनि मानेको पाइन्छ । ज्ञानीको समाधि पनि यही नै हो। ज्ञानी सँधैसमाधिमा रहनुहुन्छ। यसैलाई केवलीभाव र परम निवृत्ति पनि भनेको छ । आत्माज्ञानीको लागि घर र वन एकै हो। किनभने उसको चित्त चैतन्यस्वरूपै भइसकेको छ।

सामान्यतया सविकल्प र निर्विकल्पका भेदले समाधिलाई दुइ भागमा विभाजन गरेको छ।

(१) सविकल्प समाधि ध्यानको अभ्यासको क्रममा पहिलो खुड्किलो हो । यसमा त्रिपुटी मजासँग रहन्छ । अर्थात् ध्याता ध्यानर ध्येय; प्रमाता,प्रमाण र प्रमेय; ज्ञाता, ज्ञान र ज्ञेय रहिरहन्छ। यसवेला आफ्नो ब्रम्हस्वरूपमा चित्तका एकाग्रता रहन्छ।

(२) निर्विकल्प समाधिमा त्रिपुटी रहँदैन र ज्ञान-रूप आफूमात्र बाँकी रहन्छ। सविकल्पको परिपाक भए साधक आफू ब्रम्हसँग अभिन्न भएर निर्विकल्प समाधिमा पुगिहाल्छ।

वेदान्त शास्त्रमा समाधि भन्नाले निर्वि-कल्पलाई नै लिएको हो। निर्विकल्प समाधिमा जीवले अहंभावनालाई पार गरेर सम्यक् रूपले आफ्नो (अखण्ड ब्रम्हवस्तुको) अनुभव गर्छ । वाहिरी वृत्तिदेखि रहित बुद्धिदेखि परको मनको सर्वोच्च स्थिति हो समाधि राम, वशिष्ठ, अष्टा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वक्र, शंकराचार्य जस्ता ज्ञानवान्हरू सदासर्वदा यही स्थितिमा रहेर व्यवहार आदि गर्नुहुन्थ्यो। व्यवहार वास्तवमा अज्ञानीको अनुभवलाई अनुवाद गरीकन मात्र भनिएको हो। वास्तवमा व्यवहार हो मायिक, कल्पित र अपारमार्थिक। वेदान्तले मानेका तीन सत्ताहरू—व्यावहारिक, प्रातिभासिक र पारमार्थिकमा—पारमार्थिक मात्र साँचो हो, बाँकी दुवै सत्ता मिथ्या हुन। अध्यात्ममार्गका पथिकहरूको लागि एक मात्र सत्य हो परमार्थ। त्यही सत्, चित् र त्यही आनन्द हो। त्यो वास्तवमा आफ्नै स्वरूप हो। आफूदेखि भिन्न कुनै वस्तुको पनि सत्ता छैन। त्यसकारण सारा हो आफू मात्र। समाधिमा साधक मुमुक्षु अद्वैत आफूमात्र बाँकी रहन्छ।

मुमुक्षु पुरुषको निमित्त समाधिको अभ्यास चाहिन्छ। चित्तको चञ्चलता, वहिर्मुखता, विक्षेप आदि दोषहरूको निवारणको अत्यन्त सजिलो उपाय हो समाधिको अभ्यास। संसारका कुनै कुरामा पनि आसक्त नभएर आफ्नो प्रारब्ध अनुसार प्राप्त कुराहरूमा सन्तुष्ट रहेर सदासर्वदा (अर्थात व्यवहार कालमा पनि) ब्रह्म चिन्तन गरिरहनु हो ब्रह्माभ्यास, समाधिको अभ्यास अथवा ज्ञानाभ्यास वा आत्मचिन्तन वेदान्तशास्त्रमा यसैलाई निदिध्यासन पनि भनेको छ। गीताशास्त्रमा यसलाई ज्ञाननिष्ठाद्वारा स्पष्ट पारिएको छ। जसले समाधिको अभ्यास गरिसकेका छन्, जसको चित्त शुद्ध भइसकेको छ त्यस्ता उत्तम अधिकारीको लागि

'श्रवणान्मुक्ति'

(ज्ञानवान् गुरुबाट महावाक्य सुन्दासाथै मुक्ति मिल्छ।) तर जसको चित्तको कषाय दोष बाँकी नै छ तिनले समाधिको अभ्यास गर्नैपर्छ।

महर्षि पतञ्जलिले आफ्नो योगदर्शनको चार पादमा सबभन्दा पहिलो नै 'समाधिवाद' नामकरण गरी समाधिको विस्तृत विवेचना गर्नुभएको छ। समाधिपादमा योगको स्वरूपलक्षण बताए पछि सत्रौं र अठारौं सूत्रमा—संप्रज्ञात समाधिको परिभाषा गर्नु भयो—

'वितर्कविचारानन्दास्मितारूपानुगमात् संप्रज्ञातः।'
[योगसूत्र १।१७]

'विरामप्रत्ययाभ्यासपूर्वः संस्कारशेषोऽन्यः।'
[योगसूत्र १।१८]

वेदान्तले बताएको सविकल्प र निर्विकल्पमा र योगदर्शनले उल्लेख गरेको संप्रज्ञात र असंप्रज्ञातमा खास भेद के छ भने योगमा चित्तको सत्यता पक्षलाई स्वीकार गरेर निरोध गर्न खोजिन्छ त ज्ञानमा (वेदान्तमा) चित्तलाई हरहालतमा झुट्टा मानेर त्यसको मिथ्यात्वमा नै निर्णय गरिन्छ। त्यसैले योगसमाधिबाट तत्त्वबोध गर्न गाहारो मात्रै होइन असम्भवै छ। ज्ञानको निमित्त वेदान्तविना अर्को बाटै छैन। बरु के चाहिं अत्यन्त विचारणीय र सत्य कुरो हो भने योगसमाधिबाट चित्तशुध्द हुन्छ। चित्तशुद्ध मुमुक्षु महावाक्य उपदेश सुनेर मुक्त हुन्छ। अतः वेदान्त दर्शनले योगको महान् महिमा गाएको छ। किनभने चित्तलाई साँचो मान्ने साधकहरुको लागि योगसाधन, योगसमाधि अत्यन्त उपयोगी उपाय हो चित्तशुध्दिको लागि।

यहीसन्दर्भमा भगवान् वशिष्ठ योगवाशिष्ठ ग्रन्थमा श्रीरामलाई आज्ञा गर्नु हुन्छ—

योगीको चित्त चेतनतालाई लिईकन (अर्थात चित्तवृत्तिको हेतु वासना चित्तमा राखीकन) समाधिमा स्थित हुन्छ (वृत्तिको तात्कालिक अभाव हो समाधि)-समाधिमा वृत्ति रहँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानीको चित्तको वृत्ति सम्यक् ज्ञानबाट नष्ट हुन्छ, किनकि उहाँको चित्त वासनारहित हुन्छ (चित्तको वृत्ति कहिले पनि स्फुरित हुन पाउँदैन, किनकि वासना भएमात्र विषयाकार वृत्ति उठ्न सक्छ)। गीतामृत पृष्ठ २६६

बोधपूर्वक चित्तको अखण्डता हो ज्ञानसमाधि र योगपूर्वक [केहीकालको लागि] चित्तको अचञ्चलता हो योगसमाधि । अतः ज्ञानसमाधि नै हाम्रो कल्याणकारी ठहरियो । ज्ञानसमाधिबाट जीवन्मुक्ति सुखलाभ हुन्छ तर यो कुरा योगसमाधिबाट हुँदैन । ज्ञानसाधिलाई पनि दुइ खण्ड गर्न सकिन्छ—साधनाकालको समाधि (विचार समाधि) र आत्मज्ञानीको स्थिति । यसकारण ज्ञानसमाधि एउटा साधन [ज्ञानसाधन] पनि हो र सिध्दस्थिति [ज्ञानोत्तर कालको अव्वस्था] पनि हो ।

वृत्तिहरू त्रिगुणात्मक भएकोले गुणकै तारतम्यले शान्तवृत्ति, घोरवृत्ति र मूढ वृत्तिहरुको प्रकाशक म साक्षी सारा वृत्तिलाई जान्दछु—यो हो दृश्यानुविध्द समाधि । सम्पूर्ण वृत्तिदेखि रहित, असंग, शुध्द निर्विकार चैतन्य म हुँ यो हो शब्दानुविध्द समाधि ।

अचल बुध्दिलाई शास्त्रमा समाधि भनेको छ । प्राणनिरोध पूर्वक मनलाई निरोध गरे तापनि वासनाको आत्यन्तिक क्षय बोधपूर्वकै हुनुपर्ने भएकोले चित्तको मिथ्यात्वका बोधद्वारा (विचार समाधि वा ज्ञानसमाधिद्वारा) आत्मज्ञान गर्नु नै वेदान्तको प्रमुख विषय भएकोले यही नै सर्वोपरि सिध्दान्त हो। यसैबाट नै परमकल्याणरूप मोक्षलाभ सम्भव भएकोले अध्यात्म मार्गका पथिकहरुले ज्ञानसमाधिको अभ्यासमा लागिहाल्नु परेको छ । समाधिस्थ सज्जनबाट आफ्नो, समाजको, राष्टको र विश्वकै कल्याण अवश्यंभावी छ ।

❀ ॐतत्सत् ❀

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"आचारहीनं न पुनन्ति वेदाः"
आचारमूर्ति भगवान् श्री राम

—प्रा० मधुसूदन रिसाल "प्रदीप"

"...चारित्रेण च को युक्तः" इत्यादि प्रश्नको उत्तर स्वरूपनै आदि कवि महर्षि वाल्मीकिको आदि काव्य (रामायण) छ भन्नुमा अत्युक्ति हुँदैन। सम्पूर्णयोगीहरूको मनर्मान्दिरमा विराजमान आनन्दप्रद किम्बा आनन्दस्वरूपै श्रीराम माया भन्दा पर सम्पूर्णको आदिकारण, प्रत्यक्ष आदि प्रमाणको गम न पुग्ने हुनुहुन्छ भन्ने विषय श्री ब्रह्माजीको—

"मायातीतं माधवमाद्यं जगदादिं
मानातीतं मोहविनाशं मुनिवन्द्यम्।
योगिध्येयं योगविधानं परिपूर्णम्
वन्दे रामं रञ्जितलोकं रमणीयम्॥ (अ.रा.)"

यो वचनलाईनै प्रमाणका रूपमा प्रस्तुत गर्न सकिन्छ। यसको सारांश निवेदन गर्दा हाम्रा आदिकवि भानुले "राम हुन् परात्मा ति कहाँ विकारी" इत्यादि वचनबाट श्रीरामलाई अद्वैत आत्मस्वरूपमा अङ्गीकार गरेझैं आरामवादी सभ्यताको एक सदस्य यो लेखक पनि रामलाई शुद्धचैतन्य आत्मानै स्वीकार गर्दछ।

तदपि प्रस्तुत रचना आचारमूर्ति मर्यादा पुरुषोत्तम श्रीरामको आदर्श आचार र लीलाकोटीका मर्यादामय चारित्रिक विशेषताहरूको दिग्दर्शन सम्म गराउने रहर लिई रचित छ।

आदिकवि श्रीवाल्मीकि महर्षिको आदिकाव्य (रामायण) को सूक्ष्म अध्ययनबाट अवगत हुन्छ कि भगवान् श्री राम आचार धर्मको मानौं मूर्तिनै हुनुहुन्छ। भगवान् श्री रामको सम्पूर्ण जीवन सदाचारको कसीमा घोटिएको छ। "रामराज्य" शब्द आज पनि सम्पूर्ण वर्गका मानिसहरूको घाँटिको माला जस्तै बनिरहेको छ। महारामायण श्री योगवाशिष्ठ (ज्ञानवाशिष्ठ) मा विरक्त श्री रामका आदर्श दार्शनिक विचारहरू र महर्षि वशिष्ठका उपदेशहरूलाई पढन र सुन्न पाउँदा हृदय पुलकित हुन्छ। वाल्मीकीय रामायण अथवा रामचरित मानस पढने मानिसलाई यो सम्झदा विलम्ब हुने अवश्य छैन कि श्री रामको विचार र आचारमा कस्तो समन्वय थियो। श्री रामलाई बनबाट फर्काउने उद्देश्यले नास्तिक मतको आधार लिई प्रश्न गर्ने श्री जाबालिलाई उत्तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिदै श्री राम भन्नु हुन्छ कि मेरो प्रिय गर्ने इच्छाले तपाईंले जुन कुरा भन्नु भएको छ, त्यो कर्तव्य जस्तो देखिएतापनि कर्तव्य होइन। आपाततः पथ्य देखिएतापनि पथ्य होइन। जुन पुरुष धर्म अथवा वेदको मर्यादालाई तोड्दछ, त्यो पापकर्ममा प्रवृत्त हुन्छ। त्यसका आचार विचार दुवै भ्रष्ट हुन्छन्। त्यसैले त्यो सत्पुरुषहरूमा कहिल्यै संमान पाउँदैन। आचार नै यो बताउँछ कि कुन व्यक्ति उत्तम या नीच कुलमा उत्पन्न भएको हो। यस्तै कुन वीर हो? कुन वृथाभिमानी हो? र कुनचाँहिं पवित्र र कुनव्यक्ति अपवित्रहो, यो सबै उसको आचारबाट पत्ता लाग्न सक्दछ। तपाँइको उपदेशमा केवल धर्मको आवरण (ढकना) मात्र छ किन्तु त्यो वास्तविक धर्मसंमत छैन। यसबाट संसारमा वर्णसंकरता प्रचार हुनेछ। यदि म वेदोक्त शुभकर्महरूलाई त्यागेर विधि हीन कर्महरूमा लागौंला त कर्तव्य र अकर्तव्यको ज्ञान राख्ने कुन समझदार मनुष्य मलाई असल संझेर आदर गर्ला? यस अवस्थामा म दुराचारी, लोकलाई कलंकित गर्ने मानिने छु। हे ऋषिजी! तपाँइको यस उपेदशानुसार चल्नाले मसँग सम्पूर्ण दुनियाँ स्वेच्छाचारी हुनेछन्। सत्य सदाचारको पालननै शासकहरूको दयाप्रधान धर्म हो। सत्यमानै सम्पूर्ण लोक आधारित छ। सदाचारी व्यक्तिनै अक्षय (कहिल्यै नाश न हुने) मोक्ष पदप्राप्त गर्न समर्थ हुन्छ। संसारमा सत्य—सदाचारनै धर्मको मर्यादा हो र त्यही सम्पूर्णको मूल [जरो] हो। दान, यज्ञ, होम, तप र वेद यी सम्पूर्णको मूल सत्यनै हो। "सत्यसंकल्प ईश्वरः"। यसकारण मनुष्यले सदैव सदाचारी बन्नु पर्दछ। पहिलेनै सत्यपालनको प्रतिज्ञा गर्ने म, अब लोभ र मोहको वशीभूत भएर अज्ञानद्वारा विवेकशून्य भै आफ्नो पिताको मर्यादा भङ्गगर्ने छैन।

आदर्शका लागि जुन राम राज्यको स्थापनामा आज भोलि जोड दिइरहेको छ त्यो केवल सदाचारनै प्रतिष्ठित थियो। यदि राम राज्य मान्य छ त भगवान् श्री रामको आदर्श आचार विचार पनि मान्य हुनु पर्दछ र भगवान् श्री रामको पतित पावन चरित्रको प्रकाशमा शास्त्रशुद्ध लोककल्याणकारी आचार विचारहरूको ग्रहण गरी "मृत्योर्मा अमृतं गमय" यो श्रुतिको सन्देशलाई सार्थक तुल्याउनु समुचित छ।

वास्तवमा हाम्रो वेदमूलक संस्कृतिमा मर्यादापुरुषोत्तम भगबान् श्री रामको परम आदर्शमय अति सुन्दर चरित्रभन्दा बढी मानवजीवनलाई सर्वाङ्गसुन्दर बनाउने सम्पूर्ण शिक्षाप्रद चरित्र आजसम्म पनि कतै उपलब्ध भएको छैन। यदि लौकिक संस्कृत साहित्यबाट श्री रामको आदर्श चरित्र झिकिदिने हो भने यो भनाई अतिशयोक्तियुक्त हुने छैन कि साहित्यमा आचारशिक्षणको एक क्रियात्मकरूप सदाका लागि लुप्त हुनेछ। आदर्श आचारशिलाई लिएरनै आजको यो भीषण जडवादको जंजमाहटमा पनि "राम राज्य" यो शब्द लोकप्रिय बनिरहेको छ। हिन्दु संस्कृति यसैले गर्दा सर्वोत्तम कहिएको छ, किनकि यस संस्कृतिमा धर्म, अर्थ, काम र मोक्ष यी चारै पुरुषार्थहरूको विवेचनका साथसाथै आचारलाई पनि ठूलो स्थान दिइएको छ किम्वा यसको पूर्ण समन्वय छ। यदि विचार विनाको आचार पङ्गुहुन्छ त आचार विनाको विचार पनि अन्धनै हुन्छ। आचार र विचारको सन्तुलन मिल्न न सके प्राणी मध्ये सर्वश्रेष्ठ बिबेकशील मनुष्य पनि खाडलमा खस्न सक्दछ। अत एव "आचारः प्रथमो धर्मः" आचारप्रभवोधर्मः" आचार हीनं न पुनन्ति वेदाः" अर्थात् आचारनै पहिलो धर्म हो, आचारबाट धर्म उत्पन्न भएको हो र आचारहीन व्यक्तिलाई वेद किम्वा आफूले जीवनमा उपार्जन गरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अपार ज्ञान राशिले पनि पवित्र पार्न सक्दैनन् । यी वचनहरूद्वा आचारलाई सर्वश्रेष्ठ धर्मका रूपमा उल्लेख गरिएको छ । भगवान श्रीरामको चरित्रलाई हामीहरू जुनसुकै दृष्टिले अवलोकन गरौं तापनि त्यो सर्वथा आदर्श, तथा सदाचार-सम्पन्न छ । यसैविषयमा "स्थाली पुलाकः" द्वारा एक दुई दृष्टान्त प्रस्तुत छन् ।

"रामस्य चरितं कृत्स्नं कुरु त्वमृषि सत्तम ।
धर्मात्मनो भगवतो लोके रामस्य धीमतः ॥
\+ \+ \+ \+
नते वागनृता काव्ये काचिदत्र भविष्यति ।
कुरु रामकथां पुण्यां श्लोकवध्दां मनोरमाम् ॥

(वा. रा. वाल. २।३२।३५।३६)

"अर्थात् हेवाल्मीकि महर्षि ! तपाँइ धर्मात्मा, ज्ञानवान्; भगवान् श्रीरामको सम्पूर्ण चरित्र (काव्य रूपमा) निर्माण गर्नु होस् । जुन काव्यमा कतै पनि तपाँइको वचन झुटो हुने छैन । अतः सुन्दर श्लोकबध्द शैलीमा त्यो पुण्य कथा लाई रचि हाल्नु होस्" । इत्यादि श्री ब्रह्माजीकै आज्ञालाई शिरोधार्य संम्झी आदि कविले रच्नु भएको यो आदर्श महाकाव्य रामायण हामी धर्मप्राण हिन्दुहरुमा निति वेद जत्तिकै मान्य छ ।

अत एव "एकपत्नीव्रतधरो राजर्षिचरितः शुचिः" अर्थात् एकपत्नीव्रत (नियम) मा दीक्षित राजर्षि (राजश्रेष्ठ श्रीराम) को चरित्र अत्यन्तनै पवित्र छ । आदर्श मर्यादा पुरुषोत्तम श्रीरामको लोकोत्तर चरित्र साँच्चैनै आचरमय छ । यसो हुँदानै छोरो कस्तो ? राम जस्तो, पतिकस्तो ? राम जस्तो, भाइ कस्तो श्रीराम तुल्यकै र राजाकस्तो श्रीरामजस्तै इत्यादि सम्पूर्ण प्रश्नको उत्तरका रूपमा पनि हामी आदर्श चरित्रमय श्रीरामलाई नै पाउँछौं ।

यति मात्र उल्लेख गरेर अलि चित्त बुझेन । अतः "मधुरेण समापयेत" यस उक्तिलाई ध्यानमा राखी पतितपावन भगवान् कै अमरवाणी पाठकवृन्दमा चढाउन चाहन्छु । आफ्नी जीवन सहचरी जानकीजीलाई सम्बोधन गर्दै श्रीराम आज्ञा हुन्छः—

"हे सीते ! म आफ्नो जीवन छोड्न सक्छु लक्ष्मण र तिमीलाई पनि छोड्न सक्छु किन्तु ब्राम्हण र धर्मको रक्षाका लागि गरिएको प्रतिज्ञाको त्याग कसरी संभव हुन सक्ला ?"

"अप्यहं जीवितं जह्यां त्वां वा सीते सलक्ष्मणाम् ।
नहि प्रतिज्ञां संश्रुत्य ब्राम्हणेभ्यो विशेषतः ॥"

अतएव पछि आई महात्मा तुलसी र भावुक भवभूतिको लेखनीले उल्लेख गऱ्योः—

"निति प्रति परमारथ स्वारथ ।
कोउ न राम सम जान जथारथ ॥
(मानस रामायण)

'स्नेहं दयां च सौख्यं च यदि वा जानकीमपि ।
आराधनाय लोकस्य मुञ्चतो नास्ति मे व्यथा ।"
(उत्तररामचरितम्)

अतः त्यो आदर्श राजा श्रीरामलाई हृदयतः प्रणाम गर्दै धर्म प्राण बन्धुहरुसँग विदा लिनु भन्दा अघि प्रार्थना गर्दछुः—

"रघुपति राघव राजा राम ।
पतितपावन सीताराम
जय रघुनन्दन जय घनश्याम
जानकीवल्लभ सीताराम ।

—※—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनातन धर्मतत्त्व

—श्रीप्रसाद गौतम

के एउटा पूरा आयु याँच्ने मानिस आजीवन इमान्दार नास्तिक अथवा धर्मविमुख बनेर मर्न सक्छ ?

संसारका विख्यात धर्मविरोधी मानिसहरू र धेरै धुरन्धर वैज्ञानिकहरूलाई देखाएर "सक्छ" भन्ने उत्तर दिन जो कोही अघि सर्ने छ। तर को भन्न सक्छ मानव – अपरिवर्तनीय प्रकृतिनै लिएका ती महानुभावहरुले एकान्तमा अज्ञात शक्तिप्रति आर्तपुकार गरेर शान्ति समाधानको याचना गरेनन होला ? प्रत्यक्षतः धर्म मानिस–समष्टिको आफ्नै सहज आविष्कार तथा आस्थाको विषय रहेको छ र संसारका प्रत्येक कुनामा विभिन्न कालको अन्तरमा अस्तित्वमा आएर सभ्यताको विकास गरेका जाति समाजमा समान रूपले धर्मको उत्पत्ति र अभ्युदय पनि भएको छ। आज पनि सभ्यताको पहिलो खुड्किलोमा उक्लन लागेका तथा शिखरमा पुगेका समाजमा धर्मप्रतिको आस्था र धार्मिक अनुशासन पाइन्छ।

यसरी धर्म मानिसको समग्र चेतनाको अविभाजित अंगरूपमा देखा पर्दछ। मानव व्यवहारमा प्रतिदिन आउने कार्यकारण व्यापारहरू कुनै तर्क र युक्ति उपयोगिताको आधारमा संचालित हुन्छन। तर धर्म प्रतिदिन यसरी केलाइने र छानवीन फारफेर गर्ने विषयमा पर्दैन। विज्ञान-गणितका निष्पत्ति र अर्थशास्त्रका व्याख्याहरु समेत कालसापेक्ष हुन्छन्, बदलिँदै संशोधित हुंदै जान्छन्। तर धर्मको त्यस्तो प्रकृति हुंदैन, उ सनातन हुन्छ। एक अटूट तर्कातीत आस्थाको रूपमा मानव प्रकृतिसंग धर्म र धार्मिकताको अविच्छिन्न प्रवाह चलेको हुन्छ।

बुद्धिवादको जोडले गर्दा एक पटक जीवनमा प्रायः सबैजसो मानिस इतर विषयको झैं धर्मतत्त्वको पनि खानतलासी लिन जमजमाउंछन। तर चांडो ढिलो धर्मको शाश्वत प्रभावको अनुभव गर्न थाले पछि मानिस धर्मलाई केवल विश्वासको रूपमा पुनः ग्रहणगर्न लाग्दछ। मानवको मूल चेतनाले उसको अन्तिम आश्रय धर्म–धार्मिकता मात्र हो भन्ने निश्चय गर्दछ र आश्वस्त तुल्याइहाल्दछ।

किन्तु केही यस्ता व्यक्तिहरु, जो लोक प्रपंचको आत्मसृष्ट कठिन जंजालमा परि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकेका हुन्छन्, तिनका लागि प्रत्यक्षतः एक पटक ठूलो जोरजबर्जस्तीसाथ धर्ममाथि गरेको प्रहारलाई आफ्नो गल्ती थियो भन्न संभव हुंदैन। प्रतिष्ठा, विनाश र लोकसापेक्ष अहंको सर्वनाशको कल्पनामात्रले धर्मलाई विखण्डन गर्नमा जीवन अर्पित गरिसकेका व्यक्तिका लागि या त नयां धर्म प्रकृतिको लोकसंग्राहक विधि व्यवस्थित गर्न बाध्य हुनुपर्छ, अन्तर्मुखी धर्मोपासनाको मौन क्रियामा एक्लै भएपनि प्रवृत्त हुनुपर्छ । किनकि यो मानवप्रकृतिको अपरिहार्य तथ्य हो। मानिस हमेशा नै लौकिक कामनाले आफ्नो अन्तरलाई दग्ध विक्षिप्त विचलित गराई राख्न चाहन्न र सक्तैन। एकान्तमा जब ऊ कुनै सत्य-शिव-सुन्दरको आवाहन गरेर लोकप्रपंच र लोकैषणाको आसक्ति देखि माथि उठेर आनन्दको स्थितिमा स्थित हुन खोज्दछ, त्यसबेला उसले धर्मसँग सहज रूपमा तादात्म्य जोडिरहेको हुन्छ।

लोकनेतृत्वको निम्ति, बौद्धिक धाक जमाउनको लागि र चल्तीको फेशनद्वारा अहंतुष्टको लागि धर्मको सम्बन्धमा निर्णायक फैसला सुनाएमैं जीवनमा यसको केही उपादेयता नरहेको सिद्ध गर्न एक निरक्षर देखि ठूला ठूला शिक्षा डिग्री धारी सम्मले बडो धृष्टता साथ परम तत्त्व वेत्ता बन्दिन कत्ति संकोच नमानेको देख्ता अचम्म मान्नु पर्दैन । आज मानिसमा इमान जतिसुकै कम हुँदै गए पनि इमानशून्य मानिस बनिसकेको छैन त्यसैले लोक समाज कायम छ । तर इमानप्रतिको व्यापक आग्रह प्रत्येक व्यक्ति आज पनि गर्दछ । धर्म विना इमानको अर्को आधार नै हुन सक्तैन । यस स्थितिमा आजको सस्तो बुद्धवादिता समक्ष यही एक प्रश्न राखेर कुन् निष्कर्षमा पुग्न संभव हुन्छ भने तिमी, संख्यातीत शस्त्रास्त्रको आंतक र अरु कुनै भौतिकशक्ति प्रलोभनको भरमा मानिसलाई इमानदार बनाउन सक्तैनौ। अथवा जुन् सुकै आधार अवलम्बन अघि राखेर मानव प्रकृतिलाई इमान्दार बनाउने दाबी गर्नेछौ त्यसलाई जेभनौला, त्यसको नाम व्याख्या जुन जसरी अघि राखौला, त्यसको सम्पूर्ण परिवेश धर्मको हुंनेछ । किनकि मानसिक स्वीकृति र साधना विना त्यस्तो लक्ष्यसिद्धि संभव छैन, त्यस्तो साधना धर्मोद्दिष्ट दिनचर्या, विनय, शुद्धसंकल्प विना संभव छैन ।

यस विषयलाई अर्को किसिमसंग प्रस्तुत गर्दा के पनि भन्न सकिन्छ भने मानिसका सम्पूर्ण दर्प, अहं चूर्ण विचूर्ण भए पछि चारैतिरबाट असहाय बनेको बेला उसले हे पदार्थ विज्ञान, हे अन्तररिक्ष भू-उपग्रह कार्यक्रम, हे अणु—उद्जन शक्ति मलाई शरणमा लेऊ, भनेर अन्तः पुकार—गुहार लगाउन सक्तैन उसका लागि त्यस बेला जुन् अवलम्बनको खांचो हुनेछ, जहां पुगेर उसको मानसिक समाधान—विश्रान्ति संभव हुने छ--त्यो धर्म तत्त्व नै हुने छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्म र त्यसको फल

ज्ञानेश्वर शास्त्री काव्यतीर्थ
रिडी थोर्गा गुल्मी

परमेश्वरको निश्वासबाट उत्पन्न अनादि अपौरुषेय स्वतः प्रमाण वेदद्वारा विधान गरिएको धर्म नै सनातन धर्म हो। हामी आफ्नो उभय-लोकको कल्याणका लागि जसलाई धारण गर्दछौं त्यो धर्म हामीबाट सुरक्षित भए हाम्रो पनि संरक्षक किम्वा धारक वन्दछ। यदि हामी प्रमादवश धर्मको उपेक्षा गरिदिन्छौं तव यो लोक र परलोक हाम्रो निम्ति कष्टदायी वन्दछ।

प्राणीमात्रको इष्ट अविनाशी सुख हो। दुःख कसैका निम्ति अभीष्ट छैन, यस्तो सुखको प्राप्ति र सधैंका निम्ति दुःखको निवृत्ति मोक्ष दशामा नै संभव छ। मोक्षको साधन धर्म नै हो। अतएव यो सवैका लागि इष्ट ठहर्न आउँछ।

हुनत मोक्षको साधन ज्ञान नै हो धर्म हैन र धर्म र ज्ञानको समुच्चय पनि हैन तापनि धर्मानुष्ठानबाट चित्तशुद्धि प्राप्त हुन्छ र वेदान्त श्रवण पूर्वकको ज्ञान मोक्षको हेतु हुन्छ। यसरी मोक्षको साक्षात् साधन ज्ञान भए पनि परम्परागत साधन धर्म हुन आउंछ। धर्मविना चित्त शुद्धि नहुने हुनाले र चित्त शुध्दि विना ज्ञान असंभव भएको हुनाले मोक्षको आदि कारण धर्म नै हो भनेर मान्नुमा अनुचित हुने छैन।

धर्म यदि कर्तृत्वाभिमान र फलासक्तिपूर्वक अनुष्ठित हुन्छ भने त्यो स्वर्गादिलोक प्राप्तिको हेतु हुन्छ। किन्तु निष्काम भावनाले अर्थात् कर्ता भोक्ता भाव र फलेच्छालाई त्यागेर केवल ईश्वरार्पण बुध्दिले धर्म गरिन्छ भने त्यो चित्तशुध्दिको हेतु हुन्छ। यो धर्म मोक्षपर्यवसायी हो। अतएव शास्त्रमा भनिएको छ–जवसम्म चित्तको शुध्दता प्राप्त हुँदैन तवसम्म अर्थात् सय वर्ष सम्म पनि निष्कामना-पूर्वक कर्म गरिनै रहनु पर्दछ। यसरी धर्म नित्य-तृप्तिको हेतु हुन्छ। यदि कामना रहित भएर धर्म गर्न सकिंदैन र सकाम रूपले पनि गरिन्छ भने त्यो आस्तिक्य भावको संरक्षणमा हेतु हुन्छ। फलस्वरूप कालान्तरमा मोक्षप्राप्तिको सहायक बन्दछ। अतः शास्त्र भन्छ-"भरसक कामनालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यागेर मोक्षका लागि धर्मानुष्ठान गर, यदि कामत्याग्न सक्दैनौ भने पनि धर्मको पालन अवश्य गर "।

वर्ण र आश्रमको मर्यादामा रहेर गरिएको धर्म नै फलदायी हुन्छ। हाम्रो आग्रह शास्त्रानुकूल नभए परिणाम भयावह हुन्छ। परमेश्वरमा पक्षपात छैन। हाम्रो पूर्वजन्मको कर्म अनुसार गुण र कर्मको विभाग गरिकन सर्वज्ञ परमात्माबाट जातिव्यवस्था र आश्रम व्यवस्था भएको हो। यसमा प्रमाण शास्त्र नै हो। के गर्ने! के नगर्ने यस विषयमा निर्णय दिने शास्त्रमा आस्था नभए हिन्दू किम्वा सनातनधर्मी भनिकन मानिंदैन। धर्मको स्वरूप, अनुष्ठानको तरीका र त्यसको फल विषयमा गरिएका शास्त्रीय निर्णय विद्वान र तत्त्वदर्शी पुरुषहरूबाटै थाहा लाग्छ। अतएव विज्ञ पुरुषहरूबाट नै आ–आफ्नो धर्म पृथिवीका सबै मानिसहरुले सिकुन् भन्ने शास्त्रीय वचन छ।

जस्तै सम्पूर्ण नदीहरू समुद्रमा मिसिएर मात्र विश्राम गर्छन् त्यस्तै प्राणीहरू अधिष्ठान परमात्मालाई प्राप्त गरेर मात्र चिरसुख प्राप्त गर्छन्। ईश्वरबाट छुट्टिएपछि प्राणीहरु इन्द्रियको बहिर्मुखतावशात् आफ्नो स्वरूपदेखि धेरै टाढा भैरहेका हुन्छन्। निष्कामनापूर्वक स्वधर्मानुष्ठानबाट उनीहरुका इन्द्रियहरू बहिर्मुखतालाई त्यागेर अन्तर्मुख बन्दछन्। परमेश्वरको सम्मुख हुनु नै अन्तर्मुखता हो। यो शास्त्रोक्त धर्मपालन केवल मानिसबाट मात्र संभव हुने हुनाले मनुष्यजन्म मोक्षको द्वार हो भनी मानिएको छ। यो धर्म परमेश्वरको उपासनाको साथै हुनुपर्छ तब मात्र चित्तको अन्तर्मुखताको साथै एकाग्रता पनि प्राप्त हुन्छ। यसको फलले शान्त, दान्त, तितिक्षु बनिकन आत्मतत्त्वको विशेष जिज्ञासा लिएर मानिस श्रीगुरुको शरण लिन्छ, ब्रम्हज्ञानी श्रोत्रिय गुरुबाट ब्रम्हविद्या प्राप्त गरेर अनन्त जन्मको मूलकारण अज्ञानलाई उच्छेद गरी मुमुक्षु मोक्ष प्राप्त गर्न समर्थ हुन्छ। यो नै हो धर्म पालनको अन्तिम फल।

"मानिस यस दुनियाँमा धेरै बोलेर पनि, बोल्दै नबोलेर पनि र थोरै बोलेर पनि निन्दित बन्न पुग्दछ। संसारमा एउटा पनि मानिस यस्तो छैन जो बिलकुलै निन्दित नहोस्। साथै यस्तो मानिस पनि यो दुनियाँमा न थियो न छ र नहुने छ जो सधैं निन्दितै रहोस् अथवा सधैं प्रशंसित नै।"

—भगवान् बुद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्यात्म भावना र मानवता

—हरिप्रसाद अर्ज्याल

मानवताको विवेचना अध्यात्म—भावनामा आधारित छ। अध्यात्मविहीन भावना यस्तो भावना हो जसमा भौतिक र पाशविक कामना पूर्तिको मात्र वासना रहन्छ। अध्यात्म भावनात्मक हुँदैन बरू भावना चाँही आध्यात्मिक हुन सक्तछ। भावना, कामना र वासनाहरू देखि भिन्न स्थिति नै अध्यात्म-भावना हो। अध्यात्म यस्तो भावनात्मक विषय हो जसमा इच्छा, अनिच्छा, भावना—निर्भावना, सुख—दुःख, बन्धन—भक्ति आदि द्वन्द्वात्मकचक्रहरूको परिचालना घाम र छायाँ झैं भइरहन्छ तापनि अध्यातममा नै द्वन्दात्मक प्रतीति रहदैन। सुख दुःखादिको प्रतित भावनामा रहन्छ किन भने-भावकको मानसिक दशामा मात्र भावनास्फुरण हुने हुनाले यो मानसिक उपज हो। मनवाट उब्जिएका जुनसुकै भावनाहरू पनि स्वतः आध्यात्मिक हुँदैनन्। आध्यात्मिक आवरणले भावनालाई त्यतिवेला रंगाउन सक्तछ जब त्यो संकल्पित भावना भित्र कुनै स्वार्थ नभएर केवल आध्यात्मिक सहज भावनाको मात्र अस्तित्व रहन्छ। यसमा पनि शुद्धअध्यात्म त हुंदैन किनकि संकल्पित भावनालाई आध्यात्मिक भावनाले परिवेष्टित गरिने हुंदा यस प्रकारको भावनासा आध्यात्मिक प्रचुरता भए पनि मल-आवरण, विक्षेप यसमा बाँकी नै रहन्छ। त्यस्तो भावको लवलेश रहेसम्म शुद्ध आध्यात्मिक चैतन्यमा विश्वप्रेम अटाउन सके पनि आफ्नो स्वार्थको समेत थेग्रीन बाँकी नै रहन्छ। यसकारण व्यावहारिक शुद्धता देखि विलक्षण भावातिरेकस्थिति नै आध्यात्मिकस्थिति हो। अन्वय र व्यतिरेकभन्दा परको अव्यक्त भाव नै अध्यात्म हो र यस्तो अव्यक्त भावलाई शाब्दिक रूपमा व्यक्त गर्नै पर्ने हुनाले बुझ्नको निमित्त यस्तो भावलाई अध्यात्म भावना भन्ने सनातन नियम छ। नत्र त अध्यात्मलाई व्यक्त्याउन मन वचन र कर्मले सकिन्न, केवल ज्ञानले सकिन्छ।

अध्यात्मदर्शन अनुसार आत्मदर्शन नै आध्यात्मिकभाव र सर्वभाव हो। भावको अर्थ हो सेवाभाव, करुणा, त्याग, धैर्य र शान्तिप्रदस्थिति। यस्तो स्थितिमा सत्य-शिवं-सुन्दरम्‌को एकीकरण हुन्छ। भावनालाई उब्जिनेर मनुष्यको आत्मज्ञानले ब्राह्मीस्थितिको बोध गर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्यात्मको अर्को अर्थ हो पारमार्थिक भावापन्न स्थितिपरमार्थको तात्त्विक अर्थ दृश्यमान संसार देखि दूरस्थ अर्कै लोक—शायद यो लोक मानव हृदय भित्र नै हुनु पर्दछ—को कल्पना हो। दार्शनिक अन्तर्भाववाट निहालेर चिहाउन सकियो भने यो कुरा देखिन सक्तछ । परमको अर्थ ठूलो हो त्यसैले परमार्थ ज्यादै महत्वपूर्णछ। पारमार्थिक भावलाई सरलीकृत भावपूर्ण भाषामा उतार्दा अध्यात्मभावनाको अर्थ लाग्न सक्तछ । यो भावनालाई मानसिक तहमा ल्याएर जो विचार गरिन्छ त्यो नै आध्यात्मिक विचार हो। भावना विचारमा आध्यात्मिकता आएपछि आरोपित भावना विलीन हुन्छ । आध्यात्मिक भावनाको एकीकरण अध्यात्म तत्त्वमा भइसके पछि बाँकी रहने शेष अध्यात्म हो। तर पनि कर्ता—कर्म, आधेय—आधारादिहरूको प्रतीति मनोनाश नभई नसिद्धिने हुनाले भावुकदेखि भाव तथा आध्यात्मिक देखि भावनाको पृथक्करण गर्नाले सांसारिक—हरूको निमित्त पनि गोलमाल पर्ने हुँदा यहाँ अध्यात्म देखि भावना अलग गरिंदैन। यसकारण अध्यात्म भावनाबाट पनि मानवतालाई छुट्याउन सकिंदैन । छुट्याउन सकिन्छ तर यसो गर्नाले मानवताभित्रको मानवीय तत्त्व र मानवत्वको वियोग अध्यात्म आवनाको पृथक्ताबाट पर्न जान्छ । यसो भएको हुनाले मानवता भन्नु नै एउटा आध्यात्मिक झिल्का हो । अध्यात्ममा विशेष्य विशेषण र संज्ञात्मक नामहरू हुँदैनन् । नामरूपलाई छोडे पछि बाँकी रहने वस्तु अध्यात्मतत्त्व हो । तर आध्यात्मिक भावनामा हो भने ब्रम्हाण्डका प्रत्येक कणमा ईश्वरीय तत्त्व पाइन्छ । अध्यात्म तत्त्वको न्यूनाधिक मानसिक धारणामा हुन सक्ला यो पनि एउटा मनन योग्य कुरा हो ।

तर मन र बुद्धिभन्दा पर पुगेर विचार वा अनुभूति गर्ने हो भने आध्यात्मिक सार्वभौमसत्ता सम्पन्न मानवमनोराज्यमा अनिर्वचनीय ब्रम्हको न्यायोचित एकाधिकार छ । यो आत्मानुभवको विषय छ त्यसैले यसलाई आध्यात्मिक जिज्ञासा भएमा मानव स्वयंले जान्न सक्तछ भनी दार्शनिकहरूले बताएका छन् । जसले आत्मदर्शन गर्न जानेका छन् तिनीहरूको लागि, सूक्ष्म कणदेखि विशाल ब्रम्हाण्डसंम, दूरवीक्षणबाट देखिने कीटाणु देखि भीमकाय—जनावरसंम, मनुष्य देखि विराट्संम र विराट्देखि ब्रह्म सम्म एउटै मूलतत्त्व प्रतीत हुन्छ । तर यी सबैमा भन्दा विशेष प्रकारले विधान रहेको मानवचैतन्यमा भने आध्यात्मिक भावनाको आधिक्य रहन्छ।

आध्यात्मिक भावनामा चराचर जीव-जगत एउटै ब्रम्हमा अवस्थित छ । यो कुरा राम्ररी बुझेर हृदयङ्गम गर्न सक्ने क्षमता सहितको ज्ञान मानवमात्रमा पाइने हुनाले आध्यात्मिक भावनाको जन्मजात प्रवृत्ति मानवमा पाइन्छ भन्नुमा कुनै पक्षपात र पंक्तिभेदको आरोप लाग्ला जस्तो बुझिन्न । किन भने प्राणीहरूमा आत्मतत्त्वको विभाजन समानानुपातिकरूपले भएको छ । आत्मा सर्वत्र एकरूप र एकरसले रहेको छ भन्ने समदृष्टि विशेष गरेर मानवमात्रले पाएको छ । दर्शन तथा अध्यात्मको गाहिराईमा पुगेर विश्वशान्ति र विश्वभ्रातृत्वको स्नेह लहरीले संपूर्ण विश्वलाई परिवेष्टित गर्न सक्ने अपूर्व उदार र प्रेमी मनुष्यलाई आध्यात्मिक महामानव भन्न सकिन्छ। दुःखको कुराछ कि यस्ता मानवहरूको संख्या आजको भौतिक वातावरणमा थोरै छ। जे होस्, एउटै मात्र यस्तो भए अरबौंको अगाडी उही नै अग्रगण्य हुन्छ । संसारका प्रत्येक राष्ट्रहरूमा एक—जना यस्ता विभूति भइदिए भने पनि आजको रुग्ण, दारिद्र शिक्षाविहीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गति, रोग, र युध्दकावादल वितरवितर हुने थिए !

मानवले कुभावनाको कालो पर्खाल नाघेर गई हृदयोद्यानमा फक्रेको सहस्रदल कमलको गट्टामा आफूलाई केन्द्रित पार्न सक्यो भने उसले आफैंभित्रको अक्षय तत्त्वको अनुभव प्राप्त गर्न सक्तछ । हृदयकमलमा तरेली परेको पीयूष पान गर्दा आत्मविभोर भएर उसले विश्वलाई विर्सिन्छ । तर उसले विश्व—चेतना र विश्वात्म भावलाई कहिल्यै विर्सिदैन । उसमा रहेको बहिर्मुखी नानात्व भावलाई सार्वलौकिक भावले भावावेश वनाइदिन्छ अनि उसलाई यो अनुभव हुंन थाल्दछकि विश्वाङ्कुरको प्रथमबीज म नै रहेछु । यो अनुग्रह भएपछि, ज्ञानको स्फुरण भएपछि उसलाई 'एकोऽहं बहु स्याम्' को उही पुनस्मृति हुन्छ । यस पछि उसले कर्म क्षेत्रमा ओर्लिएर जगत्, जन्मभूमि तथा जनता–जनार्दनको उत्थानले भ्याएसम्मको सेवा गर्दै यो बाँकी जिन्दगी बिताउंछ । सेवावृत्तिको परिमार्जन भएपछि आत्मशुध्दि हुन्छ । यसरी व्यष्टिगत परिधिवाट परिक्रमा गर्न पाउंदा स्वकेन्द्रित र सीमित—संकीर्ण सीमाको अतिक्रमणमा तर भएको आध्यात्मिक भावनाले ओत प्रोत मानवहृदय विश्वात्ममावको समष्टिगत केन्द्र बिन्दुमा पुगेर टक्कराउन थाल्दछ । त्यस पछि उसको भावुक हृदयमा "आत्मानं विध्दि" मित्रस्य चक्षुषा सर्वाणि भूतानि समीक्षे" "वसुधैव कुटुम्बकम्" आदिका दिव्य निनादहरूको सुमधुर तानमा मन—मयूर नाच्द थाल्दछ । मानस—पटलबाट स्वार्थान्धताको कुहिरो फाट्न सक्यो भने हृदयाकाशमा मानवताको अरुणोदय हुन्छ त्यतिखेर तीनहात बित्ते मान्छेको हृदयमा नारायणको निवास हुन्छ । मान्छेको आध्यात्मिक सन्नति भए पछि आखिरमा ऊ नर—नारायण हुन पुग्छ ।

तर बडो दुःखलाग्दो घटनाक्रम यो छ कि आजको भौतिकवादको लालसाले लपलपाएको जिब्रोले जिब्रो नररुधिर पिपासाप्रति लालायित छ । वर्तमान वैज्ञानिक उन्नति यति माथि आइसकेर पनि संसारका कुनाकुनामा दन्किरहेका समाराग्निहरु निभ्नुको सट्टा झन् दन्किदाछन् । कुरा गरेर साध्य नै भएन, अनगिन्ती मानिसहरू युध्दाग्निमा होमिदा छन । विज्ञानको जन्मदाता मान्छेको सर्वनाश भइसक्यो । शान्तिवार्ता चल्दो छ, लडाइँ चंकदो छ । काग कराउदैं छ, पीना सुक्तैछ भनेको यही हो । जतावतै भय, शंका, शोषण र अत्याचार बढ्दो छ । ध्वंसात्मक प्रवृत्ति, मानसिक दुर्वलता तथा नैतिक चारित्रिक पतन भइरहेकै छ । अकाल मृत्युको आशंकाले गर्दा मान्छेले परेला झिक्याउन्जेल संममा के पो हुने हो भन्ने भइसक्यो । परमाणुवमको टंकार र एट्जनको हुँकारले गर्दा दुनिया भर त्रास छ । यस्तो परिस्थिति कसरी आयो, सवै मौन छन् ! फेरि सवै साँचिलो भएर भन्दछन् "हामी युध्द होइन शान्ति चाहन्छौं" ।

व्यक्तिगत रूपले जसले जे चाहे पनि, सवैले चाहनु पर्ने चाहिं आध्यात्मिक विकास नै हो । किन भने "आध्यात्मिक उन्नति विना भौतिक विकास अधूरोछ" । अध्यात्मभावनाको विकासले नै मानवलाई सुखी शान्त तुल्याउन र सत्यं शिवं सुन्दरंको प्रतिष्ठा मानवजीवनमा गर्न सक्ने छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीराम

—हेमचन्द्र शर्मा पोखरेल

श्रीराम जयराम जय जय राम श्रीराम जय राम जयजय राम
श्रीराम जयराम जय जय राम श्रीराम जय राम जय जय राम ।

जति रटे पनि अरुको नाम, आखिरमा हो यौटै राम
धन सम्पति हो सब बेकाम, जप जप साथी रारूको नाम, जप जप० ॥

दुःखको सागर यो संसार, टुङ्गो न हुने वार न पार
आँधि भयङ्कर औ तूफान, शरण छ खाली रामको नाम, जप जप० ॥

बाइबल, गीता, धोक— कुरान, वेद उपनिषद् वा हेर पुराण
गर जप पूजा, पाठ र ध्यान, सार सबैको यौटा राम, जप जप० ॥

हाड र छाला मासु मिलाई, नौ ढोकाको शहर बनाई
माझ मुट्मा को हो छाम, 'म छु' म छु–भन्दछ गर पहिचान, जप जप० ॥

दश महिनाको गर्भको वास, जन्मिनु पर्दा खूब अत्यास
बाल्य अवस्था दुःख धुमधाम, फोहोर, मैला नर्क समान; जप जप० ॥

तरुण हुँदा पनि कामको वाण तरवार छ लिन खोज्दछ प्राण
मैं हुँ भन्ने अति अभिमान; तर तरुणीको दास–महान, जप जप० ॥

बढ्छ विषयका सुखको चाह, त्यसकै लागि गर्छ विवाह
सन्तति हुन्छन् बढ्दछ काम, शीतल खोज्दा भिल्दछ घाम, जप जप० ॥

बढ्दै जान्छन् रोग र शोक, थपिदै जान्छन् अरु कति थोक,
नून मुटुन्ले अतिहैरान, सहनू पर्दछ कति अपमान, जप जप० ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुइदिन सुखमा मक्ख पर्‍यो, दुःख पर्दा अनि थक्क गर्‍यो,
एक छिन गमकी गर अभिमान, आपद पर्दा हे भगवान्, जप जप० ॥

खोज्दछ जिब्रो मीठो स्वाद, स्वास्थ्य गराउंछ सब बरबाद,
छोडी सात्त्विकखाद्य तमाम, व्यर्थ नलेऊ अरुको ज्यान, जप जप० ॥

खोज्दछ आंखा रूप मधुर, पार्दछ ज्यादै मन आतुर
संमय नगरे नेत्रसमान, छैन विनाशक शत्रु महान् जप जप० ॥

लुब्धछ गानाहरूमा कान, छाडी श्रीहरिको गुणगान,
भद्दा फिल्मी धुनमा प्राण, यौवन सकिंदा सब बेकाम, जप जप ॥

कोमल सुमधर अङ्गलता, बाहुलताले करनउता
स्पर्शेन्द्रियको काम प्रधान, त्यो पनि व्यर्थै सुखको भान, जप जप ॥

सेन्ट पम्पिया तेल हरेक, नाक रुचाउंछ खुश्बु अनेक
त्यो पनि वृध्द भएर निदान, गरला कसरी सौख्य प्रदान, जप जप० ॥

पढिकन घेरै डिग्री लेऊ, अरू कन छेऊ पर्न न देऊ
मन्त्र सधैं जप, जय विज्ञान, ! आखिर काम दिने हो ज्ञान; जप जप० ॥

डाक्टर होऊ या कविराज, मन्त्री बन या बन अधिराज
हीरा, मोती, महल तमाम सपना सरि हो सब सुनसान, जप जप० ॥

सीरक डसना तकिया बेस, स्प्रीगदार छ खाट विशेष
जीवनको भो जब अवसान, ढुंगा तकिया, काठ ओछ्यान, जप जप० ॥

जोर्छु घडेरी, बारी, खेत, पाखा, परती, झाडिसमेत
भन्दा भन्दै पुग्छ मसान, चारहातको मात्र छ काम, जप जप ॥

सांझ पकायो सड्छ बिहान, त्यै खानामा रहने प्राण
शरीर कच्चा भो निर्माण, त्यसको केही छैन ठिकान, जप जप ॥

"प्राण पियारी ! छोड्दिन साथ, तिम्रै सेवक हूँ, दिनरात"
भन्दै जसको गर्छौं मान, त्यो पनि आखिर छुट्तछ जान, जप जप ॥

"अमृत जस्तो बोली बोली, मुसु मुसु हांसन लौ दिल खोली"
पण्डितको पनि मोह महान्, तिम्रो माया धन्य छ राम, जप जप ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्तै दुखमा केहि परोस्, छट्पटिंदै बरू कोहि मरोस्
आफ्नै छोरा छोरी समान, के छ र हा ! आश्चर्य महान्, जप जप० ॥

शास्त्र पढ्यौ कति कष्ट गरी, समय र पैसा नष्ट गरी,
कति कति त्यसले पायौ ज्ञान, काम छ खाली पाल्नु जहान, जप जप० ॥

मुखले भन्छौ जय जय राम, मनमा बस्छन् क्रोध र काम,
गर्छौ धान र धनको ध्यान, हुन्छौ जानी जानी अजान, जप जप० ॥

पाठ र पूजा सन्ध्या ध्यान, नाक थुनी गर प्राणायाम
गर्छौ लम्पट भै रसपान, आडम्बरको के छ र काम, जप जप० ॥

स्त्रीको संगमहो ऋतुकाल, अरूवेला हो मानौं काल
मानिस भैकन पशुको काम, भ्रमको होला के परिणाम ? जप जप० ॥

उन्नतिमा अति डाह गर्‍यो, दुःख पर्दा अपमान गर्‍यो,
आफ्नै दाजुभाइसमान, छैन कुनै पनि वैरी महान्, जप जप० ॥

धोती लगाई अनि पगरी, शिरमा चन्दनलेप गरी
भन्छौ, पावन पुण्य पुराण, तर त्यो भेटी तर्फ छ ध्यान, जप जप ॥

खाऔं पीऔं मोज उडाऔं, राम्रा गहना, वस्त्र लगाऔं
भन्दा भन्दै पर्छ ओछ्यान, अनि पो संम्झनु पर्ला राम, जप जप० ॥

सेताम्मे भै केश फुले, यौटै न रही दांत झरे
आंखा बन्द छ, बहिरो कान, कहिले भजने हो भगवान, जप जप० ॥

पाँच दियो अनि पन्ध्र लियो, नभए अति हैरान दियो
साक्षी बन्छन् सब बेइमान, सच्चा साक्षी भित्र छ राम, जप जप० ॥

जाडो गर्मी, भोक र प्यास, काम चटारो, सास न वास
तै पनि मुश्किल पाल्न जहान, कष्ट हुंदैमा जाने प्राण, जप जप० ॥

सिध्द महात्मा ज्ञानी होऊ, जस्तै गुणको खानी होऊ
छैन तिमीसंग कौडी दाम, कसले गर्दछ तिम्रो मान, जप जप० ॥

सावखै दाजू भाइ हवोस, अघिको प्यारो मित्र हवोस्
जब तक तिमीले दिन्छौ काम, उसले तिम्रो गर्दछ मान, जप जप० ॥

तिमीजस्ता अघि कत्ति थिए, फेरि पछी पनि कत्ति भए
छैन कसैको नाम निशान, तिम्रो पनि हो त्यै परिणाम, जप जप० ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आज तिमी छौ खूब सुखी, बन्छौ भोलि फेरि दुखी,
घुम्दछ सारा चक्र समान, अनि के गर्छौ व्यर्थ गुमान, जप जप० ॥

जब जीवात्मा गर्छ प्रयाण, कष्ट ठूलो दिइ छुटतछ प्राण
फुट्तछ यो ब्रह्माण्ड तमाम, बाँकी होला योटै राम, जप जप० ॥

अविरल शाश्वत मन अभिराम, शीतल शान्त अनन्त प्रकाम
अखण्ड सच्चित्सुखको धाम केवल दुइटा अक्षर राम, जप जप० ॥

तसर्थ गर्दा जे पनि काम, संझ निरन्तर रामको नाम
धन सम्पति हो स्वप्न समान, सत्य छ खालि रामको नाम, जप जप० ॥

श्रीराम जय राम, जय जय राम,
श्रीराम जय राम, जय जय राम;

सरल मोलमा उत्तम छपाईको लागि

संझनुहोस्

आनन्द-प्रेस

डिल्लीबजार, काठमाडौं
फो. नं. ११६२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२०२८ मा सम्पन्न परिचर्या कार्यक्रमको एक झलक

—चेतोनाथ शर्मा आचार्य

प्रशंसाको दृष्टिवाट विस्तृत रूपले धर्मको वर्णन गर्नुमा दशगुना महत्त्व रहन्छ भने सानो अंशमात्र भए पनि जीवनमा उतारेर त्यसलाई प्रयोगात्मक रूपमा ल्याइएको छ भने त्यसले शयौं गुनाको महत्त्व राख्तछ । मौखिक रूपमा कुनै वस्तुको सीमा छोएर प्रशंसा गर्नेको खाँचो उहिले पनि कम थिएन भने आज भोलिको त झन कुरै नगरे हुन्छ । भनाइको तात्पर्य हो धर्म एवं धार्मिक कृत्यहरू शव्दात्मक मात्र नभै तिनीहरुलाई जतिसक्यो त्यति प्रयोगात्मक रूपमै ल्याउनु आवश्यक कर्तव्य ठहरिन्छ ।

यही वस्तुतथ्यलाई ध्यानमा राखेर सनातन धर्म सेवा समितिले संचालन गरेका विभिन्न क्रिया कलापमा परिचर्या नामक कार्यक्रम पनि एक हो । यस कार्यक्रम अन्तर्गत शहरीक्षेत्रभन्दा बाहिर गएर केहीदिन बसी त्यहाँको शिक्षण संस्था वा ग्रामीण जीवनसित मेलमिलाप गरेर केही कुरा सिक्ने र सिकाउने लक्ष्य राखिएको छ । परिचर्याको मतलब हो ईशसेवा । जुन सेवा ईश्वरकै विभूति स्वरूप बालबालिका, दीन दुखी र बूढा बूढीलाई केही शिक्षा दिनु, उनीहरूको परीवाधा निराकरणका लागि शारीरिक वा वैचारिक मद्दत पुन्याउनु आदि कुरा द्वारा पूरा गर्न कोशिश गरिन्छ । किन भने सवै प्राणीमा दया गर्नु, यथालाभ वस्तुवाट सन्तुष्ट रहनु, इन्द्रियहरूलाई वशमा राख्नु यिनै त हुन् भगवान्लाई चाँडै खुशी पार्ने साधनहरूः– दयया सर्वभूतेषु संतुष्ट्या येन केन वा। सर्वेन्द्रियोपशान्त्या च तुष्यत्याशु जनार्दनः ।

हुनत यति थोरै दिनको सेवाले के पोभैहाल्ने होर ! भन्ने प्रश्न पनि उठ्न सक्छ तर केही पनि हुँदैन भनेर पनि कसरी भन्ने । आन्तरिक तृप्तिकै कुरा नहो ! मातृभूमिको कुनाकाप्चा चाहारेर ज्ञान र विचारको क्षेत्रमा कॉचाकचिला, मैलो रूप भएपनि निश्छल र निष्कपट भावनाका केटाकेटीलाई केही सिकाउन पाउंदा र त्यस्तासित खेल खेलेर केही क्षण विताउन पाउँदा जुन आनन्द आउँछ त्यो आनन्द सित कृत्रिम वातावरणले भरिएको शहरी क्षेत्रको देखावटी रमाइलो सित कसरी तुलना गर्न सकिन्छ र ? केटाकेटी मात्र हैनन् बूढा बूढीको स्थिति पनि कमशोचनीय पाइंदैन । कतै पारिवारिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिरस्कारले, कतै सामाजिक शोषणले र कतै भावनात्मक विचलनले समेत पीडित भएका हरूलाई पनि केही मद्दत पुऱ्याउन सकिन्छ। त्यतिमात्र नभएर सभ्यसमाज ठानिन आवश्यक भएको जुन शील र शऊर्त्यो खोज्न वा त्यसको यथार्थस्वरुप देख्न पनि यस्तै पाखा पखेरा घुम्नु पर्छ। यद्यपि त्यहाँ मात्रै यो छरिवरी पाइन्छ भन्ने कुरा त हैन तर कतै कतै भने यसको रुप सलक्कै देख्न पाइंछन् ग्रामीण क्षेत्रमा। त्यस्तो स्वरुप दर्शनसा कालो अक्षरको नाप तौलले कुनै बाधा पार्दैन।

अँ, भावनैभावनामा बहेर म अलि पर पुगें क्यार, अब फर्कन्छु आफ्नै गोरेटोमा। उक्तरूपले परिचर्याका लागि क्षेत्रको चयन गर्दा हामी ऐकमत्यमा पुग्यौ पाँचखाल र त्यसको निकटवर्ती ठाउँमा जान, किन भने हामीमध्ये धेरै जसोलाई पौपलागे पछि सीनपचासको छुट्टी हुने भएकोले पौपको दोश्रो हप्ता यो काममा जाने ठहर गरियो। जाने संख्या संभावना गरिएको थियो ५ देखि ७, तर जाने वेला ती दुवैको मध्यवर्ती संख्यामा हामी पुग्यौं अर्थात् ६ जना। सदस्य संख्याका लागि मात्र नभएर उमेरलाई पनि यो छ संख्याले हामीलाई गर्नुसम्म मद्दत गरेको थियो। किनभने हाम्रा मूर्धन्यसदस्य गुरु रोहिणीप्रसादको आकृति अगाडि सार्दा त्यही ६ लाई शून्य थपिदिए लगभग हुन आउने थियो भने अर्का कान्छा सदस्य श्रीप्रदीपनाथलाई नापतौल गर्दा त्यही ६ लाई चार दोब्बर रेग भेट्ला भेट्ला जस्तो हुने थियो। अरु जो बाँकी चाहिं तिनै दुइसंख्याको बीचमा अडिएका।

पौपको दोस्रो हप्ता, मध्यजाडो त छँदै थियो। बाटोको पनि सुविधै भएकोले आवश्यक सरसामान लिएर हामी जम्मा भयौं उही बागबजार स्थित बस विसौनीमा। १२ बजे तिर बसको गति शुरुभयो। बस विजुली अड्डाबाट लाग्यो भद्रकाली तिर। अरु हामी त ठिकै थियौं तर गुरु रोहिणीप्रसाद भने अलि सल वलाए जस्तो देखिनु भयो। कारण के होला भन्ने जिज्ञासामै हामी थियौं। भद्रकाली पुगेपछि कारण स्पष्ट गर्दै गुरुले भन्नु भयो 'पुरानै बाटो चल्ने हिसावले गुन्टा मैले वानेश्वरमै छोडेको थिएँ तर वस यतावाट आइदियो।' भद्रकाली उताको पेट्रोल पम्पमा थोरै वेर रोकिएको बेला चालकसित अनुरोध पनि गऱ्यौं तर नयाँ बाटो नै जाने ठहर सुनियो। माइतीघर निर पुगे पछि गुरु ओर्लिनु भयो अर्को खेपमा आउने आज्ञा दिएर। हामी अलि सशङ्कित भयौं, एक्लै कसरी आउने होला भनेर। तर उहाँले भन्नु भयो केही धन्दा मान्नु पर्दैन, म आनन्दसित आउँछु।' आकृति र ज्ञान दुवैले वृद्धवशिष्ठ जस्ता देखिने गुरुको वचन नपत्याउने त कुरै थिएन। केही वेरको सान्निध्य छुट्ने भयो यति मात्र कुरा हो। यसपछि चाइनिज विशेषज्ञहरूको निपुणता र श्रमको संयुक्तरुपले तयार भएको नयाँ बाटोमा बस कुद्यो वेतोडको गतिले। यो नयाँ बाटोबाट वसको यात्रा शायद हामी सवैको यही नै सर्व प्रथम हो। वनेपा पुगेर केही वेरका लागि बस रोकियो। त्यहाँ चहुतरफ बग्रल्ल तर्कारी देखेर अगाडिको आवश्यकताले सचेत गरायो। अनि केशवजी र मैले केही तर्कारी किन्यौं र फेरि चढ्यौं अगाडि। धुलीखेल नाघेपछि देखिने पहाडी दृश्यले प्रकृतिको खुला स्वरूप आँखाबाट गुज्रदै गयो। हाम्रो दलका तीन जना जति सदस्य त यस भेगमा आउँदै नआएका पनि भएकोले आउँने चाहिं भन्दै गयौं यो भुवर्कोटको डांडो, त्यो पलाञ्चोकको पहाड, तीन पीप्ले यो, आदि आदि। चिना पर्चाकै सिलसिलामा बस पाँच खाल चौकी अगाडि पुगि सकेछ, अनि आफू ओर्लने र मालसामान उतार्ने काम गरे पछि विचार उठ्यो अब पहिले कता जाने। यो अन्य मनस्कको स्थिति धेरै वेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहेन। केशवजीले भन्नु भयो जहाँ विद्यामन्दिर छ पहिले त्यहीं जाने। अनि हामो एक एक ओटा सामान लिएर पश्चिमतिर लाग्यौं, जोरपाटी स्थित श्रीसर्व मङ्गला हाईस्कूलतिर। मूलसडकबाट विद्यालय नजीकै होला भनेको तर हामीले ठाने भन्दा अलि परै रहेछ। परिचयको लागि पहिलो अवसर संझेर खेमराज 'केशव' शरण ले भन्नु भयो यस किसिमको अपरिचित ठाउँमा उहिले उति गइएको थिएन, [redacted]। यस्तै कुरा चल्दै थियो, अगाडिबाट एक जना परिचित जस्ता सज्जन आउन लागे जस्तो लाग्यो। एकछिनमा निश्चय भयो परिचित नै व्यक्ति हुनुहुँदोरहेछ, अनि मैले केशव शरणजीलाई भने हाम्रो परिचिय गराउने व्यक्ति भेटिइ हाल्यो नि, 'को'? केशवजीले भन्नु भयो, मैले देखाउँदै भने उक्या! 'कताबाट यो अपूर्वदर्शन' भन्दै कृष्णप्रसाद खतिवडाज्यू हाँस्दै अगाड़ि आइपुग्नु भयो। हामीले आफ्नो लक्ष्य बतायौं परिचर्याका लागि आएका भनेर। त्यसपछि कृष्ण प्रसादज्यूले आफ्नो कार्यक्रमरद्द गरेर हाम्रै मद्दतमा लाग्नु भयो। हामीलाई पनि परिचयको आधारले ढुक्कपार्‍यो, अनि सबै भएर गयौं विद्यालयमा। पाँचखाल उपत्यकालाई हराभरा बनाउँदै बग्ने झिँगुखोलाको निकट वर्ती थलोमा दुइटा पाटी रहेछन्। यस किसिमका पाटी पौवा घाट आदि बनाएर जनसेवामा अर्पित गर्ने नेपालीको पुरानो आस्थालाई व्यक्त गर्नें अधवैंशे यी पाटी मूकशब्दमा भनि रहेका थिए देख्दा देख्दै कस्तो जवाना आयोनि। अबत हाड खोर जोगाएर उभिन पनि गाह्रो पर्‍यो, जसलाई घास पानीबाट सुरक्षित पारेर बासदिन्छौं उही लथा लिङ्ग पारेर हिंड्न खोज्छ, किनकि यो आर्थिक युगरे!

यिनै प्रहरी पाटीको अगाडि अवस्थित छ श्री सर्वमङ्गला हाईस्कूल। अबोध बालकहरूलाई प्रबुध्द पारेर आँखा देखाउने भएकोले त्यस अंशमा यसको मङ्गलकारकनाम सार्थक भए पनि आफ्नो आकृतिमा भने यसले मङ्गल दायक रूप लिन सकेको रहेनछ। हामी सबै कार्यालयमा जम्मा भयौं, प्रधानाध्यापकज्यू भने काम विशेषले शहरतिर आउनुभएको रहेछ। अरू शिक्षक वृन्द र केही छात्र समुदाय संग पनि भेटघाट भयो। खतिवड़ाजीले चिने जतिको परिचय दिनु भयो, कतिको परिचय हामी आफैंले पनि दियौं। यो ठाउँ वातावरणको दृष्टिले त मधेश जस्तो थियो, यस विद्यालयमा काम गर्ने शिक्षक पनि हामीले राजविराज र जनकपुर जस्ता मधेश क्षेत्रका युवक बन्धुहरूलाई पायौं। केही बेरको कुराकानी पछि धेरै जसो क्षेत्रमा पाइने भवनको असुविधा, शिक्षकहरूको कमी, फर्निचरको अभाव जस्ता कुरा यहाँ पनि पाइयो। त्यसोभए पनि त्योक्षेत्र विकाशको क्षेत्र अन्तर्गत परेकोले पैसाको कमी नभै समुचित व्यवस्था मात्र हुन नसकेको कुरा खतिवडाज्यूले बताउनु भयो। विद्यालयको थलोबाट वरिपरिको वस्ती अलिपरै भएपनि सबैको माफ पर्ने भएकोले यस क्षेत्रलाई बिन्दु क्षेत्र वा थलो भन्न सुहाउँछ।

यही भेटघाटमा हामीले आफ्नो कार्य सूची पनि स्पष्ट गर्‍यौं। यो कार्यसूची यौटा विद्यार्थी क्षेत्रसित सम्बद्ध थियो भने अर्को सर्वसाधारण प्रौढसित। विद्यार्थी वर्गसितको कार्य पध्दति पनि थियो दुइ भागमा विभाजित, एक मनोरञ्जन र अर्को प्रवचन। वार्षिक परीक्षा भरखर नै भएको र कतिपयले टेस्ट पास गरेकोले उपस्थितिको संख्या अलिकम हुने बेला परेछ। तैपनि उपस्थितिको गणनालाई त्यति ख्याल नगरी आफ्नो सेवा अर्पण गर्ने प्रस्ताव राख्यौं शिक्षक बन्धुहरूले सहर्ष स्वीकृति दिनु भयो।

कार्यक्रमको प्रस्तावपछि रहने स्थानको प्रबन्धका लागि पनि खतिवड़ाज्यूले स्थानीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्यकर्ता श्री लुमड़ीजीलाई कार्यभार सुम्पनु भयो। एक जना सज्जनको खालिरहेको घरमा बस्न सिल्ने आश्वासन मिल्यो। यति कुरा सकेर हामी विद्यालयवाट अगाडिको चहुरमा निस्केका मात्र थियौं, हाम्रा छूट हुनु भएका अर्को सदस्य श्री रोहिणीप्रसाद गुरु पनि एक जना सहयोगीलाई गुन्टा वोकाएर हाँस्दै आइ पुग्नु भयो। हामी अलि पुरानै भइसकेकाले खतिवडा सहित सवैले उहाँको स्वागत गऱ्यौं, अब हाम्रो परिचर्यादल पनि पूराभयो। यस पूर्णताले पुलकित भएका हामीलाई केही गरिहालौं भन्ने उत्कण्ठा न वढेको हैन, तर सूर्य भगवान्‌ले त्यो दिनको अन्तिम स्थितिमा पुगेर भन्नुभयो–हडवड नगर आजलाई यत्ति। आज्ञा उल्लङघन गर्न हामीले सकेनौ। सवैको उपस्थितिलाई गोलाकार पारेर केशवशरणज्यूले मातृ वन्दना गाउँदै जानु भयो 'नेपाल जननीं वन्दे'। हामी पनि भन्दै गयौं 'नेपाल जननीं वन्दे' अस्तोन्मुख सूर्यको लाल किरणले रञ्जित झिगुखोलाको कलकलदान ढुङ्गामा ठक्कर खाएर भन्दै गयो 'नेपाल जननीं वन्दे' ती सवको स्वरलाई प्रतिध्वनितपार्दै वरि-परिका पर्वतले पनि भने 'नेपाल जननीं वन्दे'...। यसपछि विद्यार्थी वन्धुहरूले हाम्रो मालसामान निवास स्थान सम्म पुऱ्याउन मद्दत गरिदिए। यौटा सानो कुटियामा हामी थान्को लाग्यौं। खतिवडा र लुमडीजीले साथ छोड्नु भएको थिएन, यसपछि मुखले भन्ने कुरा र कामले गर्ने कुरा समेतमा पूरै सहयोग गरेर खतिवडा र लुमडीजीले आवश्यक सरसामान जुटाइदिनु भयो। भान्छाको अधिकारी वन्ने मौका दलीय सदस्य वालकृष्णजीले छोप्नु भयो भने तलको टाक्टुक्के काममा वेल वहादुरजीले। यसरी समाजको सेवा गर्न तम्सेका हामीलाई आ-आफ्नो पेटले पनि सेवा नगराइछाडेन। जे होस, त्यहाँको सेवामय अवस्थामा मिलेको तृप्ति कति स्वादिलो र सुगन्धि थियो।

भोलिपल्ट विहान प्रातःकृत्य सकेर सूर्योदय हुँदा संयुक्त रूपमा निस्क्यौं। यति वेलाको कार्य-क्रम थियो प्रातः प्रार्थना। पुसको महिना, प्रभात कालिक सूर्यकिरणले भूस्पर्श मात्र गरेको थियो। 'ईशावास्यमिदं सर्वम्' वाट शुरु गरेर प्रार्थनाको मङ्गलमय गान गर्दै प्रभातफेरी शुरु भयो। वाटो नजीक घर पर्ने ग्रामीणव्यक्ति कोही भयालवाट त कोही ढोकावाट, अर्कोथरी आंगन वाट र झन् अर्कोथरी पानीको गाग्रो लिएर हामीलाई हेर्थे। यसरी प्रार्थनाको पहिलो चरण सकेर अर्को चरणमा सर्ववोधगम्य रामधून हुन्थ्यो 'रघुपति राघव राजाराम'। यो धून चाहिं आफू मात्र नभएर वाटोमा भेटिने वाल वृद्ध सवैलाई उच्चारण गराउन प्रेरणा गर्थ्यौं। यस किसिमले प्रार्थना कै सिलसिलामा हामीउक्ल्यौ पाँचखालको तल्लो थुम्को र माथिल्लो थुम्को सम्म। रातो माटे को थुं‌को रूखहरू नभएकोले नांगिदै गएको देखिन्थ्यो। माथि पुगेपछि यस वारे गुरु रोहिणीप्रसादले केही चर्चा चलाउनु भयो। हामी नारा त लगाउँछौं 'हरियो वन नेपालको धन' तर नारा अनुसार काम भने एक छेउ पनि गर्न सकेकाछैनौं। यसरी पहाडी भाग नाङ्गो हुँदै गयो भने वर्षातको पानीले माटोजति वगा-उँछ, यस किसिमको स्थितिवाट हामी उर्वरक माटोवाट वञ्चित हुन्छौं र पहाडी भाग अनुत्पादक कंकाल मात्र वाँकी रहनेछ। यो सामान्य भौगो-लिक कुराको उद्‌गारपछि नामोच्चारणकै क्रममा तल ओर्लियौं। हाम्रो डेरा नजीकै वालकदेखि वयस्क सम्मको एक डफ्फा खोपी खेल्नमा मग्न थियो। तिनीहरूलाई सचेत पार्दै केशव शरण जीले भन्नु भयो 'ए भाइ हो ? यौटा सानो कुरा गरौं है, एक छिन पखत, खेल्दै गरौंलानि!, एक छिन प्रेमले भनत 'रघुपति राघव राजा राम पतित पावन सीताराम'। खोपी खाले सदस्यहरू कतिपयले नामोच्चारणमा भाग लिए पनि कतिपय चाहिं जिल्ल परे, अर्को थरी झिच्च।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उक्त किसिमले प्रभातफेरीसकेर हामी खाने तरखरमा लाग्यौं। भान्छाको काम कसैले सह्याल्यौ भने ठीकठाकको कसैले। यसरी परिश्रमसाथ तयार भएको खाना हुनसम्म मीठो हुन्थ्यो। खाना सकेकामात्र के थियौं कृष्ण प्रसाद खतिवडाजी आइपुग्नु भयो। उहाँ विशेष गरेर पुरातत्त्वविद् भएकोले त्यसैसम्बन्धमा कुरा चल्यो। सिन्धुपाल्चोक र काभ्रे पलाञ्चोक जिल्लामा भेटिएका पुरातात्विक वस्तुहरूको उपलब्धि र भौगोलिक स्थितिको अध्ययनगर्दा यहाँ पाण्डवहरूले गुप्त वास वसेको, विराटको राजधानीरहेको, मन्त्र द्रष्टा ऋषिहरूको साधनाभूमि भएको कुरा उहाँले वताउनुभयो। भाषा र व्याकरण बारे पनि प्रा. रोहिणी प्रसादजी र खतिवडाजीको निकै वेर कुरा भए।

खानापछिको आराम गरेर त्यस दिनको विशेष कार्यक्रमको लागि तयार भैसकेकोले पुरातात्त्विक वहसलाई थान्को लगाउनु पर्ने जरूरत पऱ्यो। अनि लुगा लगाएर हामी निस्क्यौं, स्थानीय सज्जनहरूकासाथ सत्सङ्गमा भागलिन। अनुरोध त निकैलाई गरिएको हो तर पनि कृषक समाज सारै ठूलो संख्यामात उपस्थित हुन सकेन। संख्या सानै भएपनि सत्सङ्गको विषयनिकै गहिरिएर गयो। एक जना सज्जनले प्रश्न गर्नु भयो 'सनातन धर्म भनेको के हो?' यही प्रसङ्गमा आत्मज्ञानको कुरा उठ्यो' अनि शङ्का प्रस्तुत भयो आत्मा, बुद्धि मन इन्द्रियदेखि विल्कुल अलग छ भने त्यो अज्ञानावृत हुने स्थिति कसरी आयो। यसलाई उदाहरण र शास्त्रीय प्रमाणद्वारा मैले समाधान गर्ने प्रयत्न गरें। प्रश्नकर्तात निकै गहिरो विचारमा पुगि सक्नु भएको रहेछ। यस पछि केशव शरणजीले आफ्नो सरस प्रवचन प्रस्तुतगर्दैसार प्रस्तुत गर्नु भयो आफू सुखीहुन चाहनेले अरुलाई सुख दिन सक्नुपर्छ।

४ वजेतिर शुरु भएको सत्सङ्ग साढे पाँचमा समाप्त भयो। भोलिपल्ट विद्यार्थीवर्ग संगको कार्यक्रमलाई दिनको पूर्वार्धमा सम्पन्न गर्ने आग्रह सुनाएर हामी लाग्यौं डेरा तर्फ। डेरामा पुगेपछि फेरि अर्को अभियान शुरु भयो। स्थानीय वृद्ध महिला, बालक विद्यार्थी र प्रौढ समेत अनेक प्रश्न र जिज्ञासा लिएर डेरामा भरिए। कतिपयको जिज्ञासा पौराणिक थियो भने कतिपयको धार्मिक, कोहीको व्यावहारिक थियो र कसैको पारमार्थिक। यस्ता शंका समाधानमा विशेष गरेर गुरु रोहिणी प्रसाद र केशवशरणजीले भागलिनु हुन्थ्यो। वेला मौका हामी पनि सहयोग गर्थ्यौं। यति वेलाको समाधानमा हाम्रा युवक वन्धु प्रदीपनाथजीले पनि भागलिनु भयो, वुझिवक्सियो आमा! अथवा हजूर! उहाँको अन्तिम वाक्य हुन्थ्यो। यो दिनको खाना पनि हामीले पालै पालोसित खायौं जिज्ञासापूर्तिलाई अविच्छिन्नै राखेर।

६ गते विहान पनि उक्तरूपले निजी कार्यक्रम सकी हामी विद्यालयमा गयौं। आजको हाम्रो कार्यक्रम विद्यार्थीसित संवद्ध थियो। केशवजीले मनोरञ्जनको रूपमा नेता चून्ने, नमस्ते गर्ने, जस्ता खेल शुरु गराउनु भयो। यसपछिको प्रार्थना पनि त्यत्तिकै हृदयस्पर्शी थियो। सबको दिलमा ईश्वर वस्छन् दिव्य दृष्टिले भेटिन्छन्' आदि आदि। शिक्षाको अन्त्यमा केशवजीले छात्र वृन्दसित पाँच कुरालाई सधैं पालन गर्ने आग्रह गर्नु भयो, अर्थात झूटो न बोल्नु; वाबुआमा; गुरुले भनेको मान्नु, क्रिया (शपथ) न खानु, चुरोट-तमाखु जस्ता अम्बल नगर्नु, ईश्वरलाई न विर्सनु। उपसंहारको रूपमा गुरु रोहिणीप्रसादले सरल भाषामा ईश्वर भनेका वाबु आमा हुन् उनीहरूको आज्ञापालन र सेवा गर्नाले ईश्वर खुशी हुन्छन् भन्नुभयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी विद्यालयको छात्र-कार्यक्रमलाई रोचकता-साथ प्रस्तुत गरेपछि यहाँको परिचर्या यत्तिमै पूरा गरेर स्थानान्तरित हुने विचार अनुसार जो भएको माल सामान अगाडि लगाएर उकालो लाग्यौं हामी हुक्सेबजार तिर ।

पलाञ्चोक भगवती पुग्न १ घण्टाजति उकालो बाँकीरहने ठाउँमा विद्यमान माथिल्लो हुक्से कृष्णप्रणामी धर्मावलम्बीहरूको वस्ती भएको थलो हो । यहाँ प्रणामीहरूको एक मन्दिर पनि छ जसको सञ्चालनका लागि केही जग्गाजमीन गूठीरूपमा राखिएको छ । मन्दिर र गूठीघर पनि भएकोले यहीं डेरागर्नु हामीलाई उचित लाग्यो । अर्कोकुरा प्रणामी मतमा प्रचलित निरामिष आहार, राधाकृष्णको उपासना जस्ता कुरा हाम्रो लागि पनि अभीष्ट नै थिए । त्यसै भएर यहाँ रहँदा आज भोलिको पौष्टिक खाद्य मानिने कुखुरा र सुंगुर जस्ताको संसर्ग कत्ति देखापरेन । यति हुँदाहुँदै पनि यहाँको निवास हाम्रा लागि झण्डै विराट कहां पाण्डवको गुप्तवास जस्तो रूपमा बित्यो भन्नु अत्युक्ति नहोला । अतिथिसत्कार प्रणामी मतमा पनि उत्तिकै मान्य भएकोले त्यहाँ हामीले वास मात्र हैन किन्तु गॅस समेत पनि उनीहरूकै सौजन्यवाट पायौं । तर बानी लागेका हाम्रा मुखमा राम वा शिवको नाम पनि स्वाभाविक रूपमा आउँथे, उक्त पन्थमा भने राधा र कृष्ण सिवाय अरूको नाम लिनु अभीष्ट मानिदोरहेन छ । कृष्णलाई त्यसरी मान्ने भएर पनि कृष्णकै अमरवाणी गीता यस पन्थमा किन मान्य नभएको हो बुझ्न सकिएन । प्रणामी धर्माव-लम्बीहरू एक अर्कालाई 'साथी' शब्दले व्यवहार गर्दछन् र अभिवादन गर्दा प्रणाम शब्द उच्चारण गर्छन् । पूजा पनि यस सम्प्र-दायमा राधा कृष्णको मूर्तिमा हैन किन्तु उनी-हरूको आभूषणमा हुनेरहेछ, स्वपन्थीमा छ्वाछूतको भेदभाव पनि त्यस्तो रहेनछ ।

प्रणामी मतमा राधाकृष्ण शिवाय अरु मन्दिरमा जानु उचित मानिंदैन । भोलिपल्ट १० गतेको दिन अष्टमीको दिन परेकोले पलाञ्चोक भगवतीको दर्शन गर्नु हाम्रा लागि आवश्यक थियो, त्यसैले विहानै प्रातःकृत्य सकी प्रदीपजी एकजनालाई प्रणामी मन्दिरमानै छाडेर हामी अरू ५ जना लाग्यौं उकालो । शायद श्री प्रदीपजीले हुक्से पुग्दाको उकालो चढाईवाटै हरेस खाइसक्नु भयो थियो कि अथवा अरु कुनै कारणले हो उहाँले थप उकालोचढाई त्यति रुचाउनु भएन । यसको अर्थ यो उकालो निकै कठिनको छ भन्ने कुरा हैन, यसलाई त झण्डै तेर्सेर गएको बाटो भने पनि हुन्छ । दखिनतिर लामो मैदानखेत, उत्तरी भागमा आकर्षक हिमालय र अरू पहाडी भाग, पूर्वी भागमा दोलालघाट पर्ने पलाञ्चोक पहाड दृश्यको दृष्टिले अतिनै रमणीय छ । यस ठाउँमा सवभन्दा असुविधा पर्ने कुरा छ पानी । पहाडको पूर्वी भागमा सुनकोशी वगेको छ तर माथिल्लो भाग सुखापहाडको शिरोभागमा पर्ने देवी मन्दिर विशालता र सौन्दर्यको दृष्टिले त्यति उत्कृष्ट न भएपनि अष्टादशभुजा भगवतीको महिषमर्दिनी–मूर्ति भने कला र सौन्दर्यको दृष्टिले अतिनै उत्कृष्ट छ । यद्यपि हामीहरूमध्ये त्यस्तो कलाको पारखी त कोही थिएन तर पनि लिच्छवि कालको मूर्तिकलासित समताराख्ने डेढहात जति अग्लाइ भएको महिषमर्दिनीमूर्ति अतिनै आकर्षक देखियो । मूर्तिसामू पुगेपछि आन्तरिक हृदयदेखि उम्लेर आएकोभावना सामूहिक स्वरमा शब्दात्मक रूपले प्रस्फुटित भयो 'नमन्त्रं नोयन्त्रं तदपि च नजाने स्तुतिमहो' आदि।१५-२० मिनेटकोसमय स्तुतिमा बिताएपछि दर्शन र प्रसाद ग्रहण गरेर हामी निकै सन्तुष्टिको अनु-भव गर्ने वाला थियौं तर अफसोस यौटा नियति सकिएको भालेले हामी सितै सहयोग मागेजस्तो गरी खड्गीको हातमा रहेर हुन सम्मको करुण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुकार गर्‍यो। त्यो करुणपुकार सुनेर पनि निर्दयी जस्ता भएर हामी एकातिर पन्छिनु सिवाय केही गर्न सक्ने स्थितिमा थिएनौ, तर पनि धर्मको नाममा यस्ता हत्या पवित्र मन्दिरमा नभए कतिराम्रो हुन्थ्यो ! मनले ठान्यो ।

धर्म र संस्कृतिको दृष्टिले यस्तो महत्त्वराख्ने थलोको अवस्था भने हुनसम्म लाज मर्दो देखियो । धर्मप्राण श्रद्धालुहरूले मूर्तिमान गराएका वरिपरिका सत्तल धराशायी भएर सिनोलुछन जाइलाग्ने गिद्धजस्ता देखिन्थे । सागपसलेले मणिको मूल्य थाहा नपाए झैं प्राचीनशिलापत्र हीनअवस्थामा माटोमा दबिएको थियो । मन्दिर सम्म यथाकथञ्चित् अडिएको यस ठाउँको जीर्णोध्दारका लागि गूठीसंस्थान जस्ता संबध्द क्षेत्रले यथाशीघ्र सहायता पुर्‍याउन आवश्यक देखिन्छ ।

दर्शनपछि केही जनसमूह भेलाहुन सके धार्मिक प्रवचन चलाउने विचारमा पनि हामी थियौं तर कृषक बहुल ठाउँमा त्यस्तो कुरा पनि चाँडै हुने देखिएन । इच्छा हुदाहुँदै पनि पलाञ्चोक हाईस्कूलमा शनिवार भएकोले जान पाइएन । उक्त सब कुराबाट बाँधिएका हामी पूजाहारी काहाँ सामान्य पेटपूजा गरेर फेरि उही प्रणामी घरमा ओर्लियौं ।

परिचर्यालाई लक्ष्यगरेर गएका हामी वादीप्रतिवादीको उजुरी सुन्ने न्यायाधीश पनि भयौं । विषयवस्तु थियो प्रणामी मन्दिरकै आयस्ताको। श्रध्दालु सज्जनले त्यागपूर्वक स्थापना गरेको यस मन्दिरको पूजाआजा र चाडपर्व मनाउन आवश्यक खर्चवर्चका लागि राखिएको जग्गा जमीनको आय व्यक्तिगत हितका लागि अमुकले प्रयोग गरेकोले आइन्दा यस्तो नहोस् भन्ने स्थानीय आवाजलाई दुवैपक्ष राखेर सुल्झाउन सकभर कोशिश गर्‍यौं । तर यस्ता कुरालाई सँम्झाइ बुझाई नगर्न अनुरोध गर्नु सिवाय अर्को बाटो हाम्रो थिएन । कुनै दुष्कर्ममा हात हाली सकेकाले त्यस किसिमको संम्झाईबाट मात्र चित्त बुझाउन गह्रारै पर्ने रहेछ । त्यसो भएपनि धेरैले आन्तरिक पीडाको रूपमा अनुभव गरेको यस अतिक्रमणलाई सुल्झाउन सक्तो प्रयास गर्‍यौं, तर सुल्झिने नसुल्झिने कुरा चाहिं अगाडिको व्यवहारले देखाउनेछ ।

यस पालीको परिचर्यालाई पाँचदिनमा पूरा गर्ने कार्यक्रम अनुसार हामी गएका थियौं त्यसैले ११ गते त अन्तिमदिन थियो विदा हुने भनौं या फर्कने दिन विहानै देखि सहृदयी प्रणामी बन्धुहरूको उपस्थिति थियो मन्दिरमा। विहानको खानाका लागि पनि उनीहरूबाटै सहयोग मिल्यो विभिन्न रूपमा । यी सब सहयोगको प्रतिसहयोग भगवानकै पाउमा केही द्रव्य अर्पणगर्नु सिवाय अरू थोक हामीले गर्न सकेनौं । हाम्रो सरसामान मूल सडकसम्म ल्याउने मान्छे पनि उनीहरूले नै खोजी दिए। हिड्ने बेलासम्म पनि उनीहरूको असन्तोष व्यक्तिगत नभएर यही मन्दिरमा हुन गएको अव्यवस्थालाई व्यक्त गर्ने थियो । यसबाट थाहा हुन्थ्यो "स्वदत्तां परदत्तां वा यो हरेच्च वसुन्धराम् । षष्ठिवर्षसहस्राणि विष्टायां जायते कृमिः" अर्थात् आफू होस वा अरूले दान गरेको जग्गाजमीन व्यक्तिगत हितमा लगाउने व्यक्ति ६० हजार वर्षसम्म विष्टाको कीरा भएर रहन्छ भन्ने निषेध प्रतिदिन क्षीण हुँदै गएको छ; यसलाई सामाजिक ह्रास भन्ने वा विकास ! २०२८ सालको परिचर्या कार्यक्रमलाई उक्त रूपले पूरा गरेर हामी फर्किंदै थियौं । तल्लो होक्से बजारको प्राइमरी स्कूल बाटामै पर्‍यो । सेवाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मौका नचुकाउने विचारले त्यहाँका बालकबालिकहरूलाई भेला गरेर केशव शरणजीले प्रार्थना र केही चरित्र निर्माण सम्बन्धी विचारहरू सुनाउनु भयो। "नेपालमाताको जय" को सामूहिक स्वरमा सम्पन्न भएको सो कार्यक्रम हाम्रो यस पालिको अन्तिम परिचर्या थियो। यस पछि आइ पुग्यौं पाँचखाल प्रहरी चौकी अगाडि। बानी नपरेकालाई अलि असजिलो र संकोच लाग्ने सेवाकार्यलाई खुशीसाथ पूरा गर्ने रहर भरका हामीलाई यत्तिकैमा यो सेवा पूरा गर्नु पर्‍यो। तर साक्षी अन्तरात्माले भने यसलाई अझ विशद र प्रभावकारी रूपमा बढाउँदै लैजान प्रेरणादिएको छ; हेरौं अगाडि प्रभुको इच्छा केकेहुन्छ। 'करोमि यद्यत् सकलं परस्मै नारायणायेति समर्पयामि।'

२०२६, नयाँ वर्षका लागि

संचय प्रेसको

मंगल कामना

❀ सुन्दर, शुद्ध, सस्तो र शीघ्र छपाईका लागि संचय प्रेस
संचय प्रेस, देवपत्तन, पशुपति काठमाडौं
फोन : १२७६२

❀ संचय [नेपाली डाइजेष्ट] यसै प्रेसमा छापिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानव जीवनको दुर्लभता

—हरिप्रसाद पौडेल

मानव एउटा महत्त्वपूर्ण प्राणी हो । किनभने अरूप्राणी भन्दा मानवमा विचार गर्ने शक्ति छ । त्यही विचार शक्तिले नै मानिस र अरू साधारण प्राणीमा भेद देखाएको छ र अरू मानिस पशुहरू पनि सबैजसो कुरामा एक देखिन्छन्, आहार, निद्रा, भय र मैथुन अर्थात् सबै पशुहरु र मानिस यी चारै कुरामा लट्ठछन् तर मानिसमा विचारशक्ति अर्थात् सत्-असत् छुट्याउने शक्ति छ । त्यही शक्ति नै उसको महत्व पूर्ण चीज हो । चाहे जुनसुकै दृष्टिकोणबाट हेरे पनि मानिस एउटा अनमोल रत्न हो भन्नमा कुनै अत्युक्ति हुनेछैन यदि उसले आफूलाइ अनमोल रत्न समान जान्यो भने उसले किन अधोगतिमा पुऱ्याउला ? गीतामा भगवान् श्रीकृष्ण भन्न् हुन्छ ।

उध्द्रेदात्मनात्मानं नात्मानमवसादयेत् ।
आमैव ह्यात्मनो बन्धुः रात्मैव रिपुरात्मन ॥

अर्थात मानिसले आफ्नो आत्मालाई उध्दार गरोस्, आफ्नो आत्मालाई अधोगतिमा नपुऱ्याओस् किनकि यो जीवात्मा आफैं आफ्नो मित्र र आफैं आफ्नो शत्रु हो ।

उपर्युक्त श्लोक अध्ययन गरेर हामी यही भन्न सक्छौं कि आफ्नोउध्दार हामी आफैंले गर्नु पर्छ । हामी आफ्नो मित्र आफै रहेछौं ।

त्यसकारण हामीले आफ्नो जीवनलाई पूर्ण संयमी बनाउन पर्छ । हामीले आफ्नो जीवन-लाई संयमी बनायौ भने यो जीवनमा मोक्ष अर्थात् निर्वाणपद प्राप्त गर्नेछौं ।

जुनसुकै धर्मग्रन्थ केलाएर हेरे पनि हामी यही पाउंछौं कि मनुष्य जीवन मुस्किलले मिल्दछ. यस्तो मुस्किल संग मिल्ने जीवनमा पनि उसले आफूलाइ चिन्दैन भने उसमा र अरू पशुहरूमा क्यै फरक हुंदैन, त्यसकारण भगवान् वुध्द भन्नुहुन्छ ।

किच्छो मनुस्स पटीलाभो किच्छं मच्चानं जीवितं ।
किच्छं सध्दम्म सवणं किच्छो वुध्दानं उप्पादो ॥

अर्थात मनुष्य जन्म मुस्किलले मिल्छ । मनुष्य जीवन मुस्किलले बन्दछ । सध्दर्म सुश्र मुस्किलसंग मिल्छ । त्यसकारण मानव जीवन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बहुत दुर्लभ छ। यस्तो महत्वपूर्ण जीवन पाएर पनि जो काम-भोगमा आसक्त हुन्छन्, ती आफैं आफुमा कुठाराघात गर्छन्।

त्यसकारण हामीले आफुलाई अहिल्यै देखि संयमी बनायौं भने हाम्रो जीवन सार्थक भयो। होइन भने माछाविनाको रित्तो तलाउमा वृध्द रहने वकुलाको जस्तै हाम्रो बुढेसकाल पनि त्यै पश्चात्ताप गर्नु पर्ने हुन्छ।

भगवान् महावीर यही आशयको श्लोक भन्नुहुन्छ।

जरा जाव न पीडेइ,
वाहो जाव न वडढइ।
जाइ दिया न हापंति,
ताव धम्म समाचरे ॥

—महावीर वाणी कामभोग सुत्त।

अर्थात् जब तक बुढ्याईं सताउदैन; जब तक व्याधिहरू बढदैनन् जबतक इन्द्रियहरू अशक्त हुदैनन् तबतक धर्मको आचरण गर्नु पर्छ, पछि केहीपनि हुँदैन।

उपर्युक्त कुरा विचार गर्दा पनि हामीले आफ्नो जीवनलाई आजैदेखि संयममार्गमा अग्रसर गर्नु पर्छ। यो पानीको बुदबुद समान हाम्रो जीवनको केही ठेगान छैन आज छ भोलि छैन।

★

सस्तो, राम्रो, मीठो, ताजा र विशुद्ध

खानाको निमित्त

आम्रपाली रेष्टुराँ

सधैं स्वागत गर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो किन ?

– ऋषिराम पोखरेल

आज विश्वमा नयाँ नयाँ कुराको आविष्कार दिनानुदिन बढ्दै गएको छ । मानिस भूमण्डलमा बसेर नभोमण्डल ग्रहमण्डलमा सम्म नयाँ नयाँ प्रयोग गर्दैछ । युग युग अगीका दन्त्यकथा, कल्पना जल्पना देखि लिएर वेद, पुराण, अवेस्ता, वाइविल, जातक र कुरान सम्मका सारा कुरा प्रयोगको कसीमा जाँच्दैछ । प्रयोगवाट सिध्द भएका कुरालाई मान्दैछ । प्रमाणित नहुनेलाई हटाउंदै छ । पुराना मान्यतालाई घटाउंदैछ । नयाँ मान्यतालाई बढाउंदैछ । भैं भित्र भैंमाथि, जल भित्र, जलमाथी, अन्तरिक्ष भित्र र अन्तरिक्षमाथि चहार्दैछ । मान्छेका गिदीमथिङ्गलले भ्याएसम्म सबै थोक गर्दैछ । अणु-शक्तिको सौजन्यले अणु अणुको खोजी-नीति गर्दैछ । यो सबै कुरा भएर, गरेर, भोगेर, देखेर, पाएर पनि के के गर्दैछ । अझ कति कति हुन, गर्न, देख्न वा पाउनवांकी नै छ । त्यो सबै भविष्यकै गर्भमा छ ।

तर आजको यो सम्पन्नता भित्र बसेको मानव – जगत्‌लाई सधैं यौटा चिन्ताले सताएको छ । यौटा प्रश्नले सधैं सधैं समाधान पाएको छैन—त्यो प्रश्न; समस्या र असन्तोपको स्वरूप हो "यस्तो किन ?"

हो, मान्छे भित्र आजको वैज्ञानिकसम्पन्नता भरिएको छ । अझ भन्ने हो भने भौतिक सम्पन्नता आजको मान्छे भित्र अटाएको छैन । तैपनि यौटा असन्तोपले के विघ्न सताएको हो, राम्ररी खुट्याउन आजको मानव-जगत् साह्रै चिन्तितछ । धेरै खाए – पाए पछि गुड (सखर वा असल) पनि तीतो हुन्छ । यो उखान भित्र कुन्नि के जादू लुकेको रहेछ । आजको मान्छेले एकमतले यसलाई चरितार्थ वनाएको छ । साराका सारा मानिस आज असन्तुष्ट देखिन्छन् । भौतिक – सम्पन्नता भित्र पिल्सएको आजको मान्छे "हिप्पी" बनेर असन्तोष देखाउंदैछ । भौतिक असम्पन्नताको मार खाएको मान्छे त्यसै उसै पनि असन्तुष्ट छ । सर्वत्र असन्तोपै असन्तोपको अशान्तिले छाएको छ । तैपनि त्यसैलाई मान्छेले सन्तोपको साधन सम्झेर अल्मलिई रहेको छ । आफ्नो कामले आफैं चिढिएको छ, आफ्नै मूर्ख-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ताले मात्र हैन विद्वत्ताले पनि आजको मान्छेलाई चिढाएको छ । विचलित गराएको छ । यसैले मान्छे भन्दैछ—यो सब कसरी भयो ? । मैले त यस्तो चाहे गरेको थिइन—यस्तोकिन ? ।

फेरी पनि उही प्रश्न अगाडी उभिन्छ । कवि लेखक लेख्न थाल्छन । यौटा न यौटा विघ्न आउंछ । उही प्रश्न बोकेर । अनि उनीहरूको एकाग्रता भङ्ग हुन्छ र च्यांठ्ठिएर भन्छन्—यस्तो किन ? । अर्को तिर बन्द-व्यापारी आफ्नो मुराद नपुगेको देखेर हैरान भएर भन्छ—म सँग सबै थोक छ । सबै मेरो राम्रो चाहन्छन् । तैपनि मैले भने जस्तो भएन—यस्तो किन ? । विद्यार्थी भन्छन्-मेहनत गरियो, किताब पढियो, गुरुसंग राम्रै सम्वन्ध छ । तैपनि सफल भैएन । कुरो किन भने जस्तो भएन—यस्तो किन ? । गुरुहरूको ठीक यही अवस्था छ । कक्षामा पढाएकै छन् । गेस पनि दिएकै छन् । ट्यूसन पनि लिएकै छन् । जांचपनि गरेकै छन् । छात्र–छात्रालाई पनि चिनेकै छन् । तैपनि उनीहरू असन्तुष्टहुँदै भन्छन्· यस्तो किन ? । पत्रकारहरू अर्कातिर सधैं फलाक्छन्—फलानोले गरेको यो भएन त्यो भएन—यस्तो किन ? । एकतिर सम्पादकलाई पत्र आउंछ—यस्तो किन ? उता, पञ्च वा जन प्रतिनिधि भन्छन–हामीहरूले काम गरेकै छौं । भाषण—भीषण दिएकै छौं । योजना वनाएकै छौं आफुले गर्ने र हुने सम्म गरेकै छौं । तैपनि यस्तो किन ? ।

सचिवालय अड्डा—अदालततिर त यो असन्तोषले झन् उग्ररूप लिएको छ । उनीहरू वातैपिच्छे भन्छन् एक छिन हात मुख खाली छैन । सधैं जोतिएकै छौं । तैपनि यस्तो किन? । झगडियाहरू भन्छन्-कति धाउनु, कति हातको संयल माड्नु । सधैं तारेख लिएकै छौं । तैपनि घर न घाटका भएकै छौं । यस्तो किन ? । समाजका भद्र भलाद्मीहरू अर्कातिर कुर्लन्छन् हामीहरुले मान मर्यादा राखेकै छौं । देशाचार कुलाचार सबै थामेकै छौं । कसरी अमर्यादित उच्छृङ्खलताले जरो गाड्यो । हैन, किन यस्तो भएको हो ? । उतातिर मजदूर र मील मालिकहरूको स्थिति उस्तै छ । मजदूर काम गर्दैछन् । मील मालिक मजूरी दिंदैछन् । मालको उत्पादन बृद्धि हुंदोछ । तैपनि वस्तु महंगै छ, माग अपुरै छ । व्यापारी छैन भन्छन् । मील-मालिक मालै गएन भन्छन् । मजदूर मजूरी पुगेन भन्छन् । सबका सब असन्तुष्टै छन–यस्तो किन ? ।

यता, यातायातको यहीदशा छ । बस, ट्रक, लहरी, जीप, ट्याक्सी, (सवारी र सरकारी मोटरहरू पनि) प्रशस्तैछन् । चलि रहेकै छन् । यात्रीको आवत जावत भएकै छ । तैपनि त्यहाँ उही असन्तोषछ । बसलाई लस परेकै छ । कन्डक्टरलाई सासफेर्न मुस्किल परेकै छ । यात्रीलाई बस पाउन मुस्किलै छ । सबले यौटै प्रश्न गर्छन् । यस्तो किन ? । एकातिर अस्पतालको संख्या बढ्दो छ । बिरामीको बृध्दि दोब्बर हुँदो छ । डाक्टरको संख्या बढदो छ । नयाँ नयाँ औषधीहरू आविष्कृत हुंदा छन् । तर रोग चाहीं झन् झन् बढ्दैछ नयाँ नयाँ रोगले सताचँदो छ । अनि रोग, रोगी, डाक्टर–अस्पताल र औषधी एकै स्वरमा भन्छन्–यस्तो किन ? । सार्वजनिक स्थान, पाटी-पौवाहरू प्रशस्त छन् । तर ती दाताको इच्छाविपरीत चलेका छन, या त दाताका सन्तान दर-सन्तानहरूले आफ्नै प्रयोगमा ल्याएका छन् भने कुनै चाहीं बलियाको खेती भैरहेका छन् । यो सब तमासा देख्दा भन्न सकसक लाग्छ—यस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किन ? । यो त भयो हाम्रो आफ्नै देशको-(हुन त अरू देशमा पनि यस्तै चाला छ) सम्पन्नताभित्र उब्जेको—यस्तो किन ? ।

यसैगरी विश्वका तमाम राष्ट्र आफु आफुमैं रोगाएका छन् । त्यतिमात्र हैन, एक राष्ट्रले अर्को-लाई दवाउन र त्यसमा आफ्नो अनावश्यक प्रभुता जमाउन पनि प्रतिद्वन्दिता छ । सं० रा० संघ जस्तो विश्व संस्था भएर पनि विश्वका राष्ट्र राष्ट्रमा खीचा तानी उत्तिकै बढ्दोछ । अनि उही असन्तोष ध्वनित हुन्छ…… ।

यी सबै क्षेत्रबाट उठेको यौटै साझा प्रश्न "यस्तो किन ?" को यौटै समाधान आजको युगलाई सुहाउँदो रूपमा देखापर्दछ । त्यो हो प्रत्येक मानवले आफ्नो कर्तव्य-पालन राम्ररी गर्नु पर्‍यो । कर्तव्य-पालनमा केही कसर बांकी रहेर नै यो अशान्तिको यद्वा असन्तोषको लहर उठेको छ । "आ—आफ्नो कर्तव्य पूर्ण गरेसा नै मानवले सफलता र सन्तोष पाउंछ" गीताको सारांश पनि यही नै भन्छ ।

वास्तवमा, आजको मान्छे आफुमानै परि-पूर्णता पाउन खोज्छ । प्रत्यक्षप्रमाण भन्दा अरूको वास्ता र विश्वास गर्दैन । जसको फल-स्वरूप अविश्वास र दोष-दृष्टिले मानव मानवमा फाटो ल्याएको छ । एकातिर भोको मानवको आर्तनाद छ अर्कोतिर रम खाएर नङ्गा नाच हेर्नेको रमझम छ । अनि भोकाहरूलाई भैंमा राखेर चन्द्रचोकको दौडछ । यो सबैको निरा-करणको उपाय हो आफु भन्दा कुनै अदृष्ट शक्ति यद्वा ईश्वरीय सत्ताको मान्यता दिनु । यसो भएमा मानव आफु जति सुकै शक्तिसम्पन्न भए पनि आफु भन्दा माथिल्लो अप्रत्यक्ष शक्ति (ईश्वर) को डरले सत्कार्य वा कर्तव्य परायण-तामा जोड दिन्छ । अनि त "यस्तो किन ?" भन्ने प्रश्न आफैं समाधान पाउँछ । विश्वलाई सधैं ज्ञान-विज्ञानको सङ्गम-स्थल बन्ने सौभाग्य मिल्छ । । अस्तु ॥

हुलाक टिकट

नेपाली रद्दी हुलाक टिकट (प्रयोगमा ल्याइ सकेको) कुनै महानुभावले खरीद बिक्री गर्नु छ भने तलको ठेगानामा सम्पर्क राख्नु होला ।

डिल्लीबजार (टुकुचानीर)
काठमाडौं, नेपाल ।
फो. नं: ११६२५

कुल भक्त श्रेष्ठ
"आनन्द प्रेस"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



श्री रामनवमी प्रवचन समारोहमा प्रमुख अतिथि सम्मान्य प्रधान न्यायाधीश श्री रत्नबहादुर बिष्टज्यू एवं संमान्य रा. प्र. प्र. का कुलपति श्री केदारमान व्यथितज्यूमा माल्यार्पण भईरहेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पादकीय

आफ्ना उत्थानोन्मुख प्रयासहरूमा राष्ट्रले आज जुनकुराको सर्वाधिक बल दिएर याचना गरिरहेछ, त्यो हो सद्‌भावना, सेवा र सहयोगमा आधारित चरित्रप्राण जीवन—निष्ठा। जबसम्म व्यक्ति व्यक्तिमा 'म भन्दा माथि राष्ट्र छ र म सदा त्यसकै समुत्थानमा सरीक भएर नै आफ्नो समुत्थानमा अगि बढ्न सक्तछु" भन्ने उत्सर्गशील भावना जागरित हुँदैन तबसम्म राष्ट्रको लागि आवश्यक जन—सम्बल प्राप्त हुन सक्तैन । जहाँ जन—जीवन नै त्यसरी राष्ट्रोन्मुख समर्पणभाव लिएर खडा हुन सक्तैन त्यहाँ राष्ट्रिय अभ्युन्नतिमा चाहिने उत्साह र कर्मशक्तिको संयोजन हुनसक्ने कुनै आशा रहन्न। त्यसैले समाजमा आज प्राण फुक्नुपरेको छ. युगबोधलाई जगाउनु परेको छ । प्रत्येक व्यक्ति व्यष्टि—मानव नरहोस्, समष्टिमानव बन्न सकोस्, त्यस्तो भावना विकसित तुल्याउनु छ । अर्थात् व्यक्तिले यो संझिन सकोस् कि "म मैमा अपूर्ण छु, त्यसैले ईश्वरीय प्रतीक बनेर खडा रहेको समाज नै मेरो पूर्णताको द्योतक हो र समाजप्रति समर्पित भएर नै महान्; महत्तर र महत्तम बन्न सक्तछु।" यस स्वस्थ चिन्तनलाई आज जीवनमा दृढतासाथ प्रतिष्ठा दिनु छ।

उपर्युक्त भावनात्मक क्रान्तिको लागि धर्मका पावन सन्देशहरूले हामीलाई प्रशस्त आधारहरू दिन सक्त छन् । वैदिक धर्मले व्यक्तिलाई राष्ट्रवादद्वारा समष्टिसमर्पित तुल्याउने र अध्यात्म भावनाद्वारा जीवनका समस्त उदात्तताहरूलाई प्रस्फुटित पार्ने जुन दरिलो र भरिलो उत्थान मार्ग बताएको छ, त्यसको अनुसरणले आजको व्यक्तिस्वार्थमा विभाजित जर्जर समाजरचनाबाट माथि उठ्न र राष्ट्रिय-आकांक्षा अनुरूप सर्वाङ्गीण विकासको दिशामा अगि बढ्न बल मिल्ने छ । हाम्रो धर्मले हामीलाई यही भन्दै आएको छ – "समाजसेवालाई ईश्वरीय सेवाकै अनिवार्य अङ्ग मान, आफुलाई बढीभन्दा बढी समाजकल्याणप्रति समर्थित तुल्याउ, पल्लवित होउ, फैल, बढ तिमीबाट समाजलाई प्रत्यक्ष रूपमा केही प्राप्त भइरहेको सिध्द हुन सकोस् ।" आज समाजको प्रत्येक अङ्गमा यस सार-सन्देशलाई पुर्‍याउनु परेको छ आज व्यक्तिव्यक्तिमा यस निश्छल सेवाभावनालाई विकसित तुल्याउनु छ। आजको स्थितिमा यो मृतसंजीवन बन्ने छ।

जसले कल्याण र समृद्धिको लागि गरिने यावत् प्रार्थनाहरूमा 'म' को ठाउँमा 'हामी' भन्नमा गौरव मान्दछ, जसले एकवचनको ठाउँमा बहुवचन ल्याएर 'सर्वे भवन्तु सुखिनः, भन्दै सबैको सामूहिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समुत्थानको निमित्त जगदीश्वरलाई गुहार्छ त्यो पवित्र धर्म-सन्देशलाई हामी चिन्न र बुझ्नसकौं, अनि त्यसै अनुरूप त्यसलाई आफ्नो व्यवहारमा परिणत पनि गरौं यसैबाट हामी उँभो लाग्नेछौं समाज सुदृढ बन्ने छ राष्ट्रले खोजेको कुरा पाउने छ ।

सनातनधर्म सेवासमिति यस दिव्य भावनाको विकास गर्ने दिशामा एक दुई कदममात्र भए पनि अगि बढ्दै रहने उम्मीद आफ्नो स्थापनाकालदेखि नै गर्छे अनुसार राख्तै आएको छ । यस दिशामा प्राप्त हुने सन्तुष्टिलाई नै समिति आफ्नो सफलता मान्दछ । समितिका सबै कार्यकलापहरू यसै पवित्र लक्ष्यद्वारा अभिप्रेरित छन् । समिति चाहन्छ सहयोग, सद्भावना र आशीर्वाद । आज यस पवित्रतम ध्येयतिर अगि बढ्नमा सेवाका एक दुइ कणहरू नै वितरण गरेर भए पनि यसले प्रयास गरिरहेछ । यसको निमित्त आज समाजका प्रत्येक पक्षबाट सहयोग र सद्भावको अजस्त्र स्रोत बहाउनु परेकोछ ।

आज विश्वमानवकै समस्या बनिरहेको र हाम्रो लागि अझ चर्को रूपमा अनुभव भइरहेको समस्या छ समाजबाट अन्याय, अधर्म र शोषणको निर्मूलन । यसको लागि हामीले ज्यादै गहिरिएर सोच्नु छ । यसको अमोघ उपायको रूपमा सोच्ता हामीले निश्चय नै गुणात्मक पक्ष तिर बल दिनु परेको छ । व्यवहारमा प्रकट भइसक्ने अन्याय, अधर्म र शोषणलाई कोसेर वा त्यसको लागि निषेधात्मक उपाय गरेर मात्र हामो स्थायी समाधानमा पुग्न सक्ने छैनौं । त्यसको निमित्त यी विकृतिहरूको उत्पत्ति-स्थानमा नै संशोधन ल्याइनु आवश्यक छ र यो संभव छ मानवको विचारकेन्द्रमा नै परिष्कार ल्याएर । जीवनप्रतिको आस्था, त्यसको पवित्रताप्रतिको श्रध्दा र समाजसंगसंगै गांसिएर निरन्तर त्यसको सुख दुःखको निदान बन्न पुग्ने आफ्नो अस्तित्वको सार्थकताप्रति अदम्य विश्वासबाटै व्यक्तिलाई ब्युंझाउन र जीवनको उज्ज्वल पक्षलाई पुष्ट पार्न संभव हुन्छ । निश्चय नै यो बाटो लामो छ, तर पनि हामीले धैर्यसाथ स्वस्थ समाज निर्माणको यस आधारलाई पुष्ट तुल्याउने दिशामा क्रियाशील रहनु छ । हामी शिष्टाचार-लाई प्रतिष्ठा दिंदै जाऔं भ्रष्टाचार आफैं समाप्त हुनेछ । हामी प्रकाशलाई फैलाउँदै रहौं त अन्धकार आफैं विलीन बन्दै जानेछ । विश्वको शिरताज बनेर अमर संस्कृतिको लागि पोषण दिंदै आएको एशियाको यस पावन हृदयलाई आफ्नो राष्ट्र मानेर अगि बढ्न पाउने हामी कम भाग्यशाली छैनौं । आज यस शिवदेशलाई प्रत्येक दृष्टिबाट सम्पन्न, सुन्दर र उत्तरोत्तर उत्कर्षशील बनाउने काममा हामी सबैले आफुलाई उत्सर्ग गरिदिनु परेको छ । आज हाम्रो यही परम धर्म हुनेछ । यस पवित्र नयाँ वर्षले हामीसबैलाई यस राष्ट्र-निर्माणक्रममा उत्साहसाथ अगि बढ्न प्रेरित गर्न सकोस् राष्ट्रदेव श्रीपशुपति-नाथसमक्ष यही हार्दिक प्रार्थना छ ।

अन्तमा आफ्नो सीमित आयस्रोतबाट येनकेन लडखडाउदै चल्ने प्रयास गरिरहेको समितिद्वारा पारिश्रमिकको कुनै व्यवस्था मिलाउन नसकेको यो अवस्थामा पनि धर्म र अध्यात्मप्रतिको आफ्नो पवित्र आस्थावश धर्मसन्देशलाई रचना दिई अमूल्य सहयोग गर्नुहुने हाम्रा आदरणीय विद्वान लेखक महानुभावहरूप्रति सधन्यवाद कृतज्ञता ज्ञापन गर्न चाहन्छौं ।

⊛

जय धर्म ! जय नेपाल !!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री सनातन धर्म सेवा समितिको २०२७ साल श्रावण १ गते देखि २०२८ साल आषाढ मसान्त सम्मको आय-व्ययको विवरण (आर्थिक वर्ष २०२७।२८)

आम्दानी-

१.	गत वर्षको मौज्दात —		१२,९९८।२३
	क बैंक मौज्दात —	१२,८६२।-	
	ख नगद मौज्दात —	१३६।-२३	
२.	अन्चलाधीश कार्यालयबाट —		३००।-
३.	विभिन्न सदस्यहरूबाट सदस्यता शुल्क —		२,११६।-
४.	नेपाल बैंकबाट ब्याज प्राप्त —		२३६।-
५.	श्री ५ को सरकार, शिक्षा विभागबाट आ. स. —		६,०००।-
		जम्मा:-	२१,६५०।२३

खर्च-

१.	कर्मचारीहरूलाई पारिश्रमिक तथा ज्याला —		८५८।५०
२.	संचार तथा छपाई —		४,४८९।४९
३.	परिवहन तथा भाडा —		६४५।९४
४.	मसलन्द —		७४९।०१
५.	उत्सव तथा समारोह —		१,१२१।०७
६.	विजुली महसूल —		८४।२६
७.	विविध खर्च भैपरि आउने —		१३३।०६
८.	मालसामान खरिद —		३८३।२५
९.	प्रचार तथा प्रसार —		२२२।६०
१०.	निधन छात्रलाई सहायता —		१६।७५
११.	मौज्दात बाँकी		१२,९४६।३०
	क बैंक मौज्दात —	१२,७५१।-	
	ख नगद मौज्दात —	१९५।३०	
		जम्मा:-	२१,६५०।२३

दीर्घराज कोइराला	खेमराज केशवशरण	श्री उदयशंकर गिरि
कोषाध्यक्ष	सचिव	रजिष्टर्ड अडिटर अनररी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिन्दूधर्मको-महत्ता,

धर्म र समाजको सम्वन्ध,

हाम्रो उत्थान प्रयत्न र धर्म

जस्ता

सामायिक धर्मचिन्तनहरूको लागि

पढ्नुहोस्

देशको एकमात्र भरपर्दो धार्मिक

पत्रिका

धर्म–सन्देश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

DHARMA-SANDESH

(The Message of Eternal Truth)

P. Y. I | The Rama Navami Festival & New Year | No. 1

2029 (1972)

Editor:-
Khemraj Keshava Sharana

Editorial Board:-
Prof. Chetonath Acharya
Prof. Rishi Ram Pokhrel
Mr. Pradeep Nath Sharma

Publisher:-

Sanatana Dharma Seva Samiti,

Bhadrakali, Kathmandu, Nepal.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"The gift of knowledge is far higher than that of food and clothes. It is even higher than giving life to a man, because, the real life of man consists of knowledge."

—Swami Vivekananda

Trust is vitrue. It is weakness that creates distrust.

—Mahatma Gandhi

"The way to have a happy life is to be busy in doing what you like all the time having no time, left to consider whether you are happy or not."

—G. Bernard Shaw

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

A Day with Shree Shivapuri Baba

Prof. Renu Lal Singh

Kartik 3o, 2004 V. E. (Saturday)

About fourty days had passed since God blessed me with the opportunity to sit at the feet of my Teacher, the greatest man or God I have so far been privileged to come across in this life. He struck me, if you woun't mind as the Sovereign of the universe, the Supreme Lord of creation and the Beyond, as everybody's real Self As the Mother of Sri Aurobindo Ashram puts it, this is a spontaneous knowledge in the psychic' or faith as most benignly proffered to me by the Absolute Truth. For this I can never make a proper compensation to It.

I had been trying to live the Right Life taught by Him according to my understanding. But the failures had been many and this day I spoke about them to Gurudeva. He said, "The troubles you have been suffering from these days are just like the cryings of a child for the first time put into a school. The child has all along been playing of its own sweet will. So, does not like the hard routine of studies which it has to follow at school. Your mind has all along been having its own free course in other ways than the Right Life. Hence, naturally, it does not take your new view of life with anything like pleasure."

When I expressed concern about the state of the country and the world, Baba said, "To-day there is chaos everywhere, chaos in the intellectual field, chaos in the mental field and chaos in the intuitional field.''

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'Sir, what is wrong with me ?" I asked. Baba said, "You don't know the right duties or the truth about life. The truth is that you must maintain your body and also realise the Highest Possible Good. For the maintenance of your body, you have to do several duties, duties to your family, to your society, to your king and to your nation. But, as far as possible, these should be minimised. Then, to realise the Highest Good, you have to meditate on the Truth behind yourself and the universe for as long as possible. These are the only works you should do. All other works should be regarded as either useless or harmful."

R: Sir, when we see God or Truth ?

G: You see, if you want to see your king, you have to send in your name and have to wait for hours sometimes. Sometimes, you may not be allowed to see him even then. For seeing God, you may have to wait for years since God is the Ruler of the entire universe. Of course, those who can have special favours may see Him sooner also, just as in the case of an ordinary king. But God will not show special favours to you unless keep your mind, intellect and soul inproper order just as a king will not shower favours on an officer who has failed to discharge faithfully the duties allotted to him.

R: What, Sir, should we do if we want to realise God in this very life ?

G: You must minimise even your personal duties and devote the maximum possible time to meditation on God. Those who devote only half their time to God-worship and the other half to other worldly duties can see Him only in the next life. Those who devote only a little time to God-worship and the rest of their time to worldly activities can hope to see Him only after many lives.

I told Baba that Swami Rama Tirtha seemed to have reached a state of perfect happiness. His reply was, "The happiness which Rama Tirtha or many other Sadhus said is to have enjoyed was transient. It is being enjoyed by everybody including the farmers here. How happy they become by drinking their Raksi (wine) ! We should take nothing for granted. We should critically analyse everything."

When I expressed to Gurudeva my fear that my wife might not be helpful in living the Right Life, He said, "If even animals can be tamed

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

and controlled, why not human beings ? Everybody has got the desire to better his or her life. Only one should know the knack."

R: Does God hear our prayers ?

G: Yes, God hears every prayer of ours. But it should be always reasonable. This granted, we can demand everything of God and He will consider it. This You don't know but Realised Souls do.

